# कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**हरिभक्त उपाध्याय**

शैक्षिक सत्र २०६३-२०६५
त्रि.वि. दर्ता नं. १३८३६-९४
क्याम्पस रोल नं. ५४/०६३

**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



वि.सं. २०६९/सन् २०१२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र हरिभक्त उपाध्यायले **कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९ मङ्सिर ११


**डा. कुलप्रसाद ढुङ्गाना**

सहप्राध्यापक

त्रिभुवन विश्वविद्यालय

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि सम्बन्धित व्यक्ति, व्यक्तिसँगको सोधपुछ र पुस्तकालयीय अध्ययन गरी तयार पारेको हुँ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो कार्य व्यस्तताबाट पनि समय निकालेर समयको पावन्दीमा रही समुचित सुझाव र सल्लाह दिएर उपयुक्त सन्देश दिनुहुने शोध निर्देशक सहप्राध्यापक डा. कुलप्रसाद ढुङ्गानाप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु नेपाली विभागीय प्रमुख प्राध्यापक डा. नारायणप्रसाद खनालप्रति म कृतज्ञ छु । अनुसन्धानकै क्रममा मलाई आवश्यक सामग्री जुटाउन सोधपुछका लागि आफ्नो कार्यव्यस्ततामा पनि अमूल्य समय दिएर तथा लिखित सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने शोधनायक श्री कोमलदत्त तिवारी र उहाँका सम्पूर्ण परिवारप्रति म कृतज्ञ छु । अन्तर्वार्ताका क्रममा कत्तिपनि झर्को नमानी आफ्नो अमूल्य समय दिएर उदारताका साथ सहयोग गर्नुहुने विद्वज्जनप्रति म आभारी छु । सदैव हौसला एवं प्रेरणा दिई सहयोग गर्नुहुने मेरा सहयोगी मित्र नारायणप्रसाद काफ्लेप्रति पनि म कृतज्ञ छु । यसै गरी क्याम्पसका प्राध्यापक, उपप्राध्यापक, नेपाली विभागका अन्य गुरुवर्गहरू, प्रशासन क्षेत्रका शिवप्रसाद पोखरेल एवं विजयराज पण्डितप्रति पनि आभार व्यक्त गर्दछु ।

शोधको क्रममा मलाई आवश्यक सहयोग गर्ने घरायसी झन्झटबाट मुक्त रहन समय, अध्ययन, अध्यापन र वातावरण तयार पारिदिने तथा आवश्यक सामग्री सङ्कलन गर्न सहयोग गर्ने श्रीमती ज्ञानशीला उपाध्याय, छोराहरू गोपालभक्त र कृष्ण अधिकारीप्रति धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र समयमै टङ्कन गरी सहयोग गर्ने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेलप्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु । अन्त्यमा **कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

मिति : २०६९ मङ्सिर ११

.................................

**हरिभक्त उपाध्याय**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दहरू

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रूपहरू यसप्रकार छन्-

| | |
|---|---|
| एम.ए. | मास्टर अफ आर्टस |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| छै.सं. | छैठौं संस्करण |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ते.सं. | तेस्रो संस्करण |
| दो.सं. | दोसो संस्करण |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बा.सं. | बाह्रौं संस्करण |
| बि.ए. | ब्याचलर अफ आर्ट्स |
| बि.एड्. | ब्याचलर इन एजुकेशन |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# विषय सूची

## परिच्छेद : एक
## शोधपरिचय


१. विषय परिचय १
१.२ समस्याकथन २
१.३ शोधकार्यका उद्देश्यहरू २
१.४ पूर्वकार्यको विवरण र समीक्षा २
१.५ शोधको औचित्य र महत्त्व ४
१.६ शोधको क्षेत्र र सीमा ४
१.७ शोधविधि र सामग्री सङ्कलन पद्धति ४
    १.७.१ शोधविधि ४
    १.७.२ सामग्री सङ्कलन पद्धति ५
१.८ सैद्धान्तिक ढाँचा ५
१.९ शोधपत्रको रूपरेखा ५


## परिच्छेद : दुई
## कोमलदत्त तिवारीको जीवनीको अध्ययन


२.१ विषय प्रवेश ७
२.२ वंशपरम्परा र जन्म ८
२.३ बाल्यकाल र शिक्षादीक्षा ८
२.४ वैवाहिक तथा पारिवारिक स्थिति ९
२.५ आर्थिक अवस्था र पेसा १०
२.६ सेवा ११
२.७ लेखनमा प्रेरणा र प्रभाव १२
२.८ दिनचर्या १३
२.९. धार्मिक अवस्था १४
२.१० रुचि तथा स्वभाव १६
२.११ भ्रमण १७

२.१२ साहित्यिक मान्यता र जीवनदर्शन १७
२.१३ सङ्घ-संस्थासँगको आबद्धता १८
२.१४ मान पदवी र पुरस्कार १९
२.१६ सारांश २०

## परिच्छेद : तीन

## कोमलदत्त तिवारीको व्यक्तित्व

३.१ पृष्ठभूमि २२
३.२ बाह्य व्यक्तित्व २३
३.३ आन्तरिक व्यक्तित्व २३
३.३.१ साहित्यिक व्यक्तित्व २४
३.३.१.१ कवि व्यक्तित्व २५
३.३.१.२ लेखकीय व्यक्तित्व २७
३.३.१.३ साहित्येतर व्यक्तित्व २८
३.३.१.४ समाजसेवी व्यक्तित्व २९
३.३.१.५ आध्यात्मिक व्यक्तित्व २९
३.३.१.६ सारांश ३१

## परिच्छेद : चार

## कोमलदत्त तिवारीको साहित्य यात्रा र पुस्तकाकार कृतिको अध्ययन

४.१ नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन र उनको साहित्य यात्रा ३३
४.१.१ नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन ३३
४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव ३४
४.१.३ लेखनको आरम्भ ३४
४.१.४ कोमलदत्त तिवारीको साहित्य यात्रा ३६
४.१.५ कोमलदत्त तिवारीको साहित्यिक प्रवृत्ति ३९
४.१.६ समष्टि प्रवृत्ति एवम् योगदान ३९
४.१.७ सारांश ४०
४.२ कोमलदत्त तिवारीका पुस्तकाकार कृतिहरूको अध्ययन ४१

४.२.१ शिक्षाको महत्त्व नाटकको अध्ययन ४१
४.२.१.१ विषय परिचय ४१
४.२.१.२ नाटकको परिचय ४२
४.२.१.३ नेपाली नाटकको पृष्ठभूमिमा शिक्षाको महत्त्व ४३
४.२.१.४ सैद्धान्तिक पृष्ठभूमिमा नाटक र यसका तत्त्वहरू ४४
४.२.१.५ कथावस्तुका दृष्टिमा शिक्षाको महत्त्व नाटक ४७
४.२.१.६ नेपाली नाटक साहित्यमा कोमलदत्त तिवारीको स्थान ४९
४.२.१.७ सारांश ५०
४.२.२ ज्ञानमाधुरी कविताको अध्यपन ५१
४.२.२.१ शीर्षक परिचय ५१
४.२.२.२ संरचना ५१
४.२.२.३ विषयवस्तु ५२
४.२.२.४ भाव विधान ५५
४.२.२.५ भाषाशैली ५५
४.२.२.६ जीवनदृष्टि ५७
४.२.२.७ लय विधान र दृष्टिविन्दु ५७
४.२.२.७.१ लय विधान ५७
४.२.२.७.२ दृष्टिविन्दु ६०
४.२.२.८ छन्द, रस र अलङ्कार ६१
४.२.२.८.१ छन्द ६१
४.२.२.८.२ रस ६२
४.२.२.८.३ अलङ्कार ६४
४.२.२.९ बिम्ब र प्रतीक ६५
४.२.२.१० सारांश ६६
४.२.३ मनको निवेदन कविताको अध्ययन ६७
४.२.३.१ शीर्षक ६७
४.२.३.२ संरचना ६८
४.२.३.३ विषयवस्तु ६९
४.२.३.४ भाव विधान ७०

४.२.३.५ भाषाशैली ७१
४.२.३.६ जीवनदृष्टि ७२
४.२.३.७ लय विधान र दृष्टिविन्दु ७३
४.२.३.७.१ लय विधान ७४
४.२.३.७.२ दृष्टिविन्दु ७५
४.२.३.८ छन्द, रस र अलङ्कार ७६
४.२.३.८.१ छन्द ७६
४.२.३.८.२ रस ७७
४.२.३.८.३ अलङ्कार ७८
४.२.३.९ बिम्ब र प्रतीक ७९
४.२.३.१० सारांश ८०
४.२.४ आफ्नो, स्थिति आफै ठम्याऊ ८१
४.२.४.१ शीर्षक ८१
४.२.४.२ संरचना ८२
४.२.४.३ विषयवस्तु ८३
४.२.४.४ भाव विधान ८४
४.२.४.५ भाषाशैली ८५
४.२.४.६ जीवन दृष्टि ८६
४.२.४.७ लय विधान र दृष्टिविन्दु ८७
४.२.४.७.१ लय विधान ८७
४.२.४.७.२ दृष्टिविन्दु ८८
४.२.४.८ रस, छन्द र अलङ्कार ८९
४.२.४.८.१ छन्द ८९
४.२.४.८.२ रस र अलङ्कार ८९
४.२.४.९ बिम्ब र प्रतीक ९०
४.२.४.१० सारांश ९१
४.२.५ ज्ञानोपदेश कवितासङ्ग्रहको अध्ययन ९२
४.२.५.१ शीर्षक ९२
४.२.५.१ विषयवस्तु ९२

४.२.५.३ भावविधान ९३

४.२.५.३ भाषाशैली ९४

४.२.५.४ छन्द ९५

४.२.५.५ रस ९५

४.२.५.६ अलङ्कार ९६

४.२.५.७ सारांश ९६

४.२.६ श्रीमद्भगवद्गीताको अध्ययन ९७

४.२.६.१ शीर्षक ९७

४.२.६.२ विषयवस्तु ९८

४.२.६.३ भावविधान ९८

४.२.६.४ भाषाशैली ९९

४.२.६.५ छन्द १००

४.२.६.६ रस १००

४.२.६.७ अलङ्कार १०१

४.२.६.८ सारांश १०१

४.२.७ सजिलै ब्रह्मज्ञान कृतिको अध्ययन १०२

४.२.७.१ शीर्षक १०२

४.२.७.२ विषयवस्तु १०३

४.२.७.३ भाषाशैली १०३

४.२.७.४ सारांश १०४

४.२.८ उपदेशसार कृतिको अध्ययन १०४

४.२.८.१ शीर्षक १०५

४.२.८.२ विषयवस्तु १०५

४.२.८.३ भाषाशैली १०६

४.२.८.४ सारांश १०६

४.२.९ दृग्दृश्य विवेक कृतिको अध्ययन १०७

४.२.९.१ शीर्षक १०७

४.२.९.२ विषयवस्तु १०८

४.२.९.३ भाषाशैली १०८

४.२.९.४ सारांश १०९
४.२.१० श्रीरामगीताको अध्ययन ११०
४.२.१०.१ शीर्षक ११०
४.२.१०.२ विषयवस्तु १११
४.२.१०.३ भाषाशैली १११
४.२.१०.४ सारांश ११२
४.२.११ अष्टावक्रगीता कृतिको अध्ययन ११२
४.२.११.१ शीर्षक ११३
४.२.११.२ विषयवस्तु ११३
४.२.११.३ भाषाशैली ११४
४.२.११.४ सारांश ११५
४.३ कृतित्त्वको सारांश ११५

**परिच्छेद : पाँच**

**उपसंहार**

५.१ परिचय ११८
५.२ पहिलो परिच्छेदको निष्कर्ष ११८
५.३ दोस्रो परिच्छेदको निष्कर्ष ११८
५.४ तेस्रो परिच्छेदको निष्कर्ष ११८
५.५ चौथो परिच्छेदको निष्कर्ष ११९
५.६ पाँचौं परिच्छेदको निष्कर्ष ११९
५.७ समग्र निष्कर्ष ११९

**परिशिष्ट** १२१

**सन्दर्भसामग्रीसूची**

क) पुस्तक सूची १२२
ख) शोधग्रन्थ सूची १२३
ग) पत्रपत्रिका सूची १२४

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १. विषय परिचय

वि.सं. १९८१ साल चैत्र १८ गते जन्मिएका कोमलदत्त तिवारी तनहुँ जिल्लाका बौद्धिक तथा प्राज्ञिक व्यक्तित्व हुन् । नेपाली साहित्य र संस्कृत साहित्यको अध्ययन र लेखन कार्यमा निरन्तर अभिरुचि राख्ने तिवारी माधवप्रसाद घिमिरे, पद्मप्रसाद, बद्रीनाथ भट्टराई र लेखनाथ पौड्याल जस्ता साहित्यकारहरूका रचनाहरूबाट प्रभावित भएको देखिन्छ । यिनले २०१९ सालदेखि साहित्य क्षेत्रमा साधनारत हुँदै नाटक, कविता लेखन एवम् भाषानुवाद गरी विभिन्न पुस्तक प्रकाशित गरेका छन् । प्रकाशित कृतिहरूमा क्रमशः **शिक्षाको महत्त्व** (सामाजिक नाटक-२०१९), **ज्ञानोपदेश** (पद्यमा २०४७), **श्रीरामगीता** (भाषाछन्द-२०५० टीकासहित), **तत्त्वदर्पण** (पद्यमा २०५१ टीकासहित), **ज्ञानमाधुरी** (पद्यमा २०५४), **उपदेशसार** (२०५६ नेपाली अनुवाद), **अबधूतगीता** (नेपाली भाषाछन्द-२०५७), **सजिलै ब्रह्मज्ञान** (भाषाछन्द-२०५८ नेपाली टीकासहित), **मनको निवेदन** (बुद्धिविनोदको उत्तर २०५९), **दृग्दृश्य विवेक** (भाषाछन्द टीकासहित-२०५९), **अष्टावक्रगीता** (भाषाछन्द टीकासहित-२०६०), **स्तोत्रसारसङ्ग्रह** (अनुवाद-२०६१), **श्रीमद्भगवद्गीता** (अनुवाद-२०६४), **आफ्नो स्थिति आफै ठम्याऊँ** (भाषाछन्द-२०६६) रहेका छन् । यी कृतिहरू हेर्दा तनहुँ जिल्लाकै प्रमुख सिद्धहस्त चर्चित व्यक्तिहरूको स्थान ओगट्न सफल हुनसक्ने देखिन्छ । यी विभिन्न कारणले कोमलदत्त तिवारी एक अनुसन्धेय व्यक्तित्व हुन् भन्ने स्पष्ट हुन्छ तर हालसम्म पनि उनका बारेमा अध्ययन अनुसन्धान भएको पाइँदैन । त्यसैले साहित्यकारहरूको खोज र कृतिहरूको मूल्याङ्कन एवं व्याख्या विश्लेषण लगायत उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा वास्तविक व्यक्तित्वको पहिचान गराउने अभिप्रायले प्रस्तुत **कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षक चयन गरिएको हो ।

## १.२ समस्याकथन

कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको आधारभूत समस्या हो । यसका मुख्य समस्याहरू निम्नानुसार रहेका छन्-

क) कोमलदत्त तिवारीको जीवनी कस्तो रहेको छ ?

ख) तिवारीको साहित्यकार व्यक्तित्वको निर्माण के-कसरी भएको छ ?

ग) नेपाली साहित्यमा कोमलदत्त तिवारीको रचनात्मक योगदान कस्तो छ ?

घ) कोमलदत्त तिवारीका साहित्यिक प्रवृत्ति र मोडहरू के-कस्ता रहेका छन् ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधपत्र कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको समग्रपक्षको अध्ययन गर्ने जमर्को गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र उनका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण गरी साहित्य क्षेत्रमा उनको स्थान निर्धारण गर्नु तथा मूल्याङ्कन गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यका बुँदागत उद्देश्यहरू निम्नानुसार रहेका छन्-

क) कोमलदत्त तिवारीको जीवनबारे सत्य-तथ्य जानकारी गराउने ।

ख) तिवारीको साहित्यकार व्यक्तित्वको विश्लेषण गर्ने ।

ग) तिवारीको साहित्य क्षेत्र र रचनात्मक योगदानको मूल्याङ्कन गर्ने ।

घ) उनका रचनाका प्रकृति र मोडहरू पत्तालगाई तिनको मूल्याङ्कन गरी निष्कर्षमा पुग्ने उद्देश्य पूरा गर्नेतर्फ यो शोधपत्र उन्मुख रहने छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

कोमलदत्त तिवारी अनुसन्धेय व्यक्तित्व रहे पनि उनका बारेमा विभिन्न समालोचक र विद्वान्हरूले पत्रपत्रिका मार्फत सामान्यरूपले मात्र चर्चा गरेको पाइन्छ । त्यसको कालक्रमिक विवरण निम्नानुसार उल्लेख गरिएको छ :

### क) भीमनिधि तिवारी

कोमलदत्त तिवारीद्वारा लेखिएको **शिक्षाको महत्त्व** नाटक २०१९ सालमा गोकर्णराज उप्रेतीबाट प्रकाशित कृतिको प्रारम्भिक मन्तव्यमा यथानाम तथा गुण

भएको भनि ग्रामीण जनजीवनलाई समेटेर लेखिएको नाटक एउटा आदर्श नाटकको रूपमा रहेको पाइन्छ । तत्कालीन अवस्थामा नेपालका अधिकांश नेपालीहरू शिक्षाबाट बञ्चित भएका र पढिलेखी शिक्षित बन्न सके स्वरोजगार, आत्मनिर्भर तथा सभ्यता तथा शिष्टताको शिखर चढ्न सक्ने अवस्था रहन्छ ।[१]

**ख) स्वामी ज्ञानानन्द सरस्वती**

कोमलदत्त तिवारीद्वारा लिखित **सजिलै ब्रह्मज्ञान** अर्थात् 'ब्रह्मानु चिन्तनम्' बाट लिइएको शीर्षकमा संस्कृत, साहित्य एवं कला र वेदान्तका विद्वान् स्वामी ज्ञानानन्द सरस्वतीले २०५८ सालमा रमादेवी तिवारीद्वारा प्रकाशन गरिएको **सजिलै ब्रह्मज्ञान** पुस्तकको भूमिकामा आशीर्वचनमा आफ्ना भावना एवं विचार पोखी तिवारीको मूल्याङ्कन एवं प्रशंसा गरिएको छ । गृहस्थ जीवनमा रहेर पनि भगवत् भक्ति तथा वेदान्तपरक भाष्यानुवाद अर्थात् भाष्यहरूमा लेख्ने उनलाई उत्कृष्ट साहित्यकारको स्थान ओगट्न सफल भएको मूल्याङ्कन गरिएको छ ।[२]

**ग) माधव घिमिरे**

कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा विरचित **बुद्धिविनोद**का प्रश्नहरूको उत्तरमा **मनको निवेदन** कृति लेखी कोमलदत्त तिवारीले वेदान्तपरक आफ्ना भावना पोखेका र पद्य शैलीमा लेखेर २०५९ सालमा रमादेवी तिवारीद्वारा प्रकाशन गरिएको र उक्त रचनाको प्रारम्भिक आफ्नो सम्मतिमा **बुद्धिविनोद**का प्रश्नहरूको उत्तरमा तार्किक र बौद्धिक क्षमता दर्साइएको सन्दर्भ उल्लेख गरिएको छ ।[३]

**घ) स्वामी रामानन्द गिरि**

कोमलदत्त तिवारीले **अष्टाबक्रगीता**लाई भाषाछन्दमा अनुवाद गरी २०६० सालमा साझा प्रकाशनबाट प्रकाशन गरिएको रचना मानवोचित सारगर्भित एवम् उत्कृष्ट रहेको र प्रत्यक्ष मुमुक्षु जनलाई लाभान्वित हुने देखिन्छ ।[४]

---

[१] भीमनिधि, तिवारी, *मन्तव्य,* **शिक्षाको महत्त्व,** कोमलदत्त तिवारी, काठमाडौं : गोकर्णराज उप्रेती, २०१९, पृ. भूमिका खण्ड ।

[२] ज्ञानानन्द, सरस्वती, *आशीर्वचन,* **सजिलै ब्रह्मज्ञान,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०५८, पृ. भूमिका खण्ड ।

[३] माधव, घिमिरे, *पौड्याल लेखनाथद्वारा रचित बुद्धिविनोदका प्रश्नका उत्तरमा,* **मनको निवेदन,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०५९, पृ. भूमिका खण्ड ।

[४] स्वामी रामानन्द, गिरी, *भूमिका,* **अष्टाबक्रगीता,** कोमलदत्त तिवारी, ललितपुर : साझा प्रकाशन, २०६०, पृ. भूमिका खण्ड ।

## १.५ शोधको औचित्य र महत्त्व

शोधकार्य आफैमा जटिल प्रक्रिया हो । शोधखोज गरी सत्यतथ्य कुरा पत्ता लगाई समाधानको बाटो खोज्नु हो । शोधले मानिसलाई परिष्कृत बनाउँछ । कोमलदत्त तिवारीका कृतिहरूको खोज, मूल्याङ्कन र विश्लेषण गर्नु एक महत्त्वपूर्ण पक्ष भएको र उनले करिब ३ दशक लामो समयावधि पार गरेर साहित्य साधनामा संलग्न रहेको सन्दर्भ एवम् उनको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययनले साहित्यप्रति अनुराग, लेखन कार्यमा अभिरुचि, अनुसन्धानको क्षेत्रमा प्रत्यक्ष लाभान्वित एवं प्रेरणा मिल्ने हुनाले यस शोधको औचित्य र महत्त्व रहेको पुष्टि हुन्छ ।

## १.६ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन विश्लेषणका रूपमा रहेको छ । उनका जीवनका घटनाक्रमलाई साहित्यतर्फ प्रेरित गर्ने शोधपत्रको जीवनीमा समेटिएको छ भने आध्यात्मिक चेतनाबाट मुक्ति प्रदान गर्ने भौतिक र आध्यात्मिक पाटोको समेत अध्ययन गरी व्यक्तित्वको पक्षमा समेटिएको छ ।

यस शोधपत्रमा तिवारीका सबै कृतिहरूका रचनाहरूको अध्ययन-विश्लेषणपूर्वक मूल्याङ्कन लगायत तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन मात्र गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि र सामग्री सङ्कलन पद्धति

यस शीर्षक अन्तर्गत शोधविधि र सामग्री सङ्कलन पद्धतिलाई छुट्टाछुट्टै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### १.७.१ शोधविधि

कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व सम्बन्धी अध्ययनमा जीवनपरक, ऐतिहासिक, समालोचना पद्धति अँगालिएको छ भने कृतित्त्वसम्बन्धी अध्ययनमा समालोचनाका व्याख्यात्मक, विश्लेषणात्मक सिद्धान्तलाई अँगालिएको छ ।

### १.७.२ सामग्री सङ्कलन पद्धति

कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन विश्लेषणका लागि सामग्री सङ्कलन गर्दा पुस्तकाललीय पद्धति अपनाइएको छ, साथै क्षेत्रीय पद्धतिका रूपमा भेटघाट, प्रश्नावली, अन्तर्वार्ता आदि पद्धति पनि अँगालिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा

यो शोधकार्य शोधविधिका अधीनमा रही जीवनीपरक समालोचना र व्याख्यात्मक तथा विश्लेषणात्मक पद्धतिका आधारमा तयार गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

**पहिलो परिच्छेद - शोध परिचय**

यस परिच्छेदमा शोध परिचय, शोध प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्व कार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व शोधको क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा, शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद - कोमलदत्त तिवारीको जीवनीको अध्ययन**

यस परिच्छेदअन्तर्गत पृष्ठभूमि, वंशपरम्परा र जन्म, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, लेखनमा प्रेरणा र प्रभाव, संस्थासँगको आबद्धता, मानपदवी र पुरस्कारको बारेमा उल्लेख गरिएको छ ।

**तेस्रो परिच्छेद - कोमलदत्त तिवारीको व्यक्तित्वको अध्ययन**

यस परिच्छेदमा कोमलदत्त तिवारीको बाह्य व्यक्तित्वको साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ ।

**चौँथो परिच्छेद - कोमलदत्त तिवारीका साहित्यिक यात्रा, चरण विभाजन र कृतित्वको अध्ययन**

यस परिच्छेदअन्तर्गत कोमलदत्त तिवारीको साहित्यमा आगमन एवम् उनको साहित्यिक यात्रा र चरण विभाजन, उनका पुस्तकाकार कृतिहरूको विविध कोणबाट

विवेचना एवं रचनाहरूको विवरण प्रस्तुत गरिएको छ । यस अन्तर्गत कृतिहरूको अध्ययन, विश्लेषण अनुसन्धान पद्धतिअनुसार गरिएको छ ।

**पाँचौं परिच्छेद - उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र शोधको मूल्याङ्कनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग अगाडि र मध्यभाग शोध प्रतिवेदनका रूपमा तथा अन्त्य भागका रूपमा सामग्रीलाई परिशिष्ट र सन्दर्भग्रन्थसूचीका रूपमा समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# कोमलदत्त तिवारीको जीवनीको अध्ययन

## परिच्छेद : दुई

# कोमलदत्त तिवारीको जीवनीको अध्ययन

### २.१ विषय प्रवेश

व्यक्तिको जीवनयात्राको क्रममा घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो ।[1] व्यक्तिका जीवनमा घटेका घटनाले व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवनीमा मूलतः कुनै खास मानिसको आन्तरिक र बाह्य दुवै पक्षको क्रमबद्ध चित्रण गरिएको हुन्छ । सामान्य रूपमा जीवनी भन्ने बित्तिकै कुनै पनि व्यक्तिको जन्मदेखि बाँचुञ्जेलसम्म उसले गरेका महत्त्वपूर्ण तथा उपयोगी कार्यहरूको वर्णन, कथा वा गाथा भन्न सकिन्छ । जीवनीका आरोह अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनमा घटना सन्दर्भ परिपूरक भएर आएका हुन्छन् । यसरी नै जीवन चक्र परिवर्तनका सार्थक जीवन नै श्रेष्ठ हुन्छ । जीवनका विभिन्न शृङ्खलित यात्राहरूबाट एक व्यक्तिको जीवनयात्रा पूरा हुन्छ । सार्थक जीवनको अस्तित्वलाई संवरण गर्दै साहित्य यात्रालाई अघि बढाउने व्यक्तिमध्ये कोमलदत्त तिवारी पनि एक हुन् । यस्ता व्यक्तित्वहरूका जीवनीलाई मानव जीवनको प्रेरणाको स्रोतको रूपमा लिन सकिन्छ । अन्य प्राणीको जीवनभन्दा मानव जीवन उत्कृष्ट भएकाले मानवोचित व्यवहार गरी उचित जीवन जिउनु पनि एउटा प्रेरक व्यक्तित्वको प्रभाव हो भन्न सकिन्छ । प्रेरक व्यक्तित्वका जीवनीहरू भविष्यका कलिला बालबालिका तथा भावी पुस्ताका लागि मार्गदर्शक बन्दछन् । त्यस्ता व्यक्तित्वका मार्मिक जीवन यात्रा अविस्मरणीय एवम् अनुकरणीय हुन्छन् । कोमलदत्त तिवारीको व्यक्तिगत जीवनका आन्तरिक चरित्रका महत्त्वपूर्ण पक्षलाई र जीवनका विविध उतारचढावहरूलाई केलाउने उद्देश्य रहेकाले प्रस्तुत शीर्षकमा कोमलदत्त तिवारीको विविध पक्षको बारेमा अध्ययन गरिएको छ ।

---

[1] ईश्वर वराल र अन्य (सम्पा.) **नेपाली साहित्यकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. ९८ ।

## २.२ वंशपरम्परा र जन्म

कुनै पनि व्यक्तिको बारेमा चर्चा गर्दा, त्यस व्यक्तिका वंश परम्परा वा पुर्खाहरूको खोजी गर्नु वा चर्चा हुनु स्वाभाविक हुन आउँदछ ।[२] कोमलदत्त तिवारीको वंशको कुरा गर्दा उनका पुर्खाहरू भारतको गढवाल क्षेत्रबाट आई बसाइसराइको क्रममा नेपालको पश्चिम कर्णाली प्रदेशको सिञ्जा क्षेत्रबाट नै फैलिँदै नेपालका विविध जिल्ला वा अञ्चलमा बसोबास गर्दै आएको पाइन्छ । तिवारीहरू देशको पश्चिम महाकालीदेखि पूर्व मेचीसम्म बसोबास गरेको जानकारी पाइन्छ । यिनका पुर्खाहरू गण्डकी अञ्चल तनहुँ जिल्ला सतीस्वाँरा गा.वि.स. मा बसाइँसराइको सन्दर्भमा षडानन्द तिवारीको त्यसै गाउँ विकास समितिको चैनडाँडा गाउँमा बसोबास भएको देखिन्छ ।

कोमलदत्त तिवारीको जन्म वि.सं. १९८१ चैत्र १९ गते स्व. षडानन्द तिवारीकी धर्म पत्नी गौरादेवी तिवारीको कोखबाट चैनडाँडा तनहुँमा भएको हो । उनको लुम्बिनी अञ्चलको रूपन्देही जिल्लाको सिद्धार्थ नगरमा पनि बसोबास भएको र हाल २०४३ सालदेखि देवघाट गा.वि.स. वडा नं. २ कल्पवासी टोलमा रहँदै आएका छन् । उनका ३ दाजुभाइ र दुई दिदीबहिनी रहेका छन् । उनका दाजु सर्वोच्च अदालतका न्यायधीश भएका र पूर्णमाया र रुक्मिणी दुई दिदी बहिनी आ-आफ्नो घर-घरमा गृहस्थ जीवन व्यतीत गरेको जानकारी पाइन्छ । ज्ञानपक्ष र भक्तिपक्षको गहन अनुभूति भएका तिवारी देवघाट धामलाई नै अन्तिम लक्ष्य बनाई दिनचर्या बिताउँदै साहित्यको अनवरत सेवामा अहर्निश संलग्न रही समयको सदुपयोग गर्न तयार देखिन्छन् । कोमलदत्त तिवारीका दुई छोरी मात्र रहेका छन् । ती सुपत्रीहरूमा निर्मला (तिवारी) खरेल र मुना (तिवारी) धिताल रहेका छन् । तिवारी साहित्यानुरागी र अध्यात्मका ज्ञानी महात्माका रूपमा स्थापित व्यक्तित्व हुन् ।

## २.३ बाल्यकाल र शिक्षादीक्षा

कोमलदत्त तिवारी कनिष्ठ सन्तानको रूपमा रहेका व्यक्ति हुन् । उनी सानैदेखि सुशील, चरित्रवान्, लगनशील, नैतिकवान् भएकाले सानै बालापनबाट उनको बानी-बेहोरा साधु सन्तहरूको लक्षण भएका व्यक्तिको रूपमा परिचित छ, भन्ने भनाइ आफन्तको रहेको छ । उनी धार्मिक र अन्य कर्म क्षेत्रमा निरन्तर रूपले सत्सङ्ग समारोहमा बाल्य कालदेखि नै रुचि भएको हुनाले धर्म, कर्म, नियम, आचारणमा कटिबद्ध भै अध्यात्म जागरणको सन्दर्भमा

[२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

संलग्न छन् । उनी मठ-मन्दिर, तीर्थ, व्रतमा आस्था भएका र अद्वैत वेदान्तपरक साम्प्रदायिक भावनाले ओत-प्रोत भएका देखिन्छन् । उनका लागि घरायसी परिस्थिति, वातावरण एवं शिक्षादीक्षा अनुकूल भएको र साथी सङ्गत पनि राम्रो भएको पाइन्छ । बचपन देखि नै पढ्नमा लगनशील भएको कारणबाट घरमा सामान्य लेखपढ गरी औपचारिक अध्ययनका निमित्त गण्डकी अञ्चल तनहुँ जिल्लाको दक्षिणमा रहेको बन्दीपुर पाठशालामा भर्ना भै संस्कृत अध्ययन लगायत नेपाली र अन्य विषय समेत अध्ययन गरेर पुनः रानी पोखरी पाठशाला काठमाडौंबाट पूर्वमध्यमा र उत्तरमध्यमा अथवा सम्पूर्ण मध्यमा गरी आफ्नो जीवनको चक्रलाई अगाडि बढाएको जानकारी पाइन्छ ।[३] उनको आर्थिक अवस्था सामान्यरूपले मजबुत भएको देखिन्छ । औपचारिक अध्ययनभन्दा पनि अनौपचारिक अध्ययन निकै गहन रहेको छ । उनी सानैदेखि खेलकुद, नाचगान, पौडी खेल्न, छेलोहान्न समेत अग्रसर भै रुचि राख्ने व्यक्ति हुन् । धार्मिक एवं साहित्यमा धेरै किताबहरू सङ्कलन गरी अध्ययनलाई निरन्तर गति प्रदान गर्ने व्यक्ति हुन् । उनी साहित्य, ज्योतिष एवं चित्रकलामा पनि निपुण रहेका देखिन्छन् । विद्यार्थी जीवनबाटै कविता साहित्यमा बढी रुचि भएका प्रतिभावान् देखिन्छन् । उनका प्रेरक गुरुहरूमा पद्मप्रसाद र बदरीनाथ भट्टराई रहेका छन् । उनी गुरुद्वयका कृपापात्रको रूपमा रही आफ्नो गन्तव्य पथमा अडिगका साथ अगाडि बढेको पाइन्छ ।[४] गुरुहरूको अनुग्रहबाट आफूले उचित शिक्षादीक्षा पाएको र सन्तुष्ट भएको बताइन्छ । उच्च शिक्षा नपाए पनि प्राप्त शिक्षा कसिलो र पुष्ट भएको देखिन्छ । घर-परिवारबाट उनलाई राम्रो हेरचाह एवं आवश्यक देखरेख र सहयोग मिलेका कारणबाट बाल्यकाल सुखद रहेको देखिन्छ । यसरी कोमलदत्त तिवारीको बाल्यकाल र शिक्षादीक्षा प्राप्त भएको देखिन्छ ।

## २.४ वैवाहिक तथा पारिवारिक स्थिति

कोमलदत्त तिवारीको विवाह हिन्दूको प्रचलन अनुरूप वैदिक विधि अनुसार १९ वर्षको उमेरमा मेदिनीप्रसाद धितालकी धर्मपत्नी दीपाकुमारी धितालकी सुपुत्री रमादेवी धितालसँग २००० साल वैशाख महिनामा सुसम्पन्न भएको देखिन्छ ।[५] वैवाहिक स्थलो गोर्खा खार्तान भञ्ज्याङ् रहेको छ भने हाल रमादेवी तिवारीका माइतीहरू काठमाडौं उपत्यकामा

[३] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[४] ऐजन ।
[५] रमादेवी तिवारीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

बसोबास गर्दै आएका छन् । रूपन्देही जिल्लाको मणिग्राममा केही समय अस्थायीबसोबास गर्दै आएका षडानन्द तिवारीको श्रीमती गौरा देवी तिवारीको कोखबाट जन्मनु भएका कोमलदत्त तिवारीका दुई सन्तान सुपुत्री द्वय निर्मला तिवारी र मुना तिवारी रहेका छन् । आफ्नो पुर्ख्यौली जन्मस्थान गण्डकी अञ्चल तनहुँ जिल्ला सतीस्वाँरा गा.वि.स. चैनडाँडामा वि.सं. १९८१ चैत्र १८ गते जन्म भए तापनि यसै जिल्लाको देवघाट गा.वि.स. वडा नं. २ भक्तिटोल निवासी अर्थात् कल्पवासी भएर २०४३ साल देखि निरन्तर हालसम्म दुवै दम्पत्ति र अन्य सहयोगी एक जना महिला सहित बसोबास गर्दै सेती नदी र कालीनदीको पावन सङ्गममा स्नान गर्दै ज्ञानानन्द सरस्वती र रामानन्द गिरीको सत्सङ्गमा उपस्थित हुँदै आनन्दका साथ दिनचर्या व्यतीत गरेको पाइन्छ । धार्मिक महत्त्वले युक्त परिवार भएको र अध्यात्म चिन्तनमा लागेका तिवारीको पारिवारिक स्थिति शिक्षित, मध्यम र बौद्धिक भएको पाइन्छ ।[६] कलिलो उमेरमा विवाह भएपनि सामाजिक सेवा, धार्मिक सेवा र साहित्य लेखन एवं धार्मिक ग्रन्थहरूको भाष्यानुवाद र टीका लेख्दै मौलिक कृतिहरूको रचना पनि गर्नु भएको छ । तिवारीले आफ्नी पत्नीको सुख-दुःखमा साथ दिँदै घर व्यवहारको प्रबन्ध मिलाई विभिन्न सङ्घ संस्थामा जागिर खानुका साथै सामाजिक सेवामा नै व्यस्त रही पारिवारिक जीवन बिताइरहेको पाइन्छ ।

## २.५ आर्थिक अवस्था र पेसा

मध्यम वर्गीय परिवारमा जन्मिएका कोमलदत्त तिवारी सानैदेखि साहसी र आँटिला व्यक्तित्व हुन् ।[७] उनको पुर्ख्यौली सम्पत्ति भने सतीस्वाँरामा घर, खेत, बारी र गाईभैंसी आफ्नो परिवारलाई आवश्यक गुजारा भए पनि आर्थिक प्रयोजनका निम्ति नगद आय आर्जन न्यून भएकाले जागिर खानु पर्ने अवस्था भएको कारणबाट विभिन्न पदमा रही १७ वर्ष जति सरकारी सेवामा कार्यरत रही पछि स्वैच्छिक अवकाश लिएका हुन् । जेठा दाजु सर्वोच्च अदालतका न्यायाधीश भएपछि आर्थिक अवस्था मजबुत हुँदै गएको देखिन्छ । दाजुभाइ ३ जना भएपनि आपसी मेलमिलाप र आर्थिक सहयोग लेनदेन एवं दाजुभाइ बीच कुनै फाटो नभएको उनका आफन्तहरूले बताएका छन् । घर परिवारमा परिश्रमशील र सङ्घर्षशील भएका तिवारी माता पिताका आज्ञा पालक देखिन्छन् ।[८] सबै जना शिक्षित र आत्मनिर्भर

---

[६] रमादेवी तिवारीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[७] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[८] ऐजन ।

भएका परिवारमा आफू नेपाली साहित्यतर्फ उन्मुख भएर मान, इज्जत एवं कीर्ति राख्न सके मानवोचित सार्थक जीवनको उचित मूल्य र मान्यता ठहर्दथ्यो भन्ने भनाइ उनीमा निहित रहेको र पेसाप्रति कर्तव्यपरायण, आय-आर्जन गर्न मानिसले जे पनि पेसा अपनाउनु पर्दछ, अर्थात् सत्य र पवित्रताका माध्यमबाट परिश्रम मेहनतको कमाइ नै चिरस्थायी कमाइ वा सम्पत्ति हो भन्ने धारणा उनमा रहेको छ । तिवारीलाई आफ्ना मातापिताले आफूलाई र दाजुभाइ एवं दिदीबहिनीहरूलाई राम्रो हेरचाह, लालनपालन गरी स्याहार सुसारका साथ पढाइतर्फ सरिक गराउनु भएको र सङ्घ संस्थामा आबद्ध भएर दिनचर्यालाई सहज र सरल तुल्याउँदै काम कार्यमा व्यस्त रहेर २००० सालदेखि सरकारी पेसामा प्रवेश गरी १७ वर्षको लामो समय व्यतीत गर्दै स्वैच्छिक अवकाश लिएर अत्यन्त निष्ठापूर्ण समय गुजारेको बुझिन्छ ।

## २.६ सेवा

कोमलदत्त तिवारी सङ्घर्षशील, समाजसेवी एवं राष्ट्रसेवक तथा कर्मठ व्यक्तिको रूपमा परिचित छन् । वि.सं. २००० साल देखि नै विभिन्न पदमा रही १७ वर्षको लामो सरकारी सेवामा समय व्यतीत गरेका छन् । उनले २००० सालमा नै सर्वोच्च अदालतमा विचारी पदमा रही काम गरे भने २०१० सालतिर उनी वनमा रेन्जर पदमा पदासीन गएर लामो समय सेवा गरेका व्यक्ति हुन् ।[९]

२०११ सालमा सतीस्वाँरा गा.वि.स. मा प्रकाश प्रा.वि.को स्थापना गरी भवन निर्माण, खेल मैदान निर्माण, भौतिक साधनहरूको व्यवस्था, २०१५ सालसम्मका लागि २ जना शिक्षकलाई मासिक तलब आफ्नै तर्फबाट मिलाएका र पुनः सरकारी दरबन्दी पाई हाल सोही विद्यालय बसाहा स्थान मा.वि. तारुकाको नामले प्रसिद्ध भएको छ । उनले सामाजिक हित र कल्याणका निमित्त ग्रामीण, नगर, जिल्ला र अञ्चल स्तरीय समितिमा रही विभिन्न सेवा, सहयोग गरेको देखिन्छ । उनी आबद्ध भएर काम गरेका सङ्घ संस्थाहरू यसप्रकार रहेका छन् :

क) नेपाल बालसङ्गठन लुम्बिनी अञ्चल समितिको सदस्य सचिव भएका र पछि जिल्ला स्तरमा पनि गठन भएकोले रूपन्देही बाल सङ्गठनको सदस्य सचिव (२०२५-२०२६) ।[१०]

---

[९] निर्मला तिवारीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१०] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

ख)	नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्लाको जिल्ला शाखामा स्थापना साल देखि नै उपाध्यक्ष पदमा निर्वाचित (२०२७-२०३५) ।

ग)	भैरहवा नगरपञ्चायत स्थापनाकालका मनोनित सदस्य (२०२७-२०३३) ।

घ)	सिद्धार्थ नगर पञ्चायतमा मनोनित सदस्य (२०३०-२०३३) ।

ङ)	सिद्धार्थ कलेजको संस्थापक सदस्य (२०३०-२०३२)

च)	रूपन्देही जिल्ला साहित्य समितिको सदस्य (२०२४-२०३४) ।

छ)	रूपन्देही बहुउद्देश्य सहायता कोषको सदस्य सचिव (२०२४-२०३२) ।

ज)	रूपन्देही भूमिसुधार समितिको सदस्य (२०३०-२०३३) ।

झ)	सिनेमा सेन्सर बोर्डको सदस्य (२०२८-२०३१) ।

ञ)	पौष्टिक आहार वितरण क्षेत्रीय समितिको सदस्य र अध्यक्ष (२०२७-२०३४) ।

यसरी कोमलदत्त तिवारीले आफ्नै कार्यकालमा बालसङ्गठन रूपन्देही भवन निर्माण सम्पन्न भएको, जिल्ला रेडक्रस भवन निर्माण सम्पन्न भएको, नगरपालिका अन्तर्गत शिक्षा, संस्कृति साहित्य विभाग क्षेत्रको जिम्मा लिएर काम गरेका, २०३३ साल चैत्र २ गते सिद्धार्थ नगर नामाकरण गरी घोषणा गरेको, नेपाल पत्रकार सङ्घ तथा रूपन्देही पत्रकार सङ्घको सदस्य भै काम गरेका थिए । वि.सं. २०२० सालदेखि निरन्तर करिब दुई दशकभन्दा बढी सामाजिक कार्यमा संलग्न भएर योगदान दिएको बुझिन्छ । पटक पटक विभिन्न सङ्घ-संस्थामा आबद्ध भएर पनि साहित्यतर्फ अभिरुचि बढेको र लेखन कार्यमा संलग्न भएको पाइन्छ । मूलतः सरकारी सेवामा रहदा आफ्नो पदीय दायित्व निर्वाह गरेका र सामाजिक सेवालाइ पनि उत्तिकै महत्त्व दिएर कर्तव्य परायणता देखाउनु अनिवार्यता रहेको प्रस्ट्याउँछन् ।

## २.७ लेखनमा प्रेरणा र प्रभाव

तिवारी बाल्यकालदेखि नै अन्तर्मुखी र भावुक स्वभाव भएका र मन, मस्तिष्कबाट उत्पन्न विचारलाई उनले प्रेरणा र प्रभावको कारक तत्त्व मानेका छन् ।[११] तर आफ्ना माता पिताको आज्ञा पालक भएकाले पैतृक गुण नै तिवारीका लागि प्रेरणाको स्रोतको रूपमा रहेको बुझिन्छ । सानैदेखि गजल, झ्याउरे, चुड्का, गीतमा पनि उनको ध्यान मोडिएको र

[११] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

विशेष गरेर साहित्य एवं धार्मिक प्रभाव पनि उनलाई परेको कारणबाट साहित्य लेखनतर्फ उन्मुख भएको बुझिन्छ । साहित्य, सङ्गीत र कलालाई आत्मसात गरेर उनी अगाडि बढेका छन् । लेखन कार्यमा सर्वप्रथम **शिक्षाको महत्त्व** नाटक २०१९ सालमा लेखेर शैक्षिक महत्त्व दर्साइएको छ । कविगोष्ठी, साहित्य सम्मेलन एवम् कविहरूको सङ्गतबाट विशेष प्रभाव उनीमा परेको छ । कवि लेखनाथ पौड्यालको **बुद्धि विनोद** कविता पढेर विशेष प्रभाव परेको बताइन्छ । नेपाली साहित्यका पत्रपत्रिका र अन्य पुस्तकहरू अध्ययन गरिरहने तथा साहित्य सम्बन्धी केही न केही कापीमा कोरिरहने व्यक्ति हुन् । उनी समाजलाई केही दिनुपर्छ, असल गुणको विकास गर्नुपर्छ भन्ने सामाजिक सुधारतर्फ दत्त चित्त भएका प्रतिभावान् व्यक्ति रहेका छन् ।[१२] नेपाली, हिन्दी र संस्कृतका साहित्य सम्बन्धी पुस्तकहरू खोजी-खोजी पढ्ने बानीको विकासले नै पर्याप्त ज्ञान, अनुभव र सामाजिक जीवनको पर्यावलोकन तिवारीका लागि साहित्यिक यात्राको प्रेरणा र प्रभावको स्रोत बनेको देखिन्छ । यसरी समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको बोध अध्ययन चिन्तन तथा जीवन जगत्प्रतिको अवधारणागत अभिव्यञ्जनबाट नै  तिवारीको व्यक्तित्व निर्माण भएको पाइन्छ ।[१३]

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकार र साहित्यिक पुस्तकहरूको अध्यपन तथा पिताको र गुरुवर्गको कर्मठ व्यक्तित्वको प्रभाव र आफूभित्र देखा परेका छटपटी अनि अन्तर्द्वन्द्वका कारण उनले साहित्य लेखनमा ऊर्जा प्राप्त गरेका छन् । उनको आफ्नो अन्तर्निहित अन्तस्करणबाट उत्प्रेरित भावनाले नै उनलाई कृति लेखनमा अग्रसर बनाएको देखिन्छ ।

## २.८ दिनचर्या

प्रत्येक मानवको आफ्नै किसिमको दिनचर्या हुन्छ ।[१४] प्रातः काल उठेदेखि बेलुका नसुतेसम्म दैनिक गरिने क्रियाकलाप नै दिनचर्या हो । तिवारीको आफ्नै किसिमको व्यक्तिगत दिनचर्या देखिन्छ । उनी बिहान ४ बजे नै प्रतिदिन उठ्ने शौच, दन्तधावन, स्नान, जप, पाठ, पूजा, आराधना जस्ता नित्य कर्म गर्ने, प्राणायाम सधैं १ घण्टा गर्ने केही समय व्यायाम गर्ने र धार्मिक प्रवचन सुन्ने, रेडियोबाट समाचार घटनाक्रम सुन्ने कार्यमा व्यस्त रहने

[१२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१३] ऐजन ।
[१४] ऐजन ।

गर्दछन् । पत्र-पत्रिका अध्ययन गर्ने र केही लेखनकार्य पनि दिनानुदिन गर्ने गरेको पाइन्छ । बिहान ८ बजे केही नास्ता गर्ने र भोजन लिएर कार्य क्षेत्रमा उपस्थित भै कार्यभार सम्हाल्दै पदीय दायित्व निर्वाह गर्ने गरेको र राष्ट्रिय र आध्यात्मिक भावनाले युक्त भएका कारण सामाजिक हित, कल्याणका निम्ति समाज सेवामा पनि अटुट रूपले जुट्ने व्यक्ति हुन् । विभिन्न सङ्घ संस्थाका प्रतिनिधि भएर लामो समयसम्म देश र जनताका लागि महत्त्वपूर्ण योगदान दिएको बुझिन्छ ।[१५]

सामाजिक चेतना भर्ने, प्रगति र उत्थानका निम्ति दिलो ज्यान दिएर अथक प्रयासरत रही तन, मन, धनले यथाशक्य सहयोगमा समेत जुटेर समय बिताउने सत्पात्र हुन् । आफ्ना आध्यात्मिक तथा सामाजिक भावनामा ओत-प्रोत भएर मानव्य कर्तव्य र दायित्वबोध गरी सत्य र न्यायको पक्षमा अडिग रही सामाजिक सेवामा दिन खर्चेका छन् । प्रतिदिन तिवारीले ६ घण्टामात्र विश्राम लिएर अन्य समयलाई सदुपयोग गरेको देखिन्छ । विभिन्न क्षेत्रमा सेवा सहयोग गर्नु पर्ने भएकाले एकछिन पनि उनलाई फुर्सत कत्ति पनि नभएको देखिन्छ । बिहान उठेदेखि विभिन्न क्रियाकलापमा संलग्न रही बेलुका १०:०० बजेतिर शयन कक्षमा विश्राम लिने गरेका र यसरी दिनचर्या सम्पन्न हुँदै आएको हुँदा उनका प्रायः सबै दिन नियमित ढङ्गबाट व्यतीत भएको पाइन्छ ।

## २.९. धार्मिक अवस्था

नेपालको वैदिक सनातन धर्म भएको भूमि हो, सोही परम्पराबाट प्रभावित तिवारी वंशजमा कोमलदत्तको जन्म भएको देखिन्छ ।[१६] कोमलदत्त तिवारीमा बालापनदेखि नै धार्मिक आस्था भएकाले, मठ-मन्दिर, तीर्थ, साधु, सन्त, महन्त र पण्डित, पुजारीहरूको सत्सङ्गबाट धार्मिक प्रभाव परेको देखिन्छ । बेला-बेलामा भजन, कीर्तन, पुराण श्रवण गर्ने र शास्त्रीय तर्क, बौद्धिक तर्क गर्ने गरेको पाइन्छ । दीन, दुःखी, गरिब, असहाय, लुला, लङ्गडा, अपाङ्गहरूको सेवा गर्नुपर्छ भन्ने सद्भाव रहेको छ भने कुनै बेला पूजाआजामा सरिक भएर समय बिताउने गरेको पनि बुझिन्छ । सानैदेखि शाकाहारी भएर आफ्नो मन मस्तिष्कलाई बाँधेर इन्द्रिय, अन्तस्करणका वृत्तिलाई पन्छाई परब्रह्म परमात्माको खोजी गर्न अनुसन्धानमा

[१५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१६] ऐजन ।

जुटेका छन् । उनी हत्या, हिंसा, चोरी, ठगी, द्वेष, अत्याचार, शोषण, दमन, बलात्कार, असत्य, झुट जस्ता निन्दनीय कार्यबाट जोगिनु पर्ने विचार प्रस्तुत गर्दै संयमी भएका देखिन्छन् । चराचर जगत्मा ईश्वर सर्वव्यापी, सर्वशक्तिमान्, सर्वाधार, सर्वाश्रय, करुणानिधान भएकाले सन्मार्गलाई अगाल्नु पर्छ भन्ने धारणा रहेको पाइन्छ । आत्मा र परमात्मा एकै हो, सबैलाई समान रूपले जगत्का यावत् प्राणीलाई ईश्वर रूप मान्नुपर्छ भन्ने धारणा पनि रहेको छ । उनले माता, पिता र गुरुलाई विशेष आदरको भावनाले हरेको पाइन्छ ।[१७] जस्तै मातृ देवो भव, पितृदेवो भव, अतिथि देवो भव भन्ने मान्यतालाई मूर्त रूप दिएर धार्मिक मर्यादा कायम गरेको पाइन्छ । धर्मको मर्मलाई बुझी सबै प्राणीप्रतिको समानता एवं सद्भाव प्रकट गर्दै ईश्वरप्रति समर्पित हुँदै व्यक्तिगत स्वार्थभन्दा सामाजिक स्वार्थमा संलग्न भएको देखिन्छ । धार्मिक ग्रन्थ- **श्रीरामगीता, अष्टाबक्र गीता** र **श्रीमद्भगवद्गीता** जस्ता महत्त्वपूर्ण ग्रन्थहरूको भाष्यानुवाद गरे अनुसार भगवत् आस्था वा धार्मिक आस्था महान् र उच्च भएको महसुस हुन्छ । मन, वचन र कर्मले लागि पर्ने व्यक्तिको रूपमा पनि परिचित भएका छन् । संसारका दृश्य प्रपञ्चबाट मुक्त हुन चाहनु उनको महत्त्वपूर्ण पक्ष हो ।

समाज सेवा पनि एउटा उनको उचित कार्य भएको र सामाजिक मूल्य, मान्यता, संस्कार एवं संस्कृतिको पालना गर्नु पनि धार्मिकताको एउटा श्रेणी हो । उनी धार्मिक क्षेत्रमा सानै उमेरदेखि लागेको हुनाले उनलाई परिपक्व, बौद्धिक र प्रतिष्ठित धार्मिक व्यक्तित्वका रूपमा ठम्याउन सकिन्छ । 'धारयति इति धर्मः' अथवा 'धारणा धर्मः' भनेर परिभाषा एवं अर्थ गरेको पाइन्छ । जुन व्यक्तिले सत्यको धारणा गरेको छ, त्यो धार्मिक हो । सत्यलाई धारणा गर्नु नै धर्म हो भने सत्य अँगाल्ने व्यक्ति नै धार्मिक हो । धार्मिक अवस्था भनेको धर्म अगाँलेको समयावधि नै हो । तिवारीको धार्मिक अवस्था राम्रो छ । आफ्नो परम्परा नछोडेको, धर्मलाई पूर्ण रूपमा अँगालेको र धार्मिक मर्यादा पालन गरेको देखिन्छ । उनी सानैदेखि माछा, मासु, लसुन, प्याज, जाँड, रक्सी, चुरोट, खैनी, सुर्तीजन्य नसालु पदार्थ नखाने र सात्विक वस्तुलाई मात्र लिने गरेको पाइन्छ । त्यसैले तीर्थस्थल देवघाटमा धर्मको आश्रय लिई निरन्तर कल्पवासीको रूपमा हालसम्म नै बस्दै आएका छन् । धार्मिक आस्थाद्वारा नै मानिसले सही बाटो पहिल्याउन सक्दछ भन्ने धारणाबाट तिवारी विश्वस्त रहेका छन् ।

---

[१७] ऐजन

## २.१० रुचि तथा स्वभाव

प्रत्येक मानिसका रुचि तथा स्वभाव भिन्न-भिन्न किसिमका हुन्छन् ।[१८] मानिसले अनगिन्ती इच्छा तथा चाहना गर्छ । यो उसको निजी विशेषता हो । रुचि मान्छेको चाहनासँग सम्बद्ध छ भने स्वभाव भन्नाले उसको जीवनमा भएको जन्मजात गुण वा आर्जित बानीबेहोरा भन्ने बुझिन्छ । अर्थगत दृष्टिले अध्ययन गर्दा व्यक्तिले देखेका भोगेका वस्तुबाट आफूलाई मन पर्ने वस्तु छान्नु रुचि हो भने आफूसँग रहिरहने निजी वा वैयक्तिक गुण नै स्वभाव हो । हरेक मान्छेले आफ्नो रुचि अनुसार काम गर्दछ । कोमलदत्त तिवारीका पनि आफ्नै रुचि र स्वभावहरू छन् । आफ्नो राष्ट्र र राष्ट्रियताप्रति आस्था र देश तथा जातिप्रति गौरव गरी सादा जीवन र उच्च विचार राख्ने तिवारी सामान्य लवाइखवाइलाई प्राथमिकता दिएर साधारण पहिरनमा देखिन्छन् । आफ्नो जन्म स्थलो, हावा, पानी, माटो, आफ्नो संस्कृति, वातावरण, रीतिरिवाज, चालचलन, वंशपरम्परा, हिन्दूको मूल्य र मान्यता आफ्नो संस्कार आदिको पालना र जगेर्ना गर्नु मान्छेको कर्तव्य सम्झन्छन् । सेतो कुर्ता, धोती वा सुरुवाल लगाएर शीरमा ढाका ढोपी पहिरेर सामान्य जीवन जिउने व्यक्तिको रूपमा परिचित छन् । खाने आहारको सन्दर्भमा साधारण दालभात, तरकारी, अचार, दही, दूध, घिउ, धनियाँ र लुडेको साग, गावा, बेथे, टमाटर, कुरिलोको तरकारी मन पर्दछ । सरल, मिलनसार, प्रियबोली, समान व्यवहार गर्ने, सबैको भलाई, हित एवं कल्याण चाहने, धार्मिक प्रवृत्ति, सेवा सहयोग माध्यान दिने, स्वाभीमानी र स्वावलम्बी भावना स्वदेशमा उत्पादित वस्तुको उपभोग गर्नुपर्ने धारणा रहेको छ ।[१९] दीन दु:खीको सेवा र सहयोग गर्न पाउँदा तिवारीलाई आनन्द आउँदछ । कविहरूमा माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र पूर्वीय साहित्यकारहरू कालिदास, मम्मट, वामन, भरत जस्ता साहित्यकारहरू मन पर्दछन् ।

सानै उमेरदेखि साहित्य पढ्ने, कविता कोर्ने, आफ्नो नित्यकर्म गर्ने, धार्मिक सत्सङ्गमा समय खर्चने व्यक्तिको रूपमा देखा पर्दछन् । एकान्तमा बस्ने, प्राकृतिक सुन्दरता हेरेर रमाउने, फूल टिप्न मन पर्ने, पौडी खेल्न, कपर्दी खेल्न, चेस खेल्न मनपराउने, शुद्ध शाकाहारी खाना खाएर सन्तुष्ट रहने, राष्ट्र प्रेम र धर्म-संस्कृतिको संरक्षण गर्न चाहने, बौद्धिक तर्क र शास्त्रीय मतमा अडिग रही अनुशरण गर्न रुचि राख्ने व्यक्ति हुन् ।

---

[१८] अनिता कुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६७, पृ. १६ ।

[१९] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

## २.११ भ्रमण

हरेक मानिसका आ-आफ्नै चाहनाहरू हुन्छन् ।[२०] कोही व्यक्ति खेलकुदमा रमाउँछन् । कोही नृत्य र नाचगानबाट आनन्द लिन्छ । कोही व्यक्ति प्रकृतिका विभिन्न वस्तुहरूको अवलोकन भ्रमण र निरीक्षण गरेर रमाउने गर्दछन् । मानिस शान्त, एकान्त र रमणीय स्थानमा बसेर दिन बिताउन खोज्दछ । मानिसहरू धार्मिक, शौक्षिक, राजनैतिक, व्यापारिक र साँस्कृतिक एवम् साहित्यिक उद्देश्यले भ्रमण गर्दछन् । यसरी नै भ्रमण गर्नेमध्ये कोमलदत्त तिवारी पनि एक हुन् । नेपालका विभिन्न क्षेत्रमा भ्रमण गरेका छन् भने भारतका कतिपय तीर्थ स्थलहरूको पनि भ्रमण गरेका छन् । मातृभूमिको सबै भूभागप्रति अत्यन्तै श्रद्धाभाव दर्साउने कोमलदत्त तिवारीले धार्मिक दृष्टिकोणले नेपालमा अधिकांश तीर्थ स्थलहरूको भ्रमण गरेका छन् । देखेर, भोगेर, अनुभव गरेर ज्ञान-सीप आर्जन हुने भएकाले पनि तिवारी भ्रमणमा ज्यादै प्रिय राख्ने व्यक्ति हुन् । नदी, नाला, पहाड, हिमाल, ताल-तलैया, वन, पाखा, पखेरा, वन्यजन्तु, तीर्थ स्थल, उद्योग, कल कारखाना, सामाजिक, सङ्घ-संस्था र विविध पक्षको अध्ययन, अवलोकन गर्ने अवसर भ्रमणबाट प्राप्त हुने भएकाले पनि तिवारी भ्रमणमा रुचि राख्ने व्यक्ति हुन् । जीव र जगत्का यावत् वस्तु पदार्थ प्रत्यक्ष रूपमा देखेर जुन ज्ञान हुन्छ, त्यो ज्ञान सुनेर नहुने भएकाले भ्रमणको विशेष महत्त्व रहेको पाइन्छ । तिवारी जागिरे जीवनका अवधिमा पनि घुमफिर गरेका स्थानहरूको वस्तुस्थितिलाई आफ्नो जीवनको अमूल्य क्षणको रूपमा लिने तिवारीमा भ्रमणको सान्दर्भिकता पनि झल्किन्छ ।

## २.१२ साहित्यिक मान्यता र जीवनदर्शन

**साहित्य** आफ्नो हृदयले अनुभूति गरेको शिष्ट तथा कलात्मक अभिव्यक्ति हो । शाब्दिक अर्थमा साहित्य भन्नाले शब्द र अर्थको सहभाव साहित्य हो । अन्तर्मनको उद्गार नै साहित्य हो । रागात्मक भाव भएको अलङ्कारिक अभिव्यक्तिलाई साहित्य भनिन्छ । जीवन र समाजलाई बदल्ने आदर्श नै साहित्य हो ।[२१] साहित्य समाज सुधारका लागि लेख्नु पर्छ । साहित्यमा मानवतावाद, जीवनवादी चिन्तन मानवतावादको संरक्षण, मानवीय भावनाको विकास, मानवताप्रति प्रेम-सहयोग, सम्मान जस्ता कार्य रहेको स्वीकार गर्नुपर्छ । कोमलदत्त तिवारी अद्वैत वेदान्त दर्शनबाट प्रभावित देखिन्छन् । जगत्गुरु शङ्कराचार्यले लेखेका अद्वैत

[२०] शोधनायकको अन्तवार्ताबाट प्राप्त जानकारी अनुसार ।

[२१] अनिता कुमारी पण्डित, **सरस्वती रिजालको जीवन, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** पूर्ववत्, पृ. १७ ।

वेदान्त शङ्करभाष्य ग्रन्थले प्रतिपाद्य विषयलाई जीवनदर्शनको रूपमा प्रभाव पारेको हुनाले उनी प्रभावित भएका छन् । समाज सेवा नै सर्वोपरि रहेकाले सेवालाई आत्मसात् गरी मानव जीवनलाई सार्थक बनाउनु पर्छ र मानव जीवनको उपयोग गर्नुपर्छ भन्ने आदर्शवादी तिवारी धर्म र कर्ममा विश्वास राख्छन् । मानव धर्मको औचित्य नै आदर्श जीवन जिउनु र आफूलाई सत्कार्यमा लगाउनु पर्छ भन्ने भावना नै उनको प्रबल उद्देश्य हो । मनका खराब विचारलाई हटाई पवित्र, स्वच्छ एवं निर्मल भावनाको अवलम्बन गर्नु नै जीवन दर्शनको मान्यता हो । राष्ट्रवादी भावना, सामाजिक भलाइ जस्ता असल सन्देश हुन् । कसैले पनि अमूल्य जीवन पाएर खेर पाल्नु हुँदैन भन्ने विचार तिवारीको रहेको छ । मानिसमा निहित असल भावले नै उसलाई उच्च बनाउँदछ,[२२] मानिस आदर्शको पुञ्ज हो, मनका खराब विकारलाई हटाएर समाज समुन्नत बन्न सक्दछ भन्ने तिवारी परहित, सामाजिक भलाइ र उदारता जस्ता मानवीय गुणका साथै राष्ट्रवादी विचार राख्ने व्यक्ति हुन् । उनमा विद्यमान आदर्श अनुकरणीय व्यक्तित्व साच्चै नै सबैका लागि प्रेरणाको स्रोत बन्न सक्छ । आत्मालाई चिन्नुपर्दछ । धन, सम्पत्ति र शरीरलाई मेरो भनी स्वार्थी प्रवृत्ति भएका मानिसलाई स्वार्थ त्यागी आफ्नो कर्तव्य बुझेर परहितमा लाग्नु पर्छ र आफूलाई सत्कार्यमा अगाडि बढाउनु पर्छ भन्ने विचार तिवारीको रहेको छ ।[२३]

## २.१३ सङ्घ-संस्थासँगको आबद्धता

तिवारी लामोसमयदेखि जागिरे जीवन व्यतीत गर्दै विभिन्न सङ्घ-संस्थामा आबद्ध भै काम गरेका व्यक्ति हुन् । उनले २००० सालदेखि सरकारी सेवामा प्रवेश गरी निरन्तर १७ वर्षसम्म कार्यरत रही आफ्नै इच्छाले अवकाश लिए तापनि सामाजिक सेवा तथा देशका नेपाली नागरिकप्रति र राष्ट्रप्रति उनको निकै योगदान रहेको छ ।[२४] सामाजिक सेवाको सन्दर्भमा २०११ सालदेखि आफ्नै जन्मस्थान सतीस्वाँरा गा.वि.स. वडा नं. ७ चैनडाँडामा प्रकाश प्रा.वि. को स्थापना आफूले नै गरेका र पछि त्यही मा.वि. बसास्थान मा.वि. को रूपमा परिवर्तन गरी भौतिक साधनस्रोत र भवन निर्माण, खेल मैदान, शिक्षकको व्यवस्था फर्निचर, खानेपानी आदि जस्ता आवश्यक व्यवस्था मिलाइएका हुनाले उक्त मा.वि. सुचारु रूपले सञ्चालन  हुँदै आएको छ । गाउँ कल्याण समिति लगायत अञ्चल, जिल्ला, नगर र

[२२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२३] ऐजन ।
[२४] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

ग्रामीण स्तरीय समितिमा रही आवश्यक सेवा सहयोग गरेका व्यक्तित्व हुन् । नेपाल बाल सङ्गठन लुम्बिनी अञ्चल समितिका सदस्य सचिव पदमा रही काम गरेका, नेपाल रेडक्रस सोसाइटी, रूपन्देही जिल्ला शाखाको स्थापनाकाल देखि नै उपाध्यक्ष पदमा रही काम गरेका, तत्कालीन नगर सेवा समितिका सदस्य पदमा रहेका, सिद्धार्थ कलेजको संस्थापक सदस्य भएका, रूपन्देही जिल्ला साहित्य समितिको सदस्य रूपन्देही बहुउद्देश्यीय सहायताकोशको सदस्य सचिव, रूपन्देही भूमिसुधार समितिको सदस्य, सिनेमा सेन्सरको सदस्य, पौष्टिक आहार वितरण क्षेत्रीय समितिको अध्यक्ष भै काम गरेका व्यक्ति हुन् ।[२५]

सामाजिक सङ्घ-संस्थाप्रति अत्यन्त लागि परेर सेवा सहयोग गर्ने पत्र-पत्रिका सम्बन्धी खोज खबर, सूचना, समाचार लगायतका कुराहरूमा चासो राख्ने, गोष्ठी, सेमिनार, सभा, समारोहमा सरिक हुने, आवश्यक आफ्ना तर्क, सुझाव, सल्लाह, सहयोग सद्भावना अनुरूप, निरन्तर आफ्नो पदीय दायित्व र कर्तव्य निर्वाह गरी आफ्नो भूमिका सम्पादन गर्ने कुशल व्यक्तित्वका रूपमा तिवारीको आबद्धता रहेको पाइन्छ ।

## २.१४ मान पदवी र पुरस्कार

कुनै पनि व्यक्तित्वलाई उसले गरेको कार्यको जाँचबुझ गरी तथा मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा उसको निम्ति थप हौसला प्रेरणा तथा प्रोत्साहन मिलोस् भन्ने उद्देश्य अनुरूप दिइने भौतिक उपहारलाई सामान्य तरिकाले पुरस्कार भनिन्छ ।[२६] तिवारीका जीवनमा त्यस्ता घटनाहरू घटेका छन्, जस्मा अविस्मरणीय क्षणको रूपमा स्मृति भई रहन्छन् ।[२७] २०१५ सालमा आफू साहित्य गोष्ठीमा जाँदा सँगै पढेको साथी विदेश गएको र विदेशमा नै उसको आकस्मिक दुर्घटना ग्रस्त भएको खबरले स्तब्ध तुल्याएको थियो । त्यसै गरी २०१९ सालमा **शिक्षाको महत्त्व** नाटक प्रकाशनमा आएपछि त्यस नाटकको बारेमा नेपथ्यमा नाटक अभिनय भए पश्चात् मानिसहरू धेरै प्रभावित भएको कारणले पनि आफू ज्यादै हर्षित एवम् गौरवान्वित भएको महसुस गरेका छन् । यस्तै गरी बच्चामा करीब ५ वर्षको उमेरमा नयाँ कपडा लगाउने ज्यादै चाहना भएकोमा साथीहरूले लगाए पनि आफूलाई नयाँ कपडा प्राप्त नभएको कारणले दुई छाक भात नखाई घुर्की लगाएको जस्ता

---

[२५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[२६] सूर्यविक्रम ज्ञवाली, **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौं : नेपाल, राजकीय प्रज्ञा प्रतिष्ठान २०४०, पृ. ४७४ ।

[२७] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

अनेक प्रकारका घटनाक्रम बेला-बेलामा स्मरण भै रहन्छन् । घटना वा दुर्घटनाका सन्दर्भहरू कोमलदत्त तिवारीका जीवनमा ती घटनाहरूले अजै पनि कुनै क्षण अविस्मरणीय घटनाका रूपमा लिन सकिन्छ ।

## २.१६ सारांश

कोलमदत्त तिवारीका पुर्खाहरू भारतको गढवाल क्षेत्रबाट नेपाल प्रवेश गरेका हुन् भन्ने बुझिन्छ । नेपालको पश्चिम क्षेत्र कर्णाली प्रदेशको सिञ्जाबाट नै फैलिँदै नेपालका विविध जिल्लामा वा अञ्चलमा बसोबास गर्दै आएको पाइन्छ । अधिकांश तिवारीहरू अजै पनि भारतमा ब्राह्मण जातिले परिचित प्रशस्त सङ्ख्यामा पाइन्छन् । नेपालमा पनि पूर्व र पश्चिम क्षेत्रहरूमा तिवारीहरूको प्रशस्त बसोबास भएको पाइन्छ । विशेष गरेर बाबु, बाजेहरू गण्डकी अञ्चल तनहुँ जिल्ला सतीस्वाँरा गा.वि.स. वडा नं. ७ चैनडाँडामा प्राचीन समयदेखि नै आई बसोबास गर्दै आएका त्यस वडामा तिवारीहरूको ठूलो सङ्ख्या रहेको र तिवारी गाउँ भन्न पनि सकिने भएको र त्यसै ठाउँमा कोमलदत्त तिवारीको जन्म भएको हो । उनको बाबुको नाम षडानन्द तिवारी हो भने उनकी आमाको नाम गौरादेवी तिवारी हो । तीन दाजुभाइ र दुई दिदी बहिनीमध्ये उनी तेस्रो भाइको रूपमा रहेका छन् । विभिन्न सङ्घ-संस्थामा आबद्ध भएका २००० सालदेखि सरकारी सेवामा कार्यरत रही १७ वर्ष लामो समय विताएका छन् । सामाजिक सेवाको सन्दर्भमा नेपाल बाल सङ्गठन लुम्बिनी अञ्चल समितिको सदस्य सचिव, नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखाको स्थापनाकाल देखि नै उपाध्यक्ष पदमा काम गरेका व्यक्ति हुन् । यसरी कहिले सदस्य, कहिले सदस्य सचिव, जहिले उपाध्यक्ष र कहिले अध्यक्ष समेत भएर काम गरेका सामाजिक व्यक्तित्वको रूपमा परिचित छन् । तिवारी विभिन्न क्षेत्रहरूमा सरिक भएर पनि साहित्यिक रचना समाज सेवा लगायत धार्मिक एवं अध्यात्मिक सन्दर्भमा ज्यादै रुचि राख्ने व्यक्ति भएकाले सत्सङ्गग, प्रवचन, जप, ध्यान, तीर्थ, व्रत र साधनामा संलग्न रही समयको सदुपयोग गरेको पाइन्छ । केही न केही कृत्यकर्म गरेर समयलाई सन्मार्गमा नै लगाइ रहन पाए हुन्थ्यो भन्ने उनको धारणालाई पनि धार्मिक कृतिको रचनाले प्रस्ट्याउँदछ । जीव र जगत्को यथार्थलाई केलाएर शान्त र सुन्दर जीवनयापन गर्नुपर्छ भन्ने विचारलाई आत्मासात् गरी, मठमन्दिर, साधु-सन्त, महन्त एवं विद्वान् वर्गको सङ्गतले मानिस महान् र उच्च बन्न सफल हुन्छ भन्ने धारणा पनि उनको रहेको छ । त्यसैले धार्मिक ग्रन्थको मर्म बुझेर साहित्य साधनामा संलग्न भएको

पनि महसुस हुन्छ । उनले **अष्टाबक्रगीता**, **अवधूत गीता** र **श्रीमद्भगवद्गीता**को भाष्यानुवाद गरी ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्ने काम ग्रन्थ मार्फत गरेको जानकारी पाइन्छ ।

मानिसको जीवन निरर्थक, क्षणभङ्गुर, नाशवान् र विनाशशील रहेको बताइन्छ । उनको मध्यमा सम्मको शैक्षिक योग्यता भएपनि अनौपचारिक रूपले भने स्वाध्ययन प्रशस्त गरेको पाइन्छ । सङ्घ-संस्थामा सेवा गर्दै तिवारीले सेवा नै धर्म हो भन्ने भाव व्यक्त गरेका छन् । जीवात्मा र परमात्माको एकीभूत गर्नु नै जीवनको लक्ष्य हुनुपर्छ भन्ने उपयुक्त सन्देश उनका कृतिले बताएका छन् । तिवारीले मानव उत्थान, जनचेतना समाज सुधार एवं धार्मिक र अध्यात्मक्षेत्रमा ठूलो योगदान दिएर आफ्नो मानव जीवनलाई समर्पण गर्न चाहन्छन् ।

## परिच्छेद : तीन

# कोमलदत्त तिवारीको व्यक्तित्व

# परिच्छेद : तीन
# कोमलदत्त तिवारीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो ।[1] व्यक्तित्वको आधारमा नै मानिस चिनिएको हुन्छ । व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । जीवन भोगाइका क्रममा आएका सुख-दुःखका विविध आरोह-अवरोह सम्बन्धित व्यक्तिको समाज, परिवार-शिक्षा दीक्षा, वातावरण परिवेश आदि नै व्यक्तित्व निर्माणका कारकतत्त्व हुन् । कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्ति विशेषले गाउँ, समाज र सिङ्गो राष्ट्रमा छोड्ने उसको प्रतिभा र क्षमताको गहन र स्पष्ट छापलाई नै व्यक्तित्व भनिन्छ ।[2] कुनै पनि व्यक्तिले जीवनका ज्ञान र अनुभवका आधारमा कृतिहरूको रचना गर्दछ र रचनामा उसको व्यक्तित्वको प्रभाव पर्दछ । साहित्य र समाजप्रति समर्पित एउटा व्यक्तिको स्वभाविक गुणले उसको निजी व्यक्तित्व निर्माण हुन्छ नै सामाजिक कार्यले उसको सार्वजनिक व्यक्तित्व निर्माण हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नका लागि उसले जीवनमा भोगेका सुख-दुःख जीवन यात्राका आरोह-अवरोहहरू ऊ बाँचेको सामाजिक वातावरण र प्राप्त गरेका अुनभवहरूलाई पनि बुझ्नुपर्ने हुन्छ । यस आधारमा कोमलदत्त तिवारीको व्यक्तित्वको अध्ययन गर्दा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई मूलरूपमा आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । आन्तरिक व्यक्तित्व व्यक्तिको जीवनको अन्तर्दशनबाट निःसृत व्यक्तित्व हो भने बाहिरबाट झट्ट हेर्दा देखिने जिउडालको भौतिक संरचना नै कुनै पनि मानिसको बाह्य व्यक्तित्व हो । यसैले कोमलदत्त तिवारीको व्यक्तित्वको अध्ययन पनि आन्तरिक र बाह्य दुवै कोणबाट गर्न सकिन्छ ।

---

[1] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत शब्दकोश** पुनर्मुद्रित, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. २० ।

[2] गंगाकुमारी सुवेदी **भट्टराई कवि पोषराज पौडेलको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन**, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०५९, पृ. ३० ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व हो ।[३] जुन बाहिरबाट हेर्दा छर्लङ्ग देखिन्छ । कोमलदत्त तिवारीको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि आकर्षक देखिन्छ । ५ फिट ६ इन्चको उचाइ पैँसट्ठी के.जी. तौल भएका गहुँगोरो वर्ण, शरीर पुष्ट, बाटुलो मुखाकृति, मझौला कद, सुहाउँदो नाक, कपाल फुलेको, फरासिलो, शान्त मुखाकृति भई अठासी वर्षमा प्रवेश गरेका तिवारी अझैपनि जोस, जाँगरका साथ नित्यकर्म र लेखन कार्यमा निरन्तर लागिरहेका छन् । उनी सरल पवित्र भावना, निष्कपट व्यवहार, आकर्षक शारीरिक व्यक्तित्व, मीठो बोली, उदार भावना, दयालु स्वभाव, सहयोगी, सेवामा सधैं तत्पर, विनयशीलता, गम्भीर चिन्तनशील, अध्ययनशील, सत्य बोल्ने, प्रिय बोल्ने, असत्य र झुटो बोल्न हुँदैन भन्ने, सबैसँग मित्रवत् व्यवहार गर्ने, नरिसाउने, अल्पभाषी, अरूका कुरा ध्यान दिएर सुन्ने, बुझ्ने प्रयत्न गर्ने, कुरा बुझिसकेपछि विस्तारै आफ्ना कुरा राख्ने जस्ता गुण एवं बानी भएको पाइन्छ । उनको व्यवहार बानीबाट मानिसहरू यथाशीघ्र प्रभावित हुन्छन् । उनी सामाजिक रूपमा समाज सेवामा संलग्न भएर कीर्ति राख्न सफल व्यक्तित्व हुन् । तिवारीमा मानवतावादी भावना, राष्ट्रवादी चिन्तन, दया, करुणा माया, विवेकशीलता जस्ता भावनाहरू पाइन्छन् । यिनै कुराले उनको बाह्य व्यक्तित्वलाई अझ उचाइमा पुऱ्याएको छ । उनको व्यवहार र स्वभावको बारेमा धेरैले प्रशंसा गरेको पाइन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

हरेक व्यक्तिको अन्तर्निहित क्षमता र प्रतिभा तथा गुण विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ ।[४] कुनै पनि व्यक्तिले आफ्नो व्यक्तित्वको निर्माण समाजबाट नै गर्दछ । समाजमा उसले देखे-भोगेका अनुभव गरेका क्रियाप्रतिक्रियाबाट जुन अन्तर्बोध हुन्छ, त्यसैले उसको व्यक्तित्व निर्माणमा सहयोग गर्दछ । त्यसैले हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, आर्थिक परिवेश एवम् शिक्षा-दीक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कोमलदत्त तिवारीको समग्र व्यक्तित्व अध्ययन गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ । तिवारी नेपाली साहित्यको श्रीवृद्धिमा समाज सेवा र राष्ट्रोन्नतिमा जेजति योगदान दिएका छन् त्यो कुरा बुझ्न उनको जीवनका विभिन्न

[३] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[४] कृष्णप्रसाद अधिकारीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

पाटाहरू अध्ययन गर्नु पर्ने हुन्छ । उनको आन्तरिक व्यक्तित्वका पाटाहरूलाई विभिन्न दृष्टिकोणले हेर्न सकिन्छ । विचारमा गहनता, सभ्य, शिष्ट, लगनशील एवं फराकिलो हृदयले भरीपूर्ण भएका विवेकशील, अध्यात्मवादी ज्ञानवान्, ईश्वर भक्तिमा तल्लीनता भएका, संयमी, साधु, सन्त, महन्त, जोगीको अनुशरण गर्ने एक शुद्ध सात्त्विक कृतिले युक्त, ज्ञानानन्द सरस्वती र रामानन्द गिरिको सत्सङ्गबाट आन्तरिक ओजपूर्ण व्यक्तित्व रहेको पाइन्छ । आन्तरिक व्यक्तित्वलाई साहित्य र साहित्येतर दुई भागमा विभाजन तथा वर्गीकरण गरी अध्ययन गर्न सकिने भएकाले तिवारीको आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई तरिकाले अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

कोमलदत्त तिवारीले साहित्य एउटा अन्तर्हृदयको उद्गार हो र साहित्य वास्तवमा स्वान्तः सुखायका लागि नभई परोपकारका लागि हुनुपर्छ भनेका छन् ।[५] समाजमा देखिएका अन्याय अत्याचार, व्यभिचार र उत्पीडन जस्ता खराब प्रवृत्तिको उन्मूलन गर्न र दीनदुःखीहरूको पक्षमा बोल्नुपर्छ भन्ने भावना रहेको र मानवतावादी भावनाले युक्त तिवारी २०११ सालदेखि साहित्य साधनामा साधनारत रही उत्कृष्ट कृतिहरू भाष्यछन्द र भाषानुवादमा रचना गरेका छन् । २०१९ सालको प्रथम कृति **शिक्षाको महत्त्व** (सामाजिक नाटक) लेखेर साहित्य यात्रा प्रारम्भ गरेका तिवारीका दुई दर्जन जति अन्य कृतिहरू पनि रहेका छन् ।

**ज्ञानोपदेश** पद्यमा (२०४७), **श्रीरामगीता** भाष्य छन्दमा (२०५०), तत्त्व**दर्पण पद्यभाषा टीकासहित** (२०५१), **ज्ञानमाधुरी** पद्यमा (२०५४), **उपदेशसार** नेपाली अनुवाद (२०५६), **अवधूतगीता** नेपाली भाष्यछन्द एवं टीका सहित (२०५७), **सजिलै ब्रह्मज्ञान** भाष्यछन्द एवं टीका सहित (२०५८), **दृग्दृश्य विवेक** नेपाली भाष्यछन्द एवं टीका सहित (२०५९), **मनको निवेदन-वुद्धि विनोदको उत्तर** पद्यमा (२०५९), **अष्टावक्र गीता** (२०६०) आदिकृतिहरूको भाष्य र भाषानुवाद एवं भाष्यछन्द लेखी नेपाली भाषा साहित्यको अमूल्य योगदान दिएका छन् । अनवरत रूपमा नेपाली कविता लेखिरहने तिवारीले साहित्य क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण योगदान दिई संस्कृत भाषाका लिखित कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेर उल्लेख्य योगदान दिएकाले उनी साहित्यिक व्यक्तित्व रूपमा रहेका छन् ।

[५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

मानवीय मूल्य र मानवतावादसँग सम्बद्ध लेखहरू रहेका छन् । उनी धार्मिक तथा आध्यात्मिक क्षेत्रका ज्ञानदान पुरुषको रूपमा देखिन्छन् भने कृति रचनाको दृष्टिमा मानव सेवाका प्रवर्तक रहेका छन् । उनका कृतिहरू सरल र सहज भाषामा सुबोध्य कृतिहरू संरचित देखिन्छन् ।

त्यसैले उनका कृतिहरूमा 'सत्यम्, शिवम्, सुन्दरम्' को भावनाले युक्त साहित्यिक व्यक्तित्व झल्किन्छ ।[६] स्वामी ज्ञानानन्द सरस्वतीका अनुसार "सजिलै ब्रह्म ज्ञान" अर्थात् **ब्रह्मानु चिन्तनम्** ग्रन्थबाट भाषानुवाद गरिएको कृति ज्यादै महत्त्वपूर्ण एवं गहकिलो भएको र वेदान्त, साहित्य र कलाले युक्त भएका तिवारी प्रमुख व्यक्तित्व हुन् ।[७]

माधव घिमिरेका अनुसार लेखनाथद्वारा विरचित **वुद्धि विनोद**का प्रश्नहरूको उत्तरमा **मनको विवेदन** कृति लेखी कोमलदत्त तिवारीले वेदान्तपरक आफ्ना भावना पोखेका र पद्य शैलीमा लेखेर २०५९ सालमा रमादेवी तिवारीद्वारा प्रकाशन गरिएको र उक्त रचनाको प्रारम्भिक आफ्नो सम्मतिमा **वुद्धिविनोद**का प्रश्नहरूको उत्तरमा तार्किक र बौद्धिक, क्षमता दसाईएको सन्दर्भ प्रस्तुत गरिएको छ ।[८] स्वामी रामानन्द गिरीले कोमलदत्त तिवारीद्वारा लिखित **अष्टावक्रगीता** भाष्य छन्दमा अनुवाद गरी २०६० सालमा साझा प्रकाशनबाट प्रकाशन गरिएको रचना मानवोचित, सारगर्भित एवं उत्कृष्ट रहेको प्रत्यक्ष मुमुक्षु जनलाई लाभान्वित हुने कुरा व्यक्त गरिएको छ । विभिन्न व्यक्तित्वहरूका भनाइ बमोजिम मानवीय संवेदना र आत्मीय भावना भएका र नेपाली साहित्यको उत्थानमा पुऱ्याएको योगदानले उनको साहित्यिक व्यक्तित्व पुष्टि भएको पाइन्छ ।

## ३.३.१.१ कवि व्यक्तित्व

कोमलदत्त तिवारीको साहित्यिक व्यक्तित्व नै कवि व्यक्तित्व हो ।[९] तिवारी नेपाली साहित्य क्षेत्रमा २०१९ सालमा लेखिएको **शिक्षाको महत्त्व** नाटक लेखेर सार्वजनिक रूपमा साहित्य जगत्मा उदाएका व्यक्ति हुन् । पहिलो प्रकाशित कृतिको रूपमा नाटक नै मानिन्छ । उनको दोस्रो कृति **ज्ञानोपदेश** (पद्यमा) वि.सं. २०४७ सालमा प्रकाशित भएकोले राम्रो सन्देश दिएको पाइन्छ । यसैगरी **श्रीराम गीता** भाष्य छन्दमा टीका सहित २०५०

[६] ज्ञानान्द सरस्वती, *आशीर्वचन,* **सजिलै ब्रह्मज्ञान,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०५८, भूमिका खण्ड ।

[७] माधव घिमिरे, **मनको निवेदन,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी २०५९ पृ. भूमिका खण्ड ।

[८] स्वामी रामानन्द गिरी, *भूमिका,* **अष्टावक्र गीता,** कोमलदत्त तिवारी, ललितपुर : साझा प्रकाशन २०६० ।

[९] परमानन्द सरस्वती, **श्रीरामगीता,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०६० भूमिका खण्ड ।

सालमा लेखेर राम चरित्रको माध्यमबाट ज्ञान, भक्ति र वैराग्यको मार्मिकतालाई प्रस्ट्याइएको छ । अनुसन्धानत्मक ब्रह्म विद्या श्रुतिपरक छ र यस ग्रन्थलाई छन्दोबद्ध रूपमा छायानुवाद गरी **हितोपदेश**को रूपमा रचना भएकाले शुभकामना दिइएको छ ।

**तत्त्वदर्पण** पद्यमा टीका सहित २०५१ सालमा लेखेर मानवीय संरचनाको तत्त्व विवेचना गरेका छन् । अनेक तत्त्वद्वारा मानवको बारेमा स्थूल वा सूक्ष्म शरीरको परिचय दिई अध्यात्मज्ञानको चर्चा **तत्त्व दर्पण**मा तिवारीले गरेका छन् । **ज्ञानमाधुरी** (पद्यमा) २०५४ मा लेखिएको प्रकाशित कृति हो, यसले भौतिक प्रपञ्चको ज्ञान गराइ अध्यात्म क्षेत्रमा लम्कने सन्देश पाइन्छ । यो उत्कृष्ट कृतिको रूपमा रहेको पाइन्छ । तिवारी एक साहित्यिक, कवि, नाटककार, समाजसेवी, धार्मिक व्यक्ति तथा सशक्त क्रियाशील व्यक्तित्व हुन् ।[१०] कुनै वाद, समूह, सम्प्रदाय र सङ्कीर्ण चित्तस्थितिबाट माथि उठेर विराट् भावनाले निरन्तर कार्य क्षेत्रमा लागि रहने जुन प्रवृत्ति कोमलदत्त तिवारीमा देखिएको छ, त्यो प्रवृत्ति अरूमा पनि प्राप्त होस् भन्ने कुरा शुभेच्छुकहरूको पाइन्छ । **उपदेशसार** नेपालीमा अनुवाद (२०५६) गरिएको महत्त्वपूर्ण कृति हो । यस कृतिले आत्मा र परमात्मा सम्बन्धी उपदेश तथा भौतिक पद-पदार्थहरू नाशवान्, मिथ्या एवम् क्षणभङ्गुर मानिएको छ । यसै गरी २०५७ सालमा रचिएको अबधूत गीताको नेपाली भाष्य हुनुले वैदिक ज्ञानको पराकाष्ठ स्वरूप महत्त्वपूर्ण पथ प्रदर्शकको संज्ञा दिएको छ ।[११] २०५८ सालमा लेखिएको **सजिलै ब्रह्मज्ञान** पनि अध्यात्म क्षेत्रको उच्चकोटिको ग्रन्थ मानिन्छ । युगबोधका साथै ब्रह्मबोध गराउने साहित्यिक कृतिले कवि व्यक्तित्व र महत्त्वलाई बढाएको पाइन्छ । यसै गरी २०५९ सालमा संरचित ग्रन्थ **दृग्दृश्य विवेक**ले प्रकृति र पुरुषको दुवै अस्तित्त्वका साथ पुरुष र प्रकृतिलाई जितेर परमात्मालाई स्वीकार गर्नुपर्ने आशय प्रस्तुत भएको छ । वि.सं. २०५९ सालमा लिखित **मनको निवेदन**ले वेदान्त शैलीमा संरचना भएको कृतिले सकारात्मक धार्मिक महत्तालाई अँगालेको पाइन्छ । यसै गरी २०६० सालमा लेखिएको **अष्टाबक्र गीता**ले स्वप्नरूपी संसारबाट मुक्त भै परमधाम जानुपर्छ, ज्ञानमा परिपक्व भएर संसारलाई स्थायीत्व मान्नु हुँदैन भन्ने सन्देश दिन खोजिएको छ । यसै गरी निरन्तर कलम चलाएर नेपाली भाष्य छन्दमा रचिएका कृतिले कवि व्यक्तित्वलाई शिखरमा पुऱ्याएको पाइन्छ । तिवारीको कवि व्यक्तित्व सान्दर्भिक भएको देखिन्छ ।

---

[१०] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[११] ऐजन

### ३.३.१.२ लेखकीय व्यक्तित्व

कोमलदत्त तिवारीको विविध व्यक्तित्वमध्ये लेखकीय व्यक्तित्व पनि एक हो । उनले समसामयिक विषयवस्तुसँग रहेर विविध लेख, कृति, लेखी प्रकाशित गरेका छन् ।[१२] यिनले सामाजिक कथा व्यथा र विविध घटनामा आधारित मौलिक कृति संरचना गरेका छन् । समाजका विसङ्गति, विकृति पन्छाएर राष्ट्रिय र राष्ट्रियताप्रति समर्पित भई राम्रा नराम्रा जीवनका क्षण सत्यलाई अँगालेर अनुभूतिको सँगालोको रूपमा सम्प्रेषित विचार प्रस्तुत भएका छन् । विशेष गरेर तिवारीको भौतिक दृश्य प्रपञ्चबाट अलग रही मोक्षसाधनामा उन्मुख हुन प्रेरणादायी लेखकीय व्यक्तित्व देखिन्छ । २०१९ सालमा **शिक्षाको महत्त्व** नाटकले लेखन क्षेत्रमा प्रवेश पाएर करिब दुई दर्जन जति कृति निर्माण गर्नुमा उनको लेखकीय व्यक्तित्व विशेष रूपले झल्किएको देखिन्छ । नेपाली शैलीमा रचना भएको दोस्रो पद्यकृति **ज्ञानोपदेश** २०४७ सालमा प्रकाशित भएको हो । यस कृतिले पनि महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । यस्ता नाटक कविता, भाष्यानुवाद जस्ता क्षेत्रमा कलम चलाएर समाज चेतनाको जागरण ल्याउन प्रेरित गरेको पाइन्छ । भौतिक विषयवस्तु भन्दा आध्यात्म विषय वस्तुलाई मूलस्रोतको रूपमा स्वीकार गरी **श्रीरामगीता** भाष्य छन्दमा लेखेर आफ्ना भाव र विचारलाई प्रस्फुटन गरेका छन् । देशप्रतिको आस्था, प्रजातन्त्रको चाहना सामाजिक उत्थान, राष्ट्रवादी भावना, परोपकारको उद्वेगले प्रेरित भएर देशप्रेम भावनाले स्थान पाएका कविताहरू छचल्किएका छन् । तिवारीले विविध विधामा कलम चलाए पनि विशेष गरेर आधिकारिक विधा भनेको नाट्य विधा र कविता विधा महत्त्वपूर्ण भएको पाइन्छ ।[१३] समय सापेक्ष अनुरूप उनले २०१९ सालको सामाजिक परिस्थिति जन्य कृतिको रूपमा सामाजिक नाटक **शिक्षाको महत्त्व** लेखेर शैक्षिक चेतना सामाजिक जागरण ल्याएको पाइन्छ । तिवारीका कृतिहरूमा मानवीय गुण, मानवीय अस्तित्व र मानवीय कर्तव्य एवं दायित्व बोध जस्ता स्वभाव सम्पन्न कृति रहेका छन् । तत्कालीन अवस्थामा सर्वसाधारणले शिक्षा-दीक्षा नपाउने, सम्पन्न घर वा धनीवर्गका बालबालिकाले मात्र शिक्षा प्राप्त गर्ने माध्यम मात्र भएकाले पनि यस्ता नाटकको खाँचो महसुस भएर यो कृति लेखिएको हुन सक्छ । धार्मिक चेतनाको एउटा आधार देखिएको छ भने शैक्षिक चेतनाको ज्योति बालेर देशका नागरिकले शैक्षिक अवसर प्राप्त गर्ने मौका आउन सक्ने देखिएको छ । तिवारीमा समाजबोधको एउटा असल भावना प्रेरित भएका कारणले परहित र कल्याणको निम्ति कृति मार्फतबाट लेखकीय व्यक्तित्व

---

[१२] शिवबहादुर क्षेत्रीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[१३] ऐजन ।

चम्काएका छन् किनभने उनले धार्मिक, सारगर्भित तथा मानवजीवनलाई सार्थक तुल्याउने एउटा महत्त्वपूर्ण संस्कृत साहित्यको उल्लेख्य कृतिको **अवधूतगीता**को भाष्यछन्दमा लेखे बापत उनलाई गुणराज पुरस्कार वि.सं. २०५७ मा प्राप्त भएका कारण लेखकीय व्यक्तित्व चम्केको मान्न सकिन्छ ।

### ३.३.१.३ साहित्येतर व्यक्तित्व

विभिन्न साहित्यिक संस्थाहरूको संलग्नता र साहित्य सिर्जनशीलताले व्यक्तिको साहित्यिक व्यक्तित्वको परिचय दिइरहेको हुन्छ ।[१४] साहित्यका अतिरिक्त समाज वा राष्ट्रका लागि उसबाट गरिएका निःस्वार्थ क्रियाकलापहरू नै उसको साहित्येतर व्यक्तित्वका परिचायक हुन् । विभिन्न सङ्घ-संस्थामा सेवा गरेर आफ्नो व्यक्तिगत स्वार्थ नराखी सामाजिक रूपले सेवा, सहयोग र परोपकारका निम्ति लागि पर्ने व्यक्तित्वका रूपमा कोमलदत्त तिवारी देखिएका छन् भने धारणाहरू विभिन्न व्यक्तिहरूले प्रकट गरेको पाइन्छ । शिक्षक शिवबहादुर क्षेत्रीका अनुसार उनी दयालु, समाजसेवी, परोपकारी कर्तव्यनिष्ठ, अध्यात्मवादी, राष्ट्रवादी भावना भएका जागरुक सचेत नागरिकको रूपमा देखिन्छन् ।

उनले शैक्षिक क्षेत्रमा अमूल्य योगदान दिएका छन् । सतीस्वाँराको प्रकाश प्रा.वि.लाई बसाहास्थान मा.वि.को रूपमा परिवर्तन गरेर विकासको फड्को मारेकाले शिक्षामा उनको देन देखिन्छ । गाउँसमाजका निम्ति ग्रामीणस्तरीय आवश्यक सहयोग सेवा लगायत, जिल्ला, अञ्चल र केन्द्रीयस्तरका आवश्यक मद्दत र आफ्नो भूमिकाप्रति कमी नभएको देखिन्छ । शान्त, सरल र उपकारी भावनाले युक्त भएका तिवारीको साहित्येतर व्यक्तित्व महत्त्वपूर्ण रहेको छ । तिवारी "सादा-जीवन उच्च विचार" भएका व्यक्ति हुन् ।[१५] विभिन्न पदमा रहेर पदीय दायित्व निर्वाह गर्ने, बालबालिकाहरूको देखरेख, सामाजिक उत्थान, मानवीय कल्याणका लागि लागिपर्ने, सेवाको भावना, विश्वबन्धुत्वको भावना, पक्षपातरहित व्यवहार यथार्थवादी प्रवृत्ति, समाजसेवी, सामाजिक उत्तरदायित्व बोध गर्ने लगनशील अध्ययनशील, मननशील, शान्त, सरल, स्वभाव भएका व्यक्ति हुन् ।

आध्यात्मिक क्षेत्रमा निरन्तर लागेर समयको सदुपयोग गर्ने, चरित्रवान् भगवद् भक्ति परायणमा सशक्त क्रियाशील आदि साहित्येतर व्यक्तित्व तिवारीमा रहेको पाइन्छ ।

---

[१४] अनिताकुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ३० ।
[१५] शिवबहादुर क्षेत्रीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

### ३.३.१.४ समाजसेवी व्यक्तित्व

कोमलदत्त तिवारी सानैदेखि समाजसेवी व्यक्ति हुन् । "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः" भन्ने धारणामा प्रेरित भएका तिवारीले समाज सेवालाई उत्तम सेवाका रूपमा लिएका छन् । गरिब, दीनदुःखी, लुला, लङ्गडा, अपाङ्ग, असहाय, व्यक्तिहरूप्रति उनको सहानुभूति दया, करुणा र माया, ममताका साथ सेवामा संलग्न भएर दिनचर्या व्यतीत गर्न रमाउँदै संसारमा अन्य सेवा भन्दा मानव सेवा नै सर्वोत्तम सेवाका रूपमा लिइने भएकाले समाजप्रति आफ्नो दायित्व रहेको हुन्छ भनी सेवामा समर्पित रहन चाहन्छन् । लक्ष्मीप्रसाद देवकोटाका अनुसार "मनरूपी सिंहासनमा जगदीश्वरको राज" भन्ने सन्देश भएको र दीन-दुःखी आर्तहरूको दुःख, पीडा र उनका घाउमा मलम लगाऊ भन्ने भनाइलाई चरितार्थ गर्न सफल व्यक्तित्व रहेका छन् ।[१६] सानैदेखि नै उनले मठ, मन्दिर र सडक किनारमा मागेर हिँड्ने गरिबहरूको लागि केही न केही दिन चाहिरहन्थे । बूढापाका, अन्धा, अपाङ्गहरूलाई विशेष सेवा गर्ने गर्दथे । नेपाल बाल सङ्गठन लुम्बिनी अञ्चलको सदस्य सचिव, नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखाका उपाध्यक्ष, भैरहवा नगर पञ्चायतका मनोनित सदस्य, सिद्धार्थ कलेजको संस्थापक सदस्य, रूपन्देही भूमि सुधारको सदस्य, पौष्टिक आहार वितरण क्षेत्रीय समितिको अध्यक्ष भएर विभिन्न सङ्घ-संस्थामा अनवरत सेवा गरेका तिवारी असल समाज सेवी भएका व्यक्तित्व हुन् ।[१७]

तिवारी समाजका विविध समस्यासँग सहभागी भै आवश्यक सहयोग, मद्दत, सेवा र भूमिका निर्वाह गर्ने व्यक्तिका रूपमा परिचित छन् भने उनीमा अत्यन्त उदार र परोपकारको भाव ज्यादै भएको पाइन्छ । जीवनपर्यन्त सेवामा नै संलग्न रहेर समाजकै एक प्रतिष्ठित व्यक्तित्व भएका तिवारी समाजमा अग्र स्थान ओगट्न सफल देखिन्छन् । त्यसैले समाजमा उनी असल समाजसेवी व्यक्तित्वका रूपमा परिचित व्यक्ति हुन् ।

### ३.३.१.५ आध्यात्मिक व्यक्तित्व

अध्यात्म भनेको आत्मालाई चिन्नु हो ।[१८] अर्थात् भौतिक प्रपञ्चबाट भिन्न रही ईश्वरीय सत्ता प्राप्तिको चाहना हुनुलाई अध्यात्म भनिन्छ । कर्तव्य, अनुशासन नीति

---

[१६] सन्तोष सापकोटासँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[१७] केशव पौडेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[१८] मीनाकुमारी घिमिरे **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९, पृ. २६ ।

नियममा रही सत्य वस्तुको धारणा पनि अध्यात्म हो । आध्यात्मिकताले आफूलाई चिन्न, कर्तव्य चिनाउन र आफूलाई अनुशासित र नैतिकवान् बनाउँछ, भन्ने धारणा तिवारीमा पाइन्छ । अध्यात्म भन्नु नै दृश्य सांसारिक वस्तुदेखि भिन्न संसारका स्रष्टा, पालक संहारक अर्थात् ब्रह्माण्डको नियत्रा पहिचान गर्नु नै हो ।[१९]

हरेक व्यक्तिको सांसारिक मोहबाट निवृत्त भई आत्मबोध गर्नु देह-गेह आदिको सम्बन्धबाट पर रही परब्रह्म परमात्माको पहिचान गर्नु नै यथार्थमा अध्यात्मवादी अथवा आध्यात्मिक व्यक्तित्व भनी चिनिन्छ । कोमलदत्त तिवारी ईश्वरीय चिन्तन, समाजसेवा, भगवत् भक्ति, ज्ञान वैराग्यले युक्त, सन्त स्वभाव, सेवा, पूजा, आराधना, उपासना, स्तुति, प्रार्थना, अनुष्ठान एवम् तीर्थ, व्रत, धार्मिक चिन्तनमा सदा-सर्वदा लागिपर्ने व्यक्ति हुन् । अध्यात्म क्षेत्रमा लगनशील भएर सानै देखि सत्सङ्ग, विद्वान् व्यक्तिसँग भेटघाट, वार्तालाप, शास्त्रीय चर्चा, आत्मबोध सम्बन्धी धार्मिक ग्रन्थको अध्ययन, भक्तिभाव, प्रेम, निष्ठा, श्रद्धा, लगनशील भएका र अध्यात्म सम्बन्धी कृति लेखनमा महत्त्वपूर्ण योगदान दिएका व्यक्ति हुन् । अधिकांश उनका कृतिहरू अध्यात्मक ज्ञानको परिचायक पुस्तकका रूपमा परिचित छन् ।

मानिसको जीवन निरर्थक र नाशवान् भएकाले अमरत्व प्राप्त गर्न अध्यात्मको खोजी गर्नु पर्ने हुन्छ ।[२०] चौरासी लाख जुनी पश्चात् मानव जुनी पाइएकाले यसको पहिचान गरेर जीवन जिउनु सार्थक हुने भएको हुँदा असल पुरुषले देह-गेहादिका प्रपञ्चबाट मुक्त रही ईश्वरीय सत्ता र ईश्वरको पहिचान गर्नु नै आध्यात्मिकता भएकाले त्यसतर्फ लाग्नु जरुरी देखिन्छ । तिवारी पनि संसार एउटा झुट्टा, नाट्यशाला अथवा सपना भएकाले सत्य ठानेर आशक्तमा फस्नु जीवनको सार्थकता होइन, सार्थकता त त्यो हो, जसले आफ्नो जीवनमा सबै कुराहरूको बोध गरी आत्मज्ञान प्राप्त गरेर परमात्मा र जीवको एकीभूत हुने कार्यमा लाग्नु पर्छ भन्ने धारणा उनका कृतिहरूले प्रस्ट पारेका छन् ।[२१]

अध्यात्म मानिसलाई अनुशासित, नैतिकवान्, चरित्रवान्, परोपकारी र सत् गुणको निर्माण गर्न कटिबद्ध बनाउने एउटा आधारशिला पनि हो । अध्यात्म चिन्तनको एक प्रमुख माध्यम पनि व्यक्तित्वमा निर्भर रहन्छ । व्यक्ति र अध्यात्मको एकीभूत नै अध्यात्म व्यक्तित्व हो । उनका कृतिहरूमा **ज्ञानोपदेश, तत्त्वदर्पण, ज्ञान-माधुरी, उपदेशसार, सजिलै ब्रह्मज्ञान,**

---

[१९] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२०] ऐजन ।
[२१] ऐजन ।

**श्रीरामगीता** आदि भाष्य र पद्यानुवाद रचनाले कोमलदत्त तिवारीको अध्यात्मिक व्यक्तित्व पुष्टि भएको बुझिन्छ ।

### ३.३.१.६ सारांश

कुनै पनि व्यक्तिको व्यक्तिगण गुण वा विशेषता दर्साउने मूल स्रोत नै व्यक्तित्व हो । व्यक्तिको आफ्नो जीवनका विविध क्रियाकलापबाट उसको व्यक्तित्व निर्माण हुने हुँदा एउटा व्यक्तिमा हरेक किसिमका व्यक्तित्वहरू रहन सक्छन् ।[२२] व्यक्तित्वको सन्दर्भ दुई प्रकारले हेर्न सकिन्छः- आन्तरिक र बाह्य । यसरी आन्तरिक र बाह्य गरी हेर्दा खेरि बाह्य व्यक्तित्वको रूपमा शारीरिक बनोट, आकार-प्रकार, रङ्ग, बोलीचाली, हिँडडुल, रहनसहन, वातावरण आदि प्रकारले सुन्दर देखिन्छन् भने आन्तरिक रूपले व्यक्तित्व पहिचान गर्दा लेखन प्रतिभा, स्मरणशक्ति, सिर्जनशीलता, विवेकशीलता, सहभाव, मिलनसार, असल विचार, दयालुपन, भगवत्प्रेमी, सहानुभूति प्रकट गर्ने, सहयोगी, अध्यात्मवादले परिपूर्ण, मानवतावादी, प्रकृतिवादी, राष्ट्रवादी, साहित्यकार-नाटककार एवं कवि-लेखक भएर पनि तिवारीले आफ्नो आन्तरिक व्यक्तित्व प्रस्तुत गरेका छन् ।[२३]

लेखन कार्यमा उनको दिगो रूपमा सामाजिक एवं राजनैतिक दृष्टिकोणबाट पनि व्यक्तित्व चम्केको देखिन्छ । थोरैकृति लेखेर धेरै शिक्षा वा सन्देश दिने काम उनका रचनाले प्रस्ट पारेको बुझिन्छ । कृतिगत प्रवृत्तिमा सुन्दर एवम् परिष्कृत रूपमा देखिएका छन् । उनका रचनामा आध्यात्मिक चेतना, मानवतावाद, जीवनको सार्थकता, प्रेमको शाश्वतता, प्रकृति र सृष्टिको सौन्दर्यात्मक रहस्य, भक्तिको कामना स्वतन्त्रताको आवाज विविध भाव र विचारहरू छचल्किएका छन् ।

तिवारीले सामाजिक र राजनैतिक विकृति, विसङ्गति, जीवन भोगाइका आरोह-अवरोह, प्रकृति चित्रण, कला संस्कृतिको संरक्षण, सद्भाव, माया, प्रेमको भाव, अग्रजप्रति सम्मान जस्ता भावहरू आफ्ना रचनाका विषयवस्तु बनाएका छन् । २०१९ सालमा रचित **शिक्षाको महत्त्व** नाटकबाट साहित्य लेखन-प्रकाशन आरम्भ गरेर करिब दुई दर्जन जति कृतिको रचना गरेर साहित्यको महत्त्वलाई उचाइमा पुऱ्याएका छन् ।[२४] दोस्रो कृति **ज्ञानोपदेश** २०४७ सालमा प्रकाशित कृति हो र यस रचनाका माध्यमबाट अध्यात्मको

---

[२२] शिवबहादुर क्षेत्रीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[२३] ऐजन ।

[२४] केशव पौडेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

ज्ञानको ढोका तिवारीले खोलेका छन् । **श्रीरामगीता** भाष्यछन्दमा लेखिएकोले यसबाट धार्मिक मर्मलाई दर्साएर ज्ञानको ज्योति बाल्ने काम भएको छ । २०५१ सालमा रचिएको **तत्त्व दर्पण** कृतिले भौतिक जगत्बाट पन्छिएर अध्यात्मवादी बनाउने र परमात्माप्रति आस्था, प्रेमभक्ति जाग्ने सन्देश प्रस्ट्याएको पाइन्छ । यसै गरी २०५८ सालमा लेखिएको **सजिलै ब्रह्म ज्ञान** नेपाली छन्दमा रचित ग्रन्थले आत्मा र परमात्माको बोध गराइ ईश्वरीय भाव प्राप्त हुने देखिन्छ । समाजमा व्याप्त विकृति-विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचारको तीव्र विरोध, समानता, स्वतन्त्रता, राष्ट्रियता, मानवता आदिको आवाज उठाएको पाइन्छ । कोमलदत्त तिवारीले कृतिहरूमा आफूले देखे-भोगेका विविध घटना र अनुभूतिहरूलाई जिम्मेवारीपूर्ण कार्यशैली र समाजका बेथिती, राष्ट्रका जल्दाबल्दा समस्याहरूप्रति तिर प्रहार उनले गरेका छन् ।

# परिच्छेद : चार

# कोमलदत्त तिवारीको साहित्य यात्रा र पुस्तकाकार कृतिको अध्ययन

**परिच्छेद : चार**

# कोमलदत्त तिवारीको साहित्य यात्रा र विशिष्ठ कृतिको अध्ययन

## ४.१ नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन र उनको साहित्य यात्रा

यस शीर्षकअन्तर्गत नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन लेखनका लागि प्रेरणा र प्रभाव एवं लेखनको आरम्भ तथा कोमलदत्त तिवारीको साहित्ययात्राको अध्ययन गरिएको छ ।

### ४.१.१ नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन

नेपाली भाषा साहित्यको सन्दर्भमा सिद्धहस्त व्यक्तित्व तथा अग्रजहरूमा बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, पारिजात आदिका साहित्य संरचनाले नेपाली भाषा साहित्यलाई ओजिलो बनाएको छ । विभिन्न धारामा आफ्ना शिल्पकला प्रस्तुत गर्ने उल्लेख्य कविहरू रहेका छन् । मानव सभ्यतालाई ज्ञान, विज्ञान र अध्यात्म दर्शनले युक्त तुल्याउन र भौतिक विकास एवं मानवतावादी स्वर स्थापना गर्ने कविका विविध विधा र साहित्यिक संरचनाले भाषा साहित्यले पूर्णता पाएको छ । अध्यात्मवादी चिन्तनधाराका कवि कोमलदत्त तिवारीले वि.सं. २०१९ सालमा मौलिक रचना **शिक्षाको महत्त्व** (सामाजिक नाटक) लेखेर साहित्य यात्रा गरेका तिवारी स्वच्छद र प्रगतिवादी धारालाई अँगालेको पाइन्छ ।[1] साहित्यकाका विविध विधाहरूमध्ये पहिलो पटक नाट्य विधा लेखनमा प्रवेश गरेर साहित्यमा उनको आगमन भएको छ भने त्यसपछि कविता विधामा परिचित भएका छन् । उनको मूल ध्येय भने अध्यात्मवाद नै प्रमुख भएकाले धार्मिक विश्वास र आस्थाले प्रेरित देखिन्छन् । उनले नाटक विधाबाट समाजलाई शैक्षिक चेतना, सामाजिक सुधार, नैतिकता र असल चरित्रको विकासको शिक्षा प्रदान गर्न खोजेका छन् । उक्त नाटकमा दीनदुःखी, गरिब, व्यक्ति माथि

[1] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

गाउँका शोषक, सामन्ती एवं फटाहाहरूले व्याजमा ऋण दिई ब्याजको स्याज गरी दोब्बर तेब्बर बनाएर घर-खेत जिन्सी सामान असुली गर्दछन् र सधैं भरी दुःख नै दुःखमा जीवन जिउन बाध्यात्मक परिस्थितिको सामना गर्नु परेका अवस्थाको वर्णन रहेको छ ।

समाजलाई उन्नत बनाई शिक्षाको ज्योति बाल्ने जमर्को यस कृतिको सन्देश रहेको पाइन्छ । तिवारीले विविध फुटकर कविता रचना गरेर सकारात्मक भावना पोखेका छन् । लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरेका कृतिबाट प्रभावित भई लेखन कार्यमा अगाडि बढेका छन् । २०४७ सालमा **ज्ञानोपदेश** पद्य कविता लेखी नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । साहित्यिक सभा, सम्मेलन, गोष्ठी आदि क्षेत्रमा गई आवश्यकक सुझाव, सल्लाह र ज्ञान आर्जन गरी साहित्यमा उनको आगमन भएको बुझिन्छ ।

## ४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकारलाई साहित्यतर्फ प्रेरित हुन साहित्य रचनाले अवश्य नै प्रभाव पारेको हुन्छ । केही न केही व्यक्तिले रचना गरेका कृतिहरूबाट प्रेरणा र प्रभाव पर्दछ । तिवारीलाई पनि लेखनाथ पौडेलका कृतिहरूले बढी प्रभाव पारेको देखिन्छ ।[२]

संस्कृत साहित्यका धार्मिक ग्रन्थहरूलाई कसरी हुन्छ, नेपाली भाषामा छन्दोबद्ध एवं भाषानुवाद गरी मानववर्गलाई **ज्ञानोपदेश** दिने तर्फ उन्मुख भएर लेखिएका उनका कृतिहरू अमूल्य निधि हुन् । विभिन्न सङ्घ संस्थामा काम गरेर पनि कृति लेखन कार्य भने अटुटरूपमा अथक प्रयासबाट आफ्नो ज्ञान र अनुभूतिलाई उद्धृत गर्दै गएको देखिन्छ । नेपाली साहित्यिक कृतिहरूको अध्ययन, पत्रपत्रिकाको अध्ययन, विभिन्न साहित्यकारहरूको सुझाव, सल्लाह एवं सङ्गतले प्रभावित भई लेखन कार्यलाई तीव्र बनाउने काम तिवारीको पाइन्छ । जीवन र जगत्को बारेमा यथार्थता केलाएर मानवोचित, व्यावहारिक कलालाई माध्यम बनाई साहित्य लेखनतर्फ अघि बढेको पाइन्छ । अधिकांश कृतिहरू संस्कृत छन्द र त्यसभित्रको गूढ रहस्यलाई खोतलेर नेपाली भाषामा अनुवाद गरी त्यस मार्गतर्फ लम्केको भेटिन्छ । उनले सरल, सहज र मिठासपूर्ण भाषाको संयोजन गरेको पाइन्छ । उनको भित्री भावनाबाट निःसृत कथन र लेखन भएको मान्न सकिन्छ । अध्यात्म क्षेत्रको महत्त्वलाई विशेष मान्यता दिइएको छ । आफ्नै सामाजिक जनजीवनको अस्तित्वलाई उजागर गर्ने कार्य

[२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

पनि भएको छ । समय-सापेक्षलाई मध्य नजर गरेर दिगो रूपमा कलम चलाउन सफल भएका तिवारीको मुख्य प्रेरणाको स्रोत नै धार्मिक ग्रन्थ र कवि लेखनाथ पौड्यालला‍ई नै श्रेय दिन सकिन्छ ।

### ४.१.३ लेखनको आरम्भ

नेपाली साहित्यमा कलम चलाउने तिवारीले सर्वप्रथम वि.सं. २०१९ सालमा लेखिएको पहिलो साहित्यिक कृति **शिक्षाको महत्त्व** (सामाजिक नाटक) नाटक नै लेखनारम्भको पहिलो खुड्किलो मानिन्छ । साहित्यक्षेत्रमा कविता लेखेर प्रारम्भ गर्ने तिवारीले करिब १५ वटा कृति रचना गरी नेपाली भाषा साहित्यको उचाइ थप्ने काम गरेका छन् ।[३]

कविता नाटक लेखेर समाजलाई सही बाटोमा डोऱ्याउने तर्फ उन्मुख भएका कृतिहरू पनि सफल रहेका छन् । लेखन कार्यमा अभिरुचि राख्ने तिवारी साहित्य संसारतिर लम्किएर नाटक विधाबाट साहित्य आरम्भ गर्ने तिवारीले कविता पनि लेखेर सामाजिक परिवर्तन चाहेका छन् । उनले आभ्यासिक चरणमा विभिन्न फुटकर कविता लेखेर नयाँ आयाम थपेका छन् । नेपाली भाषा साहित्यको संरचनालाई महत्त्व दिई २०१९ साल देखि लेखनकार्य प्रारम्भ गरेर २०६६ सालसम्म **आफ्नो स्थिति आफै ठम्याउँ** जस्ता कृति रचनाले भरपुर स्थान पाएको देखिन्छ । साहित्यिक व्यक्तित्वलाई अनुभव र अभ्यासद्वारा विशेष योगदान दिएको पाइन्छ । विभिन्न सुमधुर परिस्थितिमा निम्नानुसारका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । **शिक्षाको महत्त्व** (सामाजिक नाटक-२०१९), **ज्ञानोपदेश** (२०४७), **श्रीरामगीता** (२०५०), **तत्त्वदर्पण** (२०५१), **ज्ञानमाधुरी** (२०५४), **उपदेशसार** (२०५६), **अवधूतगीता** (२०५७), **सजिलै ब्रह्मज्ञान** (२०५८), **दृग्दृश्य विवेक** (२०५९), **मनको निवेदन** (२०५९), **अष्टावक्रगीता** (२०६०), **श्रीरामगीता** (दोस्रो संस्करण २०६०), **स्तोत्रसारसङ्ग्रह** (२०६१), **श्रीमद्भगवद्गीता** (२०६४), **आफ्नो स्थिति आफै ठम्याऊँ** (२०६६) । यसरी तिवारीले अनवरत रूपमा साहित्य साधनामा लागेर दिनचर्या व्यतीत गरेका छन् । समाजलाई केही दिन र आफ्नो प्रतिष्ठाको लागि एवं ज्ञानको भण्डारलाई आदान-प्रदान गर्ने माध्यमका लागि पनि एउटा मानव जीवनको अपरिहार्य कर्तव्य भएकाले पनि उनले साहित्य लेखनको आरम्भ गरी निरन्तर गति प्रदान गरेका छन् । मानवका चार पुरुषार्थ मध्येमा धर्म, अर्थ, काम र मोक्ष यी पुरुषार्थ रहित जीवनको अस्तित्त्व नभएकाले केही न केही लेखेर

---

[३] ऐजन ।

समयको सदुपयोग गर्नका निम्ति उनले आफ्नो शारीरिक अवस्थाले पनि सकिनसकी घरपरिवारमा संलग्न भएर पनि साहित्य सेवामा समर्पित हुनुमा उनको विशेषता रहेको छ । तसर्थ जीवन रहेसम्म सेवा, सहयोग एवं साहित्यिक योगदान दिएर गतिलाई सफलीभूत बनाउन सके जीवनको सार्थकता हुने कुरामा विश्वस्त भएका तिवारीले दिगो लेखन गर्ने कार्यमा दिलो ज्यान दिएर लागेको पाइन्छ ।

## ४.१.४ कोमलदत्त तिवारीको साहित्य यात्रा

साहित्य यात्राको क्रममा साहित्य प्रारम्भिक चरणमा लेखिएका कृतिहरू र पछि परिमार्जित एवं खारिएका कृतिहरू पनि फरक फरक हुन्छन् । प्रवृत्तिगत, गुणस्तर, छपाइ, शुद्धता, भावगत दिशाबोध सम्बन्धी विविध पक्षसँग सम्बन्ध रहेको हुन्छ ।[४] साहित्यको लेखन यात्रा सुरु गर्ने चरणमा विशेषतः मनको भावलाई नै बढी आधार मानेर लेखनका कार्यलाई अगाडि बढाएको हुन्छ । पछि गएर त्यसको विविध पक्षलाई केलाउँदा सबै कुराले पुष्टता नपाउन पनि सक्दछ । कविता लेख्ने सन्दर्भमा मौलिक लेख रचना, लेखेर समयको सदुपयोग गर्ने तिवारी वि.सं. २०१९ सालबाट नै फाट्ट-फुट्ट कविता लेखेर साहित्य यात्रा प्रारम्भ गरेको पाइन्छ । कविता, नाटक एवं भाषानुवाद तथा नेपाली छन्दमा कविता लेखेर मौलिकता प्रस्तुत गर्ने तिवारीको लेखनकार्य गतिशील देखिन्छ । काल क्रमिक अनुसार सुरुमा लेखिएका कविताभन्दा पछि लेखेका कविता विशेष रूपमा गुणस्तरीय र उत्कृष्ट रहेका छन् । करिब ३ दशक जति उनले साहित्य यात्रामा नै समय खर्चेका छन् । पत्र-पत्रिकामा आफ्ना मौलिका रचना प्रकाशित गरेको पाइन्छ । कोमलदत्त तिवारीको साहित्य यात्रालाई दुई चरणमा विभाजित गरी हेर्न सकिन्छ :-

क) पूर्वार्ध चरण (वि.सं. २०१९-२०५७ सम्म)

ख) उत्तरार्ध चरण (वि.सं. २०५८ देखि हालसम्म)

### क) पूर्वार्ध चरण (वि.सं. २०१९-२०५७ सम्म)

सानै केटाकेटीदेखि नै साहित्य लेखनतर्फ अभिरुचि राख्ने कोमलदत्त तिवारी लेखनकार्यमा संलग्न भएर कविता रचना गर्ने र आफ्ना गुरुलाई देखाउने गर्ने गरेको भएता पनि विशेष गरेर औपचारिक लेखन कार्य भने २०१९ सालमा रचित **शिक्षाको**

[४] अनिता कुमारी पण्डित, **सरस्वती रिजाको जीवन, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** पूर्ववत्, पृ. ३८ ।

**महत्त्व** नाटकले स्थान पाएको छ । गद्य वा पद्यमा कविता लेखी साहित्य क्षेत्रमा उदाएका कवि तिवारीले **ज्ञानोपदेश** पद्य कृति रचना गरेर नेपाली साहित्यमा स्थान ओगट्न सफल भएका छन् ।

आफ्ना जीवनका भोगाइ र अनुभूतिलाई यथार्थमा साकार रूप प्रदान गर्न साहित्य लेखन तर्फ मोडिएका छन् । पूर्वार्ध चरणमा लेखिएका कृतिहरू उत्तरार्धमा लेखिएका भन्दा कम ओजिला देखिन्छन् भने उत्तरार्धमा लेखिएका कृतिहरू उत्कृष्ट र मार्मिक देखिएका छन् । **श्रीराम गीता** भाष्य छन्द टीकासहित २०५० मा रचना गरेर श्रीरामकै माध्यमबाट लक्ष्मणलाई दिन खोजिएको रामकथन गीता नै हो । यसको अध्ययन मनन र चिन्तनले मानिस ज्ञानवान् भई मोक्षपद प्राप्त गर्ने शास्त्रको प्रयोजन रहेको छ । त्यसै गरी **तत्त्वदर्पण** पनि तत्त्वज्ञान गराई अर्थात् आत्मबोध गरी भौतिक जगत्को मिथ्या सुखलाई नमानी अलौकिक दिव्य सुख अथवा परम्पद प्राप्त हुने साधनको रूपमा २०५१ सालमा रचना भएको हो । ज्ञानको माथिल्लो श्रेणीमा पुऱ्याउने **ज्ञानमाधुरी** रचनाले पनि नेपाली साहित्यको राम्रो जग बसालेको छ भने साहित्यको मूलस्रोत पनि भएको छ । ज्ञान विज्ञानले पूर्ण भई मानवोचित मूल्य र मान्यताको अस्तित्व दर्साएको छ । **उपदेशसार** २०५९ सालमा लेखेर सामान्य वर्गका व्यक्तिहरूलाई चेतनाको ज्योति बाली ज्ञानरूपी प्रकाशबाट अन्धकार एवम् अज्ञान नाश गराउने माध्यमको रूपमा लिएको पाइन्छ ।

यस चरणको अन्तिम कृति **अवधूतगीता** हो । यो निकै उत्तरको ज्ञानको उपल्लो पदमा पुगेका व्यक्तिले ग्रहण गर्न योग्य भएको र संस्कृत भाषामा भएको उक्त ग्रन्थलाई छन्दमा नेपाली अनुवाद गरेर पाठक वर्गलाई प्रदान गर्नाले ज्ञानार्जन गर्न सरल, सहज एवं सुलभ भएको बुझिन्छ ।

### ख) उत्तरार्धचरण २०५८ देखि हालसम्म

साहित्यलेखनको सन्दर्भमा कोमलदत्त तिवारीले साहित्य यात्राको दुई चरणमध्ये उत्तरार्धको चरण वि.सं. २०५८ देखि हालसम्मको अवधिलाई मानिएको छ । तिवारी करिब ९० वर्षको नजिक पुगेका व्यक्तिले पनि अझै साहित्य क्षेत्रमा केही न केही रचना रचेर प्रकाशित गरिरहेका छन् । यस चरणमा उनले **सजिलै**

**ब्रह्मज्ञान** भाष्य छन्द र टीकामा वि.सं. २०५८ सालमा लेखिएको कृतिले परब्रह्म परमात्माको विषय वस्तुलाई प्रतिपादन गर्ने देखिन्छ । इन्द्रिय, अन्तःकरण एवं देह गेहादिको बोध गरी शुद्ध, बुद्ध, मुक्त, निरञ्जन, निराकार निर्गुण परंब्रह्म ब्रह्मको ज्ञानका साथै सगुण ब्रह्मको उपासनालाई पनि मूल माध्यम बनाइएको छ । **दृग्दृश्य विवेक** (नेपाली भाष्य, छन्द र टीका) २०५९ सालमा प्रकाशित भएको कृतिले दृश्य प्रपञ्च मिथ्या भएको र अहं ममता छोडी, विवेक, वैराग्य, षट्सम्पत्ति र मुमुक्षता जस्ता साधनद्वारा जीवात्मा र परमात्माप्रतिको एकीभूत गर्नु पर्छ भन्ने सन्देशपरक ग्रन्थ रहेको छ । **मनको निवेदन** वि.सं. २०५९ सालमा रचित ग्रन्थले आफ्नो इन्द्रियको राजा मनलाई ब्रह्म बोधतर्फ लम्किन उद्‌बोध गरेको छ । मनलाई सांसारिक वस्तु, पदार्थ वा विषयमा नलागी केवल तँ परमात्मा प्रतिमात्र लागेर जीवनको सार्थकता र अर्थ बुझी मानव चोलालाई सदुपयोग बनाउने तर्फ अगाडि बढ्नु पर्छ भनी प्रेरणा प्रदान गरेको छ ।

**अष्टावक्रगीता** (भाष्य, छन्द र टीका) २०६० मा प्रकाशित भएको कृति ज्यादै गहकिलो, मार्मिक र ज्ञान मानिन्छ । यो कृति नेपाली भाषा पढ्न सक्ने व्यक्तिले पनि बुझ्न सक्ने गरी भाषाछन्दमा लेखिएको कृति हो । **श्रीरामगीता** २०६० मा लेखिको अर्थात् दोस्रो संस्करणले पनि मर्यादा पुरुषोत्तम श्रीरामकै मुखबाट **ज्ञानोपदेश** प्रदान गरिएको रहस्य स्थापित छ । **स्तोत्रसार** २०६१ सालमा प्रकाशित भएर विविध देवीदेवताहरूको प्रार्थना स्तुतिका माध्यमबाट भगवद्‌भक्तिपरक प्रार्थना निवेदनको सङ्कलन कृति रहेको छ । **श्रीमद्‌भगवद्‌गीता** अति उत्कृष्ट ग्रन्थ हो र नेपाली भाषाछन्दमा लेखेर भगवत्प्रेमीलाई अमृतरूपी आफ्ना सारगर्भित शब्द र वाणी प्रदान गरिएको छ । साथै २०६६ सालमा प्रकाशित **आफ्नो स्थिति आफै ठम्याऊँ** कृतिमा ज्ञानका सात भूमिका भन्ने शीर्षकको माध्यमबाट ज्ञानको पराकाष्ठामा पुगी अबोध्य ब्रह्मतत्त्वको बोध गर्ने साधनका रूपमा देखिएको छ ।

पूर्वार्ध चरणमा भन्दा उत्तरार्ध चरणमा लेखेका कृतिहरू परिमार्जित र परिष्कृत देखिएका छन् । यसरी नेपाली साहित्य क्षेत्रमा तिवारीले आफ्नो प्रतिभा र सिर्जनशीलतालाई अथक प्रयासरत रही दिएको योगदानले राम्रो छाप पार्न सक्छ ।

### ४.१.५ कोमलदत्त तिवारीको साहित्यिक प्रवृत्ति

विविध विधामा कलम चलाए पनि मुख्यतः उनका कृतिहरूमा नाट्य विधा र कविता विधाकै प्रमुखता रहेको पाइन्छ । साहित्यिक प्रवृत्तिको सन्दर्भमा विशेष गरेर **ज्ञानमाधुरी**, **मनको निवेदन, शिक्षाको महत्त्व**, **आफ्नो स्थिति आफै ठम्याऊँ, ज्ञानोपदेश, श्रीरामगीता** जस्ता कृतिहरूको बारेमा साहित्यिक प्रवृत्तिको अध्ययन गरिएको छ । कोमलदत्त तिवारीले फुटकर कविता रचना गरेर सामाजिक विकृति, विसङ्गतिबारे चित्रण गरी यथार्थवादी प्रवृत्तिलाई अँगालेको पाइन्छ । राष्ट्र र राष्ट्रिय भावनाले ओतप्रोत भएका तिवारीमा मानवीय मूल्य र मान्यताको खोजीतर्फ उन्मुख भएको प्रवृत्ति पनि पाइन्छ ।

सामाजिक, मानवतावाद, आध्यात्मिकता, विसङ्गतिवाद साहित्य, कला एवं शान्तिको उद्घोष गर्ने प्रवृत्ति देखिन्छ । **शिक्षाको महत्त्व** नाटकले मानव जीवनका लागि अपरिहार्य भएको शिक्षा बिना मानिस पशु सरह जीवन बिताएको हुन्छ । उसले समाजका कतिपय, फटाहा, शोषक एवं सामन्तीबाट पीडित भएको हुन्छ । लेखपढ नभएपछि अशिक्षित व्यक्तिहरू त्यस्ता व्यक्तिसँग ठगिएको थाहा हुँदैन र दुःखीगरिब व्यक्तिहरू पिछडिन पुग्दछन् । यस्तै फटाहाहरूको चित्रण नाटकले गरेको छ । समाजमा देखिएका शोषण, दमन र उत्पीडन अन्यायप्रति आलोचना र यथार्थ चित्रण गर्ने काम तिवारीले गरेका छन् । यसमा मानवतावादी भाव र राष्ट्रवादी चिन्तन प्रस्तुत भएको देखिन्छ ।

उनका कवितागत प्रवृत्तिमा मानव जीवनको अस्तित्वलाई प्राथमिकता दिएर मानवतावादी भावना भएको पाइन्छ । मानव भएर मानव गुणले सम्पन्न भै अगाडि बढ्नु पर्दछ । मानव समुदायप्रति सचेत भएर मानव उत्थानका लागि सामाजिक कुसंस्कारको अन्त्य गरी धार्मिक महत्त्व र जागरण ल्याउनु पनि कवितागत प्रवृत्ति देखिन्छ । समाजमा विविध धारणायुक्त भएको मानसिक प्रवृत्ति रहेकाले सबल र सक्षम मानसिकतालाई प्रेरित गरी सकारात्मक विचार एवं सद्भावको प्रस्तुतीकरण गरिएको सङ्केत पाइन्छ ।

### ४.१.६ समष्टि प्रवृत्ति एवम् योगदान

कोमलदत्त तिवारीले साहित्य सेवामा जीवन समर्पित गरी महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । सामाजिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रमा निरन्तर जुटेर त्यस सम्बन्धी विविध लेख रचना एवं आफ्नो जीवनको एक पाटालाई त्यसैमा समर्पित गरेर साहित्यिक व्यक्तित्वको परिचय दिएका छन् । नाटक, कविता लेखेर आफ्नो दिन चर्चालाई

श्रम र पसिना बगाएर विशेष रूपमा समयको सदुपयोग गरेका छन् । ईश्वरप्रति आस्था, विश्वास र भक्तिभावद्वारा युक्त भएका भावहरू कृतिमार्फत मुखरित भएको देखिन्छ । समष्टि रूपले हेर्दा सामाजिक सुधार मानवीय अस्तित्त्वको स्थापना भौतिक अवस्थाको मूल्याङ्कन पारलौकिक जीवनको खोजपूर्ण दिनचर्यालाई आफ्नै कृति संरचनाद्वारा सचेत र सजग बनाउने कार्य भएको पाइन्छ । उनका धार्मिक एवं सामाजिक कृतिहरूलाई केलाउँदा पाञ्च भौतिक शरीरको मिथ्यात्वलाई बुझेर अनाशक्त भएर देह र गेहादिको मोहलाई त्याग गर्नु पर्दछ ।

संसारका सबै प्राणीहरूको एकदिन निश्चय नै विनाश हुन्छ । त्यसैमा पनि मानव जीवन केही सचेत एवं ज्ञानतत्त्व र बौद्धिकता भएका कारणबाट मात्र यसको विशेषता भएको हो तथापि संसार र देह नै छोड्नु पर्ने निश्चित भएको हुँदा आत्मबोध, तत्त्वबोध एवं ब्रह्मबोध जे भने पनि उनै परंब्रह्मको प्राप्तिको प्रतिफल नै कृतिपरकताको योगदान र समष्टिगत प्रवृत्ति रहेको पाइन्छ ।

## ४.१.७ सारांश

कोमलदत्त तिवारीले विविध विधामा कलम चलाए पनि उनका महत्त्वपूर्ण विधाका रूपमा देखा परेका नाट्य विधा र कविता विधा नै प्रमुखता रहेको पाइन्छ । विभिन्न सङ्घ संस्थामा संलग्न रहेर पनि लेखन कार्यलाई अनवरत रूपमा कलम चलाइरहन सक्ने एक असल साहित्यकारका रूपमा मात्र नभई भाषा साहित्यका अग्रज देखिन्छन् । सामाजिक सेवामा सहभागी भएर पनि ज्ञानका साभारका रूपमा कृतिहरू रहेका छन्दोबद्ध र भाषानुवाद गरी साहित्यिक योगदान दिने व्यक्तित्व देखिएका छन् । कृति संरचनाका अहोरात्र लागि परेर दत्तचित्तका साथ मूल्यवान् समयलाई कृतिकै क्षेत्रमा खर्चेर व्यतीत गरेकामा उनको कार्यशैली प्रशंसनीय देखिन्छ । नेपाली साहित्यको फाँटलाई उज्यालो पार्नु अथवा साहित्य क्षेत्र समृद्ध तुल्याउनुले पनि उनको कार्यक्षमतामा लोकप्रियता देखिन्छ ।

सामाजिक विकृति र विसङ्गतिलाई दृष्टिगत गरी अध्यात्मवादप्रतिको सकारात्मक खोज, अनुसन्धान र जीवनको प्रमुख लक्ष्य नै सेवा र सहयोगका साथ ईश्वर प्राप्त प्रमुखता रहेको देखिन्छ । यथार्थमा भन्नु पर्दा तिवारीको मूल पाटो नै अध्यात्म क्षेत्र नै हो । संसारका वस्तु पदार्थहरू जे जति छन्, ती सबै नाशवान्, क्षण भङ्गुर र विनाशशील भएकाले भौतिक संसारमा आशक्त हुनु ठिक छैन भन्ने जस्ता भाव-विचाहरू पोखी पारमार्थिक जीवनको यथा-तथ्यलाई ग्रहण गरेको विषयवस्तु कृति मार्फत सङ्केत गरिएको पाइन्छ ।

## ४.२ कोमलदत्त तिवारीका पुस्तकाकार कृतिहरूको अध्ययन

पुस्तकाकार **शिक्षाको महत्त्व** नाटक यस शीर्षकअन्तर्गत कोमलदत्त तिवारीका कृतिहरू **ज्ञानमाधुरी** कवितासङ्ग्रह, **मनको निवेदन** कविताको अध्ययन, **आफ्नो स्थिति आफै ठम्याउँ**, **ज्ञानोपदेश, श्रीमद्भगवद्गीता** र अन्य गरी जम्मा एघार वटा कृतिको बारेमा समग्ररूपले अध्ययन गरिएको छ । कोमलदत्त तिवारीको व्यक्तित्व र कृतित्व बीच अन्तरसम्बन्ध समेत दिइएको छ ।

### ४.२.१ शिक्षाको महत्त्व नाटकको अध्ययन

यसअन्तर्गत विषय परिचय, नाटकको परिचय, नेपाली नाटकको पृष्ठभूमिमा शिक्षाको महत्त्व, सैद्धान्तिक पृष्ठभूमिमा नाटक र यसका तत्त्वहरू, कथावस्तुका दृष्टिमा शिक्षाको महत्त्व नाटक, नेपाली नाटक साहित्यमा कोमलदत्त तिवारीको स्थान र सारांश उपशीर्षकहरू रहेका छन् ।

#### ४.२.१.१ विषय परिचय

सर्वप्रथम २०१९ सालमा लेखिएको **शिक्षाको महत्त्व** (सामाजिक नाटक-२०१९) नाटक लेखेर चेतनामूलक सन्देश दिएका छन् । तिवारीले २०१९ सालमा नाटक लेखी साहित्यारम्भ गरे । साहित्य भनेको रागात्मक भाव भएको आलङ्कारिक अभिव्यक्तिलाई साहित्य भनेर परिभाषित गरेको पाइन्छ । अथवा गद्य वा पद्यमा लेखिएको लेख पनि साहित्य हो । कथा, कविता, निबन्ध र नाटक आदि साहित्यिक विधा हुन् । साहित्यमा नाटकको स्थान महत्त्वपूर्ण रहेको छ । पूर्वीय साहित्यमा कतिपय नाटकहरू गद्य वा पद्य कवितामा पनि लेखेको पाइन्छ । साहित्य भनेर कथा, कविता, निबन्ध, उपन्यास लगायत नाटक आदि पर्दछन् । साहित्य जगत्मा पूर्वीय र पाश्चात्य साहित्यकारले धेरै साहित्यिक कृतिहरू रचना गरेका छन् । साहित्यअन्तर्गत नाट्यविधा एक महत्त्वपूर्ण विधा हो । साहित्यमा नाटक विशेषरूपमा स्थान अग्र पङ्क्तिमा रहेको पाइन्छ । नाटकले मानिसका विकृति, विसङ्गतिलाई हटाएर असल गुणतर्फ उन्मुख गराउँदछ । कतिपय शिक्षामूलक नाटकहरू रचिएका छन् । समाजलाई शैक्षिक गुणले सम्पन्नता बनाउन तिवारीले शिक्षाको महत्त्व नाटक लेखेर चेतनाको जग बसालेको पाइएको छ । नेपथ्यमा दर्शकसामु अभिनय गरेर

कथावस्तुलाई यथार्थरूपमा प्रस्ट्याउने काम नाटकले गर्ने हुँदा साहित्यमा नाटकको विशेष स्थान निहित रहेको छ ।

### ४.२.१.२ नाटकको परिचय

नाटक रङ्गमञ्चीय कला हो । यो अभिनयात्मक हुन्छ । नाट्य गुणले भरिपूर्ण भई रङ्गमञ्चमा कुशलताका साथ प्रदर्शन गराउनु नाटकको लक्ष्य हो ।[५] नाटक दृश्य विधा हो । यसको आस्वादनका लागि नेत्रको सहायता चाहिन्छ । हुनत नाटक श्रवणीय पनि हुन्छ । नाटकले श्रव्य सुख र दृश्य सुख अथवा नयन सुख प्राप्त गराउँदछ । पूर्वीय र पाश्चात्य साहित्यमा नाटकलाई ज्यादै पुरानो र पाको विधाका रूपमा देखा परे पनि नेपाली साहित्यमा निकै पछिमात्र विकसित साहित्यिक विधाका रूपमा नाट्य विधा देखापर्दछ । 'नाटक' शब्द पूर्वीय संस्कृत साहित्यबाट आएको मानिए तापनि पाश्चात्य साहित्यबाट विकसित भएर आएको साहित्यिक विधा मानिन्छ । नाटकको बारेमा पूर्वीय नाट्यशास्त्रका आचार्य भरतका अनुसार 'नाटक' शब्दको उत्पत्ति संस्कृतको 'नट्' धातुबाट भएको हो । यसै गरी अन्य संस्कृतका विद्वान् रामानन्द, गुणचन्द्र आदि आचार्यहरूले पनि 'नट्' धातुबाटै नाटक भएको व्युत्पत्ति गरेको देखिन्छ । यसै गरी पाश्चात्य विद्वान्हरूमध्ये बेबर र मोनियर विलियम्सले मूल धातु 'नृत' हो 'नट्' र 'नाट्' धातु यसै 'नृत्' धातुका विकारी रूप हुन् भनेका छन् ।[६] "नृत्तंताललयाश्रयम्" अर्थात् नाटक नृत्य, ताल र लयमा आश्रित हुन्छ भने 'नृत्त'लाई भावाश्रित र 'नाट्य'लाई रसाश्रित स्वीकार गरिएको पाइन्छ । नाटकको सम्बन्ध 'नृत्त'सित अवश्य छ । त्यससँग नाटकको सहयोग हुने गर्दछ । नटहरूको कला या विधा भएकाले नाटक भनिएको हो ।

साहित्य दर्पणकार विश्वनाथले नाटकलाई अभिनय भनेका छन् । नाटक शब्द समग्र दृश्य विधानका लागि प्रचलित एवं प्रसिद्ध भएको हो । पूर्वीय साहित्यमा कालिदास, आचार्य भरत र विश्वनाथजस्ता साहित्यकार रहेका छन् भने पाश्चात्य साहित्यकारहरूमा अरस्तु, प्लेटो र विलियम सेक्सपियर रहेका छन् । नेपाली साहित्यका नाट्य विधाका प्रखर व्यक्तित्व बालकृष्ण समलाई मानिन्छ । उनले २ दर्जन जति नाटक लेखेका छन् । यसै गरी नेपाली साहित्य क्षेत्रमा उदाएका नाटककार कोमलदत्त तिवारीले २०१९ सालमा **शिक्षाको महत्त्व**

---

[५] ईश्वरी गैरे र अन्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५६, पृ. ८ ।

[६] पूर्ववत्, पृ.  ।

नाटक लेखेर ग्रामीण जनजीवनको अवस्थालाई चेतनशील बनाई शिक्षाको ज्योति बालेर अशिक्षित तथा निराक्षर जनवर्गलाई शिक्षित तुल्याउने सपना साकार पार्न महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यथा नाम तथा गुणले युक्त भएको यो नाटकलाई आदर्श नाटकको रूपमा लिइएको छ । यस नाटकमा सुधारवाद छ । उपयोगितावाद र व्यवहारिकवाद भएको देखिन्छ ।

नाटककार कोमलदत्त तिवारीद्वारा लेखिएको **शिक्षाको महत्त्व** नाटक २०१९ सालमा गोकर्णराज उप्रेतीले प्रकाशन गरेका हुन् । यो सामाजिक नाटक हो । कवि भीमनिधि तिवारी र राजेश्वर देवकोटाद्वयले यस नाटकको बारेमा मन्तव्य प्रकट गरी नाटकको गरिमा र उपादेयता बढाएको पाइन्छ । गाउँका शिक्षण संस्थामा आइपर्ने समस्या, गाउँले समाजलाई शिक्षाको महत्त्व बुझाउन अत्यन्त सुगम हुने, गाउँको सजीव चित्रण गरी वैकुण्ठ, लक्ष्मी र काले एवं धनपति जस्ता प्रमुख पात्रहरू यसमा रहेका छन् । करिब ४८ पृष्ठमा लेखिएको यस नाटकमा पहिलो खण्डमा छ दृश्य रहेको छ भने दोस्रो खण्डमा पाँच दृश्यमा नाटकको विश्राम भएको छ । पहिलो खण्डको १ दृश्यमा नेपाल भूमिको जयगानबाट नाटक प्रारम्भ भएको छ । नाटकमा रचिएका गीत वा चुड्का झ्याउरे लयमा गान गरिएको पाइन्छ भने वीर रसले युक्त पद्यांश छन् । भाषाशैली मधुर, तद्भव र तत्सम शब्दको प्रयोग भएको पाइन्छ । लेखकले शिक्षाको जागरण ल्याएर शिक्षित तुल्याउने सन्दर्भ प्रस्तुत नाटकमा उल्लेख गरेका छन् ।

## ४.२.१.३ नेपाली नाटकको पृष्ठभूमिमा शिक्षाको महत्त्व

नेपाली नाटकको प्रारम्भ १८५५ मा पृथ्वीनारायण शाहका पालामा दरबारिया पण्डित शक्तिवल्लभ अर्यालद्वारा लेखिएको संस्कृत **हास्यकदम्ब** नाटकलाई नेपाली भाषामा अनूदित भएपछि साहित्यमा नाटकको प्राथमिक काल प्रारम्भ भएको मानिन्छ । संस्कृतका नाटककार विशाखदत्तको **मुद्राराक्षस** नेपाली रूपान्तरण भई नाटकीय कृतिको रूपमा देखापरेको छ । नेपाली साहित्यको नाट्य इतिहासमा मोतीराम भट्टद्वारा वि.सं. १९४४ मा लेखिएको **शकुन्तला** नाटकबाट माध्यमिक काल प्रारम्भ भएको पाइन्छ । त्यसै गरी आधुनिककाल वि.सं. १९८६ सालबाट बालकृष्ण समले **अज** (१९८१), **मिलिनद** (१९७७) जस्ता नाटक लेखेर आधुनिककालको सुरुवात गरेका छन् । नेपाली साहित्यको नाट्यविधालाई हेर्दा नाटककार बालकृष्ण सम नै अग्रपङ्क्तिमा रहेको पाइन्छ । उनका

कृतिहरूमा **मिलिनद** (१९७७), **तानसेनको झरी** (१९७९), **अज** (१९८१), **मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, प्रह्लाद, अधवेग** र **प्रेमपिण्ड** जस्ता कृतिहरूले समको स्थान उत्कृष्ट देखिन्छ । नाटककार भीमनिधि तिवारी पनि एक कुशल नाटककार हुन् । उनले **सहनशील सुशीला, काशीवास, पुतली, किसान, नैनीका राम** जस्ता नाटक लेखेर नाटकको मर्म र रहस्यलाई उजागर गरेका छन् । नाटककार विजय मल्लले पनि धेरै नाटकहरू लेखेका छन् । नेपाली नाटकको माध्यमबाट जनमानसमा **शिक्षाको महत्त्व** विशेष रहेको देखिन्छ । सामाजिक वस्तु परिस्थिति एवं वातावरणलाई यथार्थ रूपमा चित्रण गरी नाटककारले प्रस्तुत गर्दछन् । कोमलदत्त तिवारी तत्कालीन अवस्थामा शैक्षिक अवस्था न्यून रहेको र शिक्षाबाट बञ्चित भएको समाजलाई शैक्षिक चेतना दिलाई सक्षम नागरिक बनाउने उद्देश्य अनुरूप **शिक्षाको महत्त्व** नाटक लेखेर प्रकाशन गरेको पाइन्छ । २०१९ सालअघि नेपालमा शिक्षालय ज्यादै कम थिए । दीन, दुःखी, गरीबहरूले सहजरूपमा पढ्न पाउँदैनथे । त्यसैले पनि तिवारीले विशेष रूपमा मौलिक नाटक रचना गरी समाजमा प्रकाशित गरेबाट यस नाटकले निकै प्रसिद्धि कमाएको देखिन्छ । नाटककै माध्यमबाट समाजलाई मोड्न सकिने र शिक्षाको महत्त्व बुझाउन सकिने भएकाले नेपाली नाटकको विशेष महत्त्व रहेको पाइन्छ ।

## ४.२.१.४ सैद्धान्तिक पृष्ठभूमिमा नाटक र यसका तत्त्वहरू

नेपाली साहित्यमा नाटक एउटा महत्त्वपूर्ण साहित्यिक विधा हो । नाटक रङ्गमञ्चीय कला पनि हो ।[७] पात्रद्वारा अभिनय गरी विषयवस्तुको सम्प्रेषण हुन्छ । बालकृष्ण सम, मोतीराम भट्ट, भीमनिधि तिवारी, लक्ष्मीप्रसाद देवकोटा नेपाली नाटकका विशेष व्यक्तित्व हुन् । नेपाली नाटकमा पनि मनोवैज्ञानिकता भएको पाइन्छ । गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्लले लेखेका नाटकहरू- **भूसको आगो** (२०१३), **ज्यूँदो लास** (२०१७), **भोलि के हुन्छ ?** (२०२१) जस्ता नाटकहरू प्रचलित छन् । काव्यका दुई भेद श्रव्य र दृश्य छन् । ती दुवैमध्ये दृश्य नाट्य विधा मानिन्छ । अङ्ग्रेजीमा नाटकलाई ड्रामा (Drama) भनिन्छ । नाटकको बारेमा पूर्वीय र पाश्चात्य नाट्य विधालाई हृदयङ्गम गरी साहित्यिक विधाहरूको वैज्ञानिक विकासको स्वरूपलाई स्वीकार गर्नुपर्ने हुन्छ । ऐतिहासिक र सैद्धान्तिक स्वरूपका आधारमा नाटक के हो ? नाटकका सिद्धान्त के हुन् ? तत्त्व, परिभाषा र भेद, उपभेद नाट्यसन्धि बुझ्नु अनिवार्यता हुन्छ । तसर्थ पूर्वीय नाट्य विधामा नाटकका तत्त्वहरू- वस्तु,

[७] रामप्रसाद ज्ञवाली र अन्य, **ऐच्छिक नेपाली,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६, पृ. १४० ।

नेता र रसलाई विशेष महत्त्व दिइएको पाइन्छ । पाँच भेदमा बीज, बिन्दु, पताका, प्रकरी र कार्य रहेको देखिन्छ । नाट्य सिद्धान्तका रूपमा प्रारम्भ, प्रयत्न, प्राप्त्याशा, नियताप्ति, फलागम आदि नाटकीय सैद्धान्तिक आधारहरू पूर्वीय साहित्यकारहरूले प्रस्ट्याएका छन् । त्यसै गरी नाट्य सन्धिहरूमा मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण साधेर रहेका छन् । भासले रचना गरेको पहिलो **स्वप्नवासवदत्त** नाटक नै सैद्धान्तिक आधारको पहिलो नाट्यकृतिका रूपमा लिइन्छ ।

नेपाली साहित्यमा नाट्य विधा प्रमुख विधा हो र नाटक निर्माणमा नाटकका तत्त्वहरूको अनिवार्य उपस्थिति रहन्छ । ती तत्त्वहरू निम्नानुसार रहेका छन्- कथानक, पात्र वा चरित्र, संवाद, परिवेश, उद्देश्य, भाषाशैली । कोमलदत्त तिवारीले **शिक्षाको महत्त्व** नाटक नाट्य तत्त्वहरूकै आधारमा रचना गरेको पाइन्छ ।

### क) कथानक

नाटकभित्रका तिनै कार्यहरूको योजनाबद्ध विकास वा बनोट नै कथानक हो । अथवा नाटकको विषयवस्तु नै कथानक हो । शिक्षाको महत्त्व नाटकको आद्योपान्त कथावस्तुमा गरीब कृषकका बालबालिकाहरूले पढ्न नसक्ने अवस्था र धनी वर्गका बालबालिकालाई पढ्न नलगाउने धनपति जस्तो व्यक्तिले मनेलाई नपढाएर पश्चात्तापमा परेको छ भने वैकुण्ठको छोरो कालीबहादुरले जसोतसो दुःखजिलो गरी पढेर हाकिम भएर गाउँको विद्यालयलाई आर्थिक सहायता दिएको कथानक रहेको छ ।

### ख) पात्र वा चरित्र

कथ्यवस्तुलाई सजीव तुल्याउने माध्यम पात्रद्वारा गरिन्छ । नाटकमा अभिनय गर्ने पात्रहरू नै हुन् । कथावस्तुको आधारमा जस्ताको तस्तै अनुकरण वा अभिनय गरेर छर्लङ्ग पार्दछन् । पात्रहरू मुख्य र सहायक हुन्छन् भने कोही असल पात्र, कोही खराब पात्रहरू पनि हुन्छन् । **शिक्षाको महत्त्व** नाटकमा पात्रहरू वैकुण्ठ, लक्ष्मी, कालीबहादुर र धनपति मुख्य पात्रहरू हुन् भने सहायक पात्रका रूपमा रुद्र, भोला, छलप्रसाद, गम्भीरे, बले, हवल्दार, हवलदार्नी, विद्यार्थी, इन्सपेक्टर, सेक्रेटरी आदि रहेका छन् । वैकुण्ठ, लक्ष्मी, सन्ते, काले, रुद्र र भोला असल पात्र छन् भने

धनपतिलाई खराब पात्रको रूपमा देखिएको छ । त्यसैले पात्र वा चरित्र नाटकको प्राण हो ।

### ग) संवाद

नाटकमा पात्रले आफ्नै मनसँग र अन्य पात्रसँग गर्ने कुराकानी, छलफललाई संवाद भनिन्छ । नाटकलाई गतिशील बनाउन संवादको भूमिका हुन्छ । संवादलाई कथोपकथन भन्ने गरिन्छ । नाटकमा संवादको अनिवार्य उपस्थिति रहन्छ । यहाँ वैकुण्ठ, लक्ष्मी, सन्ते, मने, काले, धनपति, इन्स्पेक्टर, रुद्र, भोलासँग संवाद भएको छ । पढ्न र पढाउनु पर्छ भन्ने मान्यता वैकुण्ठ र लक्ष्मीमा चेतना जागेको संवाद भएको छ भने धनपति गाउँको मुखिया धनी, शोषक र अशिक्षित व्यक्ति भएको र धनको कारणले लोभमा परेर मनेको भविष्य अन्धकार भएको प्रसङ्ग उल्लेख भएको संवाद रहेको छ ।

### घ) परिवेश

नाटकमा कथानक हुन्छ र घटना घटेको कुनै स्थान, समय, वातावरण हुन्छ[८], त्यसैलाई परिवेश भनिन्छ अथवा देश, काल र परिस्थिति नै परिवेश हो । नाटकको परिवेश संयोजित हुनु भनेको नाटक सफल हुनु हो । नाटक जीवन र जगत्को अनुकरण भएकाले नाटकभित्रको यथार्थ सृजना गर्न परिवेशको भूमिका महत्त्वपूर्ण हुन्छ । **शिक्षाको महत्त्व** नाटकको स्थान आदर्श प्राइमरी स्कुलको पटाङ्गिनी, समय- मध्यान्ह र महिना- पौष रहेको परिवेश पाइन्छ ।

### ङ) उद्देश्य

कुनै पनि कथावस्तुको उद्देश्य हुन्छ । उद्देश्यबिना कुनै कार्य पूर्ण हुँदैन । नाटकका माध्यमबाट पाठक वा दर्शकको मनमा पर्ने बौद्धिक प्रभाव नै नाटकको उद्देश्य हो । नाटकमा यथार्थ दर्साउने, आदर्श प्रस्ट्याउने, मनोरञ्जन, शिक्षा प्रदान गर्ने, मानवता र समाज सुधार गर्ने जस्ता सन्देश दिने खालका उद्देश्य रहेका हुन्छन् । संस्कृत साहित्यमा धर्म, अर्थ, काम र मोक्ष नाटकको उद्देश्य रहेको

---

[८] रामप्रसाद ज्ञवाली र अन्य, **ऐच्छिक नेपाली,** काठमाडौं, पूर्ववत्, २०६६, पृ. १४१ ।

पाइन्छ । **शिक्षाको महत्त्व** नाटकमा तिवारीले शिक्षाबाट बञ्चित भएका व्यक्तिहरूलाई शिक्षित तुल्याउनु र शिक्षा अनिवार्य आवश्यक मानवीय वस्तु भएको हुँदा पढेर, लेखेर मानवताका गुण हासिल गर्नुपर्दछ अर्थात् शिक्षा हासिल गरेर शिक्षित हुनै पर्दछ भन्ने यस नाटकको उद्देश्य रहेको पाइन्छ ।

**च) भाषाशैली**

कथानक लेख्ने माध्यम भाषा हो । भाषाबिना कुनै साहित्य वा नाटक एवम् केही लेख्न सकिँदैन । नाटकमा संवादात्मक प्रस्तुति हुनेहुँदा भाषाका माध्यमबाट प्रस्तुत गरिन्छ । शैली भन्नु नाटकको अभिव्यक्तिको तरिका हो । रुचिपूर्ण र आकर्षक भाषाशैली भएमा मात्र कथावस्तु पुस्टिन्छ । **शिक्षाको महत्त्व** नाटकमा तिवारीले सरल, सहज, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, गद्यात्मक, शब्द शिल्पता, तत्सम र तद्भवको प्रयोग एवं वीररसको प्रस्तुति गद्यात्मक झ्याउरे लयमा भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

## ४.२.१.५ कथावस्तुका दृष्टिमा शिक्षाको महत्त्व नाटक

**शिक्षाको महत्त्व** नाटकमा कोमलदत्त तिवारीले तत्कालीन समय र परिस्थितिको बोध गराएका छन् । शिक्षा सर्वसुलभ नभएको र शैक्षिक चेतना नभएका नगण्य मानिसको जमात नेपाली समाजमा भएको कारणबाट पनि यस नाटकले चेतना भर्ने काम गरेको पाइन्छ । कथावस्तु गहन एवम् मार्मिक भएको र शैक्षिक जग बसाल्ने काम प्रस्तुत नाटकले गरेको छ । मानिसका लागि ज्ञानको ज्योति नै शिक्षा भएको र शिक्षाले शिक्षित भएपछि मात्र मानवीय गुण हासिल हुन सक्ने तथ्य कुरा नकार्न नसकिने देखिन्छ । यस नाटकमा पहिलो खण्डमा छ दृश्य र दोस्रो खण्डमा पाँच दृश्य रहेका छन् । २०१९ सालमा तिवारीद्वारा लेखिएको र गुणराज उप्रेती मार्फत प्रकाशन गरिएको नाटक नामअनुसारकै गुण भएको विश्लेषकहरूको कथन छ । ४८ पृष्ठमा सीमाङ्कन भएको लघुनाटक भए तापनि भरपुर ज्ञानको सन्देश दिने महत्त्वपूर्ण नाटक रहेको देखिन्छ । कथाका प्रमुख पात्र वैकुण्ठ उनकी श्रीमती लक्ष्मी र कालीबहादुर छोरो एवं धनपति गाउँको मुखिया रहेको छ । अन्य पात्रहरूमा मने, सन्ते, धर्मे, बले, भुन्टे, गम्भीरे, छलप्रसाद, रुद्र, भोला जस्ता सहायक पात्रहरू रहेका छन् । ग्रामीण इलाका स्थान रहेको छ भने पौष महिनालाई समय तोकिएको नाटक

मातृभूमिको जयगानबाट प्रारम्भ भएको छ । "जय होस् पूण्यभूमि नेपाल, जय होस् जन्मभूमि नेपाल" नेपाल आमाको पुकार र जय शब्दले नेपाल र नेपालीको उन्नति प्रगतिको कामना गरिएको छ । त्यसैले पनि नाटकको महत्त्व र गरिमा बढेको पाइन्छ ।

वैकुण्ठ र उनकी श्रीमती लक्ष्मी कथाका असल एवं प्रमुख पात्र हुन् । यी दुवैले आफ्नो छोरो कालीबहादुरलाई खाइ-नखाई पढाउनु पर्छ भन्ने उद्देश्य अनुसार दुःख कष्ट सहेर पनि बि.ए. पास गराई चन्दनपुर जिल्लाको बडाहाकिम बनाएका छन् तर धनी साहु र मुखिया भएर पनि धनपतिले कसैको सेवा सहयोग गर्दैन र छोरो मनेलाई १ रुपियाँ फिस नतिरेर भर्ना गर्दैन । बरु गम्भीरे र बले जस्ता व्यक्तिहरूलाई ब्याजमा ऋण दिन्छ । विद्यालयमा एक दिन इन्स्पेक्टर आउँछन् र आदर्श प्राइमरी स्कुलको गतिविधि मूल्याङ्कन, निरीक्षण र सोधपुछ गर्दछन् । ९० जना विद्यार्थी भएको विद्यालयमा पक्की छानो नभएको, तारबार र फलफूल नरोपिएको, आर्थिक सङ्कलन गरी तत्काल सम्पन्न गर्नुपर्ने सुझाव दिएपछि सांस्कृतिक झलक हेडमास्टर र सेक्रेटरीको सहयोगमा नृत्य हुन्छ ।

**हवल्दार -**

"बोलीद्यौ प्रेमकी रानी,
खोलीद्यौ दिलको कहानी ।
धेरै दिनदेखि तिम्रो अँध्यारो छ मुख ।
बिरामी पो छौ कि तिमीलाई केमा पर्‍यो दुःख ?
खान-पिन तजबीजको नमिलेर हो कि ?
सारी चोलो गहनामा चित्त बुझेन कि ?"

**हवल्दार्नी-**

"बोल्नुहोस् प्रेमको राजा,
खोल्नुहोस् दयाको दर्बाजा ।
खानपिन लगाउन नपुगेर हैन ।
शरीरमा बिरामी र दुःख पनि छैन ।
अस्ति सुनैं हजुरको घुइरो-घुइरो कुरा
दासीलाई घसी जाने वियोगको छुरा ।"

हवल्दार र हवल्दार्नी बीचको १३/१४ पङ्क्तिमा संवाद गीतका माध्यमबाट स्वदेशको महत्त्व झल्किएको देखिन्छ । आफ्नै देशमा रहेर हातका दशनङ्ग्रा खियाएर परिश्रम गरी

खानु पर्छ अनि पारिवारिक जीवन सुनौलो र सुखमय हुन्छ भन्ने सन्देश यस गीतको रहेको पाइन्छ । धनपतिसँग रुद्रप्रसाद र छलप्रसादले चन्दा उठाउन जाँदा दिँदैन र एक दिन गम्भीरेसँग २० रुपियाँ ऋण असुल गर्न जाँदा बाखा र एउटा लोटा लिएर आउँछ । त्यसै गरी बलेसँग पनि ऋण उठाउन जाँदा धनपतिको नाममा ४ मुरीको सट्टा ४ हजार रुपियाँको तमसुक रुद्र र छलप्रसादले लेखिदिएर झुक्याउँछन् । अदालतमा मुद्दा पर्छ । नपढेको कारणबाट आफूले दुःख पाएको महसुस गर्छ । जोगीले दिएको उपदेश स्वीकार गरेको हुन्छ ।

**जोगी -**

"बाबु गए, बराजु गए,
जिजु गए तेरा,
मूर्ख तेरो बाटो त्यही हो,
यो दुई दिनको डेरा ।"

यस्ता पङ्क्तिहरूले मार्मिक सन्देश दिएका छन् । यस भनाइले मानव शरीर नाशवान् छ । यहाँ माया-मोह गरेर आशक्तमा रहनु उचित छैन भन्ने उक्ति प्रष्टिन्छ ।

काले बि.ए. पास गरी हाकिम भएको र आफ्नो छोरा मने नपढेकोले आफूलाई पश्चात्ताप भएको छ । समाजद्रोही, देशद्रोही मानेर आफैँलाई धिक्कार्दछ । सबैको सल्लाह सुझाव पाएपछि खुसी हुँदै २०००।- रुपियाँ विद्यालयलाई चन्दा सहयोग गर्दछ । बल्ल धनपतिका आँखा खुल्छन् र शिक्षाको जागरण आउँछ । मनेलाई पुनः पढाउने प्रतिबद्धताका साथ विद्यालय पठाउँछ ।

## ४.२.१.६ नेपाली नाटक साहित्यमा कोमलदत्त तिवारीको स्थान

साहित्यमा नाटक एउटा महत्त्वपूर्ण विधा हो । नाटक रङ्गमञ्चीय कला हो । यो अभिनयात्मक हुन्छ । श्रव्य र दृश्य विधाको रूपमा लिइन्छ । पूर्वीय र पाश्चात्य विद्वान्हरूले नाटकको बारेमा आ-आफ्नै परिभाषा दिएर प्रस्ट्याएका छन् । नेपाली नाटकको बारेमा विशेष गरेर बालकृष्ण सम, भीमनिधि तिवारी, विजय मल्ल, मोतीराम भट्टजस्ता व्यक्तिहरू प्रसिद्ध छन् । यसै गरी नेपाली साहित्य क्षेत्रमा नाटक लेख्ने साहित्यकार कोमलदत्त तिवारी पनि एक हुन् । उनले वि.सं. २०१९ सालमा **शिक्षाको महत्त्व** नाटक लेखेर शिक्षाको ज्योति बाली नेपाली जनवर्गलाई चेतनाको जागरणल्याई शैक्षिक महत्त्व दर्साएका छन् । पहिलो खण्डमा ६ दृश्य कायम गरिएको छ । दोस्रो खण्डमा ५ दृश्य रहेको छ । ४८ पृष्ठको यो

लघुनाटक भए तापनि 'यथा नाम तथा गुण' भन्ने उक्ति सार्थक भएको पाइन्छ । नेपाली भाषा र साहित्यको विकासमा तिवारीले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । भोजराज उप्रेतीद्वारा प्रकाशन गरिएको यो कृति सामाजिक नाटक भएको र यसले समाजको शैक्षिक उन्नतिको सन्देश दिएको पाइन्छ । नाटककारले मानवलाई मानवीय गुण सम्पन्न भई शिक्षाद्वारा कोही बञ्चित नहोऊन्, शिक्षाले नै मानवताले युक्त हुने भएकाले चेतनाको ज्योति बाली शिक्षाद्वारा शिक्षित हुनै पर्ने सङ्केत गरेका छन् । मानिसहरू धनलाई महत्त्व दिएर अगाडि बढेका छन् तर शान्ति, सुख र आनन्द दिलाउने प्रमुख माध्यम शिक्षा नै हो । पढेर, लेखेर, विद्वान् भएर उच्चदर्जा वा पद ओगट्न सफल हुने माध्यम पनि शिक्षा नै हो । यस नाटकमा तिवारीले धनपति पात्रको माध्यमबाट बाबु, बाजे सबैलाई नपढे पनि भयो, मलाई र मेरा सन्तानलाई नपढे पनि के होला भनेर मने छोरोलाई नपढाउनाले उसलाई पश्चात्तापमा पर्नुपऱ्यो । रुद्र र छलप्रसादले बिनासित्तीमा दण्ड सजायँ दिएर उसलाई जेलमा थुनाए । वैकुण्ठको छोरो कालीबहादुर पढेर लेखेर बि.ए. पास गरी चन्दनपुर जिल्लाको बडा हाकिम भएको कारणले धनपतिलाई स्तब्ध बनायो । त्यसकारणले शिक्षा अनिवार्य वस्तु हो । शिक्षाबिना मनिस पशुतुल्य हुन्छ भनिएको छ । साहित्य क्षेत्रमा विभिन्न साहित्यिक कृति लेखेर साहित्य जगत्मा महत्त्वपूर्ण व्यक्तित्वका रूपमा प्रस्तुत भएका छन् । प्रथमतः पहिलो कृतिको रूपमा २०१९ सालमा शिक्षाको महत्त्व नाटक लेखेर नेपाली समाजलाई परिवर्तनको जग बसाल्ने काम भएको देखिएकाले नेपाली साहित्य क्षेत्रमा नेपाली नाटक विधा लेखी प्रकाशित भएकोमा नेपाली नाटक साहित्यमा तिवारीको स्थान महत्त्वपूर्ण रहेको छ ।

## ४.२.१.७ सारांश

नाटककार कोमलदत्त तिवारीद्वारा लिखित **शिक्षाको महत्त्व** नाटक जस्तो नाम छ, त्यस्तै गुणले युक्त छ । तत्कालीन अवस्थामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका समग्र नेपालीलाई शिक्षा सुलभ थिएन र पढ्नुपर्छ भन्ने चेतना पनि थिएन । यस नाटकले महत्त्वपूर्ण भूमिका खेलेको हुनसक्ने अनुमान गर्न सकिन्छ । शिक्षाको ज्योत बालेर अज्ञानरूपी अन्धकारबाट उज्यालो छर्नु यस कृतिको विशेषता हो । नाटकका माध्यमबाट विषयवस्तु बुझ्न सहज हुने र अभिनयात्मक दृश्यबाट मनमा सोझै असर पर्ने भएकाले पनि शिक्षा एउटा अपरिहार्य वस्तु रहेछ भन्ने तथ्यलाई नकार्न नसक्ने दृष्टिकोण कृतिकारको रहेको छ ।

पहिलो खण्डमा ६ दृश्य र दोस्रो खण्डमा ५ दृश्यमा उल्लिखित कृति ४८ पृष्ठमा सीमाङ्कन गरिएको छ । नेपाल भूमिको बारेमा लोकछन्दमा प्रारम्भिक नाट्यारम्भ गरी नेपाल आमाकै गान गरी चुट्किला प्रस्तुत गरेर विश्राम गरिएको नाटकले प्रस्ट्याएको छ ।

## ४.२.२ ज्ञानमाधुरी कविताको अध्यपन

यसअन्तर्गत शीर्षक परिचय, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, जीवनदृष्टि, लयविधान र दृष्टिबिन्दु, छन्द, रस र अलङ्कार, बिम्ब प्रतीक र सारांश प्रस्तुत गरिएको छ ।

### ४.२.२.१ शीर्षक परिचय

कुनै कृतिको रचना विशेष मूल टाउको भागलाई शीर्षक भनिन्छ । त्यसका अन्तर्निहित कृतिको प्रमुख विषयको सङ्केत नै शीर्षकले प्रस्टयाएको हुन्छ ।[९] कुनै पनि कृति वा रचनाको मूल सङ्क्षिप्त रूपले परिचय वा जानकारी गराउने शब्दावली, शब्द अथवा नामलाई शीर्षक भनिन्छ । कविताको महत्त्वपूर्ण तत्त्व नै शीर्षक हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको छन्द, कृतिको विषय र शीर्षक बीच सुन्दर सङ्गति हुनु पर्दछ । कृतिको मूलभाव वा सारभूत विषयको सङ्केत नै शीर्षकको रूपमा आउने गर्दछ । हुनत शीर्षकले समग्र पक्ष भने समेट्न सक्दैन । यस कविताको शीर्षकले ज्ञानको उचाइलाई स्थान दिएको छ । ज्ञानको शाब्दिक अर्थ जान्नु, बुझ्नु, थाहा पाउनु हुन्छ भने माधुरी शब्दले मधुरो मिठो वा स्वादिलो जनाउँदछ । ज्ञान+माधुरी मिलेर यसरी शीर्षक दिएको छ यसले ज्ञानपरक तथ्य कुरालाई अँगालेको छ । संसारमा भट्किएका मानिसहरूलाई पार पाउन वा मुक्त हुन नौका स्वरूप यो **ज्ञानमाधुरी** ग्रन्थ ग्रहण योग्य वा ग्राह्य मानिएको छ ।

### ४.२.२.२ संरचना

विभिन्न घटनाहरूको वा अवयवहरूको आपसी सम्बन्धद्वारा निर्मित कृति नै संरचना हो । अर्थात् राम्रोसँग निर्माण गर्नु पनि हो । कविता आफैमा सम्पन प्रकारले रचित संरचना

[९] ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्य कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५०, पृ. २३० ।

भएको कविता कृति हो । कविताको संरचनात्मक ढाँचा नै संरचना हो । संरचनाद्वारा कविताको निर्माण हुन्छ । प्राचीनकालीन काव्य रचनामा रस, छन्द, अलङ्कार र सर्ग ढाँचालाई काव्य रचना मानिने भए पनि आधुनिक कविता, सर्ग, अनुच्छेद, पाउ, हरफ आदिलाई संरचना अन्तर्गत बाह्य संरचनामा शब्दको उत्पत्ति, निर्माण, बनोट प्रकार र भावलाई हेरिन्छ । ज्ञान माधुरी कविता एउटा ज्ञानको सङ्ग्रह र भण्डार नै हो । यसमा लागि परेर दत्तचित्त भई संयमबाट अगाडि बढेमा ज्ञानको पराकाष्ठा आर्जन गरी परमपद मोक्ष प्राप्त गर्ने साधन स्वरूप यो कृति रहेको देखिन्छ । १ देखि ३३ पृष्ठसम्ममा संरचित यो कृति उत्कृष्ट रहेको पाइन्छ । आत्मचर्चा शीर्षक वा उपशीर्षक राखी संरचित कविता श्लोक १ देखि २४ श्लोकसम्म लेखिएको कविता शार्दूलविक्रीडित छन्दमा रहेको छ । ज्ञानपरक यो कविता, ईश्वरीय ज्ञान, धार्मिकता, आत्मबोध एवं पारमार्थिक सन्देशमूलक ग्रन्थ हो । सांसारिक प्रपञ्चलाई त्याग गरी परब्रह्म परमात्माको प्राप्तिहेतु यो कृति सद्भाव प्रेम, भक्तिभावले युक्त भएर मात्र, ज्ञान, वैराग्यको अनुयायी भई परायणता भएमा मात्र मोक्ष हुन सक्ने तथ्यलाई नकार्न सकिँदैन । तसर्थ ती कथनहरूलाई मनन गरेर यी भिन्न भाषाको शब्दको चयन, छन्दको छनकमा बाँडिएको कृति बाहिरी रूपमा सूक्ष्म देखिए पनि आन्तरिक रूपमा गहन र ओजिलो देखिन्छ ।

### ४.२.२.३ विषयवस्तु

कुनै पनि भाव, विचार एवं कथन आदिको लेखरचनालाई विषयवस्तु भनिन्छ । अन्तर्निहित मनका वेगलाई वा कल्पनालाई तथाघटित घटनाको दृश्य चित्रलाई खिचेर संयोजन गर्ने कार्य नै विषयवस्तु हो । त्यसभित्रका विषय प्रसङ्गको सँगालोको रूपमा संरचित एवं पात्र, घटना, परिवेश, परिस्थिति तथा मूलतत्त्व नै विषयवस्तु हुन्छ । काव्य र रचनाकारका लागि छनोट गरिएको वस्तु चयनलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ । जीवन भोगाइका क्रममा विभिन्न विषयगत विविधता हुन्छ, जीवन र जगत्का यावत् विषयमा कविता लेख्न सकिने हुदाँ कविले सत्यं, सत्यांश वा सत्याभास जुनसुकै विषय चयन गरी कविता रचना गर्न सक्दछ । कविको कल्पना प्रधान चिन्तन नै काव्यको विषयवस्तु हो । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवन जगत्का विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गर्न सकिन्छ । संसारका यावत् पदार्थहरू मानवीय विविध जीवन दिनचर्या अनुभवजन्य कुराहरूको सँगालोको पुञ्जलाई पनि विषयवस्तु मान्न सकिन्छ । कुनै ग्रन्थ लेख आदि रचनाहरूमा प्रतिपादन

गरिने वा गरिएको विचार कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[१०] विषयवस्तुका आधारमा लेखकले आवश्यकता अनुसार, घटना, पात्र, परिवेश आदि तत्त्वलाई समावेश गरी कृति रचना गर्ने हुनाले कुनै पनि कृतिको मूल आधार विषयवस्तु हुन जान्छ । कुनै पनि कृति वा रचना लेखिँदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगाालोलाई विषय वस्तु भनिन्छ । यहाँ यस **ज्ञानमाधुरी** कविताले मानव जीवनलाई नश्वर र मिथ्यात्व जानेर ज्ञानको बाटो समाती अगाडि बढ भन्ने प्रेरणा दिएको छ । सबै प्राणीहरूको आत्मा वा मानवआत्मा परमात्मा स्वरूप भएकोले आत्मचर्चा भनी पहिले कविताको शीर्षकमा नै कथन गरिएको छ । **ज्ञानमाधुरी**को पहिलो कविताको पहिलो श्लोक यस्तो रहेको छ -

आत्मावस्तु कहाँ रहन्छ कसरी जानिन्छ त्यो के गरी ?
जिज्ञासु जनमा पिरल्छ हरदम यै प्रश्नले बेसरी
आत्मा जानिन सक्छ, चिन्तन गरी त्यागी अहंकारता
आफैभित्र अहंरहन्छ त भने आत्मा कता हो कता ॥[११]

(**ज्ञानमाधुरी**, पृ. १)

भावार्थ : जिज्ञासु जनमा आत्मा जहाँ रहन्छ र कसरी जान्न
सकिन्छ भन्ने प्रश्नले निरन्तर पिरोली रहेको हुन्छ
जुन व्यक्तिले अहंकारलाई त्यागी निरन्तर चिन्तन गर्‍यो
भने जान्न सकिन्छ । परन्तु म मेरो भनी अहं र ममता
गरिरह्यो भने आत्मालाई जान्न सकिन्न ।

(**आत्मचर्चा**, पृ. १)

यसरी **ज्ञानमाधुरी** कविताको पहिलो पृ. १ मा संरचित पङ्क्तिले आत्मबोध सम्बन्धी ढोका घच्घच्याएको छ ।

मानव शरीर र आत्माको भिन्नता सम्बन्धी अर्को कविता यसप्रकार रहेको छ :-

मूढो देह गलेर जान्छ तापनि जाँदैन आत्मा कहीं
चीदाभास छुटेपछि शरीर यो ढल्ने छ जहाँ तहीं
आत्मा भन्नु त देहलाई हरदम त्यो घोर अज्ञान हो
आत्माबाट रहन्छ भिन्न तन यो यै जाननू ज्ञान हो ।

(**आत्म चर्चा,** पृ. २, श्लोक ५)

---

[१०] रामप्रसाद ज्ञवाली र अन्य, **ऐच्छिक नेपाली**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६, पृ. ५ ।
[११] कोमलदत्त तिवारी, **ज्ञानमाधुरी,** काठमाडौं : रमादेवी तिवारी, २०५४, पृ. १ ।

मानवले आफ्नो देह, सडेर, गलेर, नासिएर गए पनि आत्मालाई जान्न सक्दैन किनभने आफूभित्र भएको चैतन्य (चेतना) निस्केपछि जहाँको तहाँ यो शरीर ढल्दछ । त्यो जानेर शरीर र आत्माका कुरा जस्ले जान्दछ त्यो ज्ञानी व्यक्ति हो ।

ज्ञानी पुरुष र अज्ञानी पुरुषमा विभेद रहन्छ भन्ने अर्को एक कविता यसप्रकार छ :-

ज्ञानी स्वयं भइरहन्छ प्रकाशमान
चाहिन्न शास्त्र उपदेश कुनै महान
जिज्ञासु ज्ञानरत साधकलाई मात्र
चाहिन्छ ती सकल वेद पुराण शास्त्र ॥

(**ज्ञान विवेक**, पृ. ७२, श्लोक-१)

मान्छेले मानव जीवन पाएर आत्म तत्त्वको खोज गर्नुपर्छ, तर त्यो कसरी पाइन्छ र धर्म पूर्व कर्म भनेको के हो भन्ने अभिव्यक्त भएको छ ।

कही खोजेर भेटिन्न भगवान कसै गरे
मठमन्दिरमा हैन भावनमा रहन्छ रे

(**ज्ञान सूक्ति**, पृ. १४, श्लोक-५)

चित्त शुद्ध हुने धर्म मानिन्छ सब धार्मिक
अरू कर्म भने सारा हुन्छन् बन्धन कारण

(**ज्ञानसूक्ति**, पृ. १४, श्लोक ६)

चित्तशुद्ध गरी मात्रै धर्मकर्महरू गर
नत्र ता फल मानिन्छ नगरेकै बराबर ॥

(**ज्ञानसूक्ति**, पृ. १९, श्लोक ३९)

मानिसको अहंता र ममताले गर्दा अधोगतिमा जान्छ र नास्तिक बन्दछ आफ्नै अपनत्व र घमण्डले गर्दा माथि उठ्न सक्दैन ।

आफ्नै वृद्धि प्रशंसाले मान्छे नास्तिक बन्दछ
आफ्नो बढाइले हानि हुन्छ है शास्त्र भन्दछ ॥

(**नैतिक सूक्ति**, पृ. २५२, लोक ५)

कोमलदत्त तिवारीले विभिन्न समयमा आफ्ना मौलिक रचनालाई एकत्रित गरी प्रकाशन गर्ने काम गरेका छन् । मानव जीवनमा स्वीकार योग्य उक्ति कथन वा सन्देश कृतिहरूले उद्घोष गरेका छन् । मानवले गर्नुपर्ने कर्तव्य, जीवनको रहस्य र संसारसागरबाट

पार तर्ने मार्गदर्शकको रूपमा प्रस्तुत भएका पङ्क्तिहरू छन् । यस्ता पङ्क्तिहरू उपयुक्त जीवनदर्शन यथार्थ बोध गराई सुख र श्रेष्ठ पद प्रदान गर्ने सारतत्त्वको रूपमा झल्किएको देखिन्छ ।

## ४.२.२.४ भाव विधान

कुनै पनि कृति संरचना वा निर्माण गरिएका लेख रचनाले केही न केही भाव दर्साएको पाइन्छ । भाव, अर्थ नै त्यसको मूल सार तत्त्व हो ।[१२] त्यही कृतिले खोजेको मूल चूरो वा सार पूर्ण कुरा नै भाव हो । कृति संरचनाको क्रममा रचयिताले भाव विधानलाई पनि मान्यता दिइ लेख्नुपर्छ ।[१३] कविका रचित कविता शब्दशब्दका शृङ्खलामा गुम्फित भाषिक संरचना भएकाले पारिभाषिक संरचनामा भाव अभिव्यक्त भएको हुन्छ । भाव भन्नाले कविताको शब्दशब्दमा अन्तर्निहित शक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रस काव्यका अङ्ग मानिन्छन् वस्तुमा भाव निहित हुने भएकाले पनि कवितामा भाव रहनुपर्ने नै हुन्छ । भाव शब्द भू-धातुमा घञ् प्रत्यय लागेर बन्दछ । यसको अर्थ कुनै पनि मूर्त वा अमूर्त अस्तित्त्व भएका वस्तुलाई निश्चित नियम वा अनुशासनमा रही नियमबद्ध गर्नु भन्ने हुन्छ । भावले शब्द शब्दको र समग्र रचनाको अर्थ प्रकट गर्दछ । कविताबाट भावकहरूलाई प्राप्त हुने मूल वस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ । कृतिकारले आफूले लेखेको कृतिको मूल भाव के छ र त्यसले समाजमा के छाप पार्दछ त्यस कुरालाई ख्याल गरेर कृति लेख्नुपर्ने भएकाले भाव विधानको महत्त्व रहन्छ । यस **ज्ञानमाधुरी** कृतिमा ज्ञानपरक अध्यात्मवाद, भौतिक मिथ्यात्व, जीवन र जगत्को बारेमा खोज गर्नु, मानवतावादको चेतन दृष्टि, सांसारिक बन्धनबाट मुक्त भै मोक्ष साधनमा लम्कनु आदि धार्मिक सार र भाव भएको यसको मूलभूत विशेषता रहेको पाइन्छ ।

## ४.२.२.५ भाषाशैली

कुनै पनि कृतिकारले भाषाका माध्यमबाट वर्ण, शब्द, पद, पदावली, वाक्य शैलीकै समायोजनका आधारमा कृतिभित्र प्रस्तुत गरिने संवहन तत्त्व नै भाषाशैली हो ।[१४] भाषाकै समार्थ्य वा शक्तिद्वारा कविताको सृजना, छन्द सार्थक, भाषा परिवर्तनशील हुने भएकाले

---

[१२] सूर्यविक्रम ज्ञवाली , **नेपाली सङ्क्षिप्तकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. ५६३ ।
[१३] रामप्रसाद ज्ञवाली र (अन्य), **ऐच्छिक नेपाली,** पूर्ववत्, पृ. ७ ।
[१४] बासुदेव त्रिपाठी र अन्य (सम्पादक), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।

भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुन जान्छ । मानिसहरूका बीच परस्परमा विचारको साटासाट भाषाकै माध्यमबाट हुन्छ ।[१५] कवितालाई साकार मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत कविताका आधारमा विधागत भेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा लयात्मकता, रागात्मकता, ध्वन्यात्मकता, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, सङ्गतिहीन हुनुका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ । साहित्यकारहरूले आफ्नै किसिमको मौलिक शैली वा तरिका अपनाएर कृति संरचना गर्ने गर्दछन् । भाषा तौरतरिका प्रकट गर्ने पद्धति विशेष हो भने शैली लिखित वा मौखिक अभिव्यक्ति गर्ने माध्यम हो । मनका भावनालाई लिखित सामग्री र अभिव्यक्ति कथनका माध्यमबाट पनि भाषा शैलीको प्रयोग गरिन्छ ।[१६] भाषाशैली भनेको चाहिँ भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँदछ । भाषा विचार विनियमको साधन हो भने शैली कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धति हो । कविता वा लेख कृतिको साकार मूर्तरूप प्रदान गर्ने साधन नै भाषा हो । भाषाविना मानसिक भाव, विचारको अभिव्यक्ति, बहिष्कृत हुँदैन । त्यसैले भाषाका माध्यमबाट प्रयोग गरिने ढङ्ग ढाँचा नै भाषा शैली हो । कुन भाषाका कस्ता शब्दहरू चयन गरी आफ्ना कृतिमा राख्ने र सीमा, क्षेत्र आदिको ख्याल गरेर कृति निर्माण गर्ने भन्ने पनि भाषाशैलीको रूप हो । भाषा परिवर्तनशील भएकाले भाषिक निर्माण पनि परिवर्तनशील हुन जान्छ ।

**ज्ञानमाधुरी** कृतिमा कृतिकारले सितिमिती, कथनी, करनी जस्ता शब्दहरूको संयोजन गरेर मौलिकता दर्साएको पाइन्छ । त्यसै गरी र किनभने अथवा तर जस्ता संयोजक शब्दको प्रयोग भएको देखिन्छ भने तत्सम र तद्भव दुवै किसिमका शब्दहरूको प्रयोग भएको छ । आत्मा, ज्ञान, बुद्धि, विवेक, शक्ति, जिज्ञासु, इन्द्रिय, प्रशान्त, मानव, जीवन, सौभाग्य, शाखा, काम, क्रोध, लोभ, मद जस्ता शब्दहरूको प्रयोग भएको देखिन्छ । पद्य शैलीमा छन्दोबद्ध तरिकाले भाषाशैलीको प्रयोग भएको देखिन्छ । पद्य शैलमिा छन्दोबद्ध तरिकाले भाषाशैलीको प्रयोग भएको छ । सरल र जटिल दुवैखाले शब्दहरू पनि प्रयोग भएको पाइन्छ । चार-चार पाउको एक श्लोकीय शैलीमा कविता रचना गरिएको छ । भावको संयोजन गरेर लेखिएको छ भने कतै पद विचलन भएका वाक्यहरू पनि छन् । सांसारिक प्रपञ्चबाट मुक्त वा भिन्न

[१५] खगेन्द्र लुइटेल, *ध्वनि र आलेख,* **गरिमा,** वर्ष १४, पूर्णाङ्क-१५९, फाल्गुन, पृ. १२४ ।
[१६] रामप्रसाद ज्ञवाली र अन्य, **ऐच्छिक नेपाली,** पूर्ववत्, पृ. ७ ।

भएर मोक्ष पदतर्फ लम्किन सङ्केत गर्ने प्रवृत्ति यस **ज्ञानमाधुरी** कृतिमा रहेको छ । अत्यन्त मधुर शब्दशिल्प साजसज्जाले युक्त भएको यो कृति महत्त्वपूर्ण रूपमा स्थापित भएको देखिन्छ ।

## ४.२.२.६ जीवनदृष्टि

जीवनदृष्टिको अर्को नाम उद्देश्य हो, यसैले कुनै पनि विषय वस्तुमा आधारित भएर भावमय अनुभूति प्रधान, कलात्मक व्यञ्जना, अभिव्यञ्जनात्मक प्रकटीकरण नै कविताको उद्देश्य वा जीवन दृष्टि हो ।[१७] निरुद्देश्य अथवा, निष्प्रयोजन साहित्यको रचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधा कविताको रचना पनि निरुद्देश्य वा प्रयोजनहीन हुँदैन । यसकारण कविता सिर्जनामा कुनै न कुनै उद्देश्य वा जीवन दृष्टि अवश्य नै हुन्छ । प्रस्तुत कृतिभित्रका कविताहरूमा स्वच्छन्दवादी प्रवृत्ति अँगाली समाजिक विकृति र विसङ्गतिको आक्रोश जगाउँदै ज्ञानको ज्योति छर्ने काम भएको छ भन्ने कुरा **ज्ञानमाधुरी** कृतिबाट प्रस्ट हुन्छ । जीवन दृष्टि भन्नु नै यथार्थमा उद्देश्य रहेको हुनाले **ज्ञानमाधुरी**को उद्देश्य वा जीवन दृष्टि नै उच्च आदर्श, शान्त, धीर एवं कुशल व्यक्तित्वका साथ परंपद मोक्ष प्राप्त गराउनु रहेको छ । त्यति मात्र नभई सुख, आनन्द एवं भक्ति र ज्ञानपरक सन्देशमूलक कृति भएकाले यसलाई हार्दिकताका साथ स्वीकार गरेर स्वार्थमा नलागी समाजसेवा, आदर्शमय जीवन पद्धतिलाई अँगालेर भौतिक अहंता, ममता, रागद्वेषबाट ग्रसित भएका जनलाई विवेकवान् बनाउने सत्य, बोध गरी अध्यात्मको सन्तुष्टि दिलाउने जीवनदृष्टि रहेको पाइन्छ ।

## ४.२.२.७ लय विधान र दृष्टिबिन्दु

यहाँ दृष्टि विन्दु र लय विधानलाई छुट्टा-छुट्टै शीर्षक राखी अध्ययन गरिएको छ ।

### ४.२.२.७.१ लय विधान

लय भन्नाले कविता क्षेत्रको एउटा तत्त्वको रूपमा लिइन्छ । कविता विभिन्न छन्दमा उच्चारण गर्दा आरोह-अवरोह गरी गाइने प्रक्रिया वा तरिकालाई लय भनिन्छ । स्वरबद्ध भइ उच्चारण गर्ने कार्य लय हो । लयले नै कविता विधा ज्यादै रोचक र रुचिपूर्ण विधाको रूपमा

---

[१७] अनिताकुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ५२ ।

लिने गर्दछन् ।[१८] लय शब्द 'ली' धातुमा 'अच्' प्रत्यय लागेर बन्दछ, जसको अर्थ एकाग्रता, तल्लीनता वा सङ्गीतमा आरोह-अवरोहको विशेष क्रम भन्ने हुन्छ । लयले वर्णको उच्चारण र स्वरताललाई सङ्गीत दिई कवितालाई श्रुतिमोहक बनाउँछ । गद्य र पद्य प्रयोग हुने भाषा भिन्न हुन्छ । लयले भाषिक विभिन्नताभित्र स्वरव्यञ्जन वर्णको उच्चारणद्वारा निष्कने ध्वनिलाई साङ्गीतिक बनाउँदछ । छन्दले लयलाई नियमबद्ध बनाउँदछ । छन्द कविताको बाह्य तत्त्व हो भने लय आन्तरिक तत्त्व हो । लय र छन्द बीच निकै सम्बन्ध छ । छन्दविना कविता रचना हुन सक्छ, तर लयविना कविता सिर्जना हुँदैन । कवितामा लय सृष्टि गर्न शास्त्रीय पद्धतिमा शास्त्रीय सहारा लिइन्छ । छन्दले पद्य रचनालाई गति, यति र मात्राको क्रमलाई बुझाएर विशिष्ट लय उत्पन्न गर्दछ ।[१९] सङ्गीत शास्त्रमा लयलाई द्रुत, मध्यम र विलम्बित गरी तीन भागमा विभाजन गरिएको छ । लयले कवितामा भावावेगलाई उद्दीप्त पार्ने काम गर्छ । छन्दोबद्ध तथा छन्दमुक्त कवितामा लयको आवृत्ति स्थूलबाट सूक्ष्मतिर बढेको हुन्छ । कविले कवितामा गरेको शब्द योजन अनुरूप उत्पन्न हुने लयको ढाँचा र त्यसको आवृत्ति वार्णिक छन्दमा लेखिएका कवितामा नियमित हुन्छ भने मात्रिक र मुक्त छन्दका कवितामा अनियमित हुन्छ । विभिन्न प्रकारका अनुप्रासले पनि कवितामा शब्दालङ्कारको काम गरी लय सिर्जना गर्छन् । पद्य कवितामा पाउ, श्लोक र छन्दका माध्यमबाट लय सिर्जना हुने गर्दछ । त्यसैले गद्य वा पद्य जस्तो कविता भए पनि लयात्मक हुन्छ । उच्चारणगत हिसाबले कवितालाई आरोह-अवरोह यति, गति, स्वर, अनुप्रास, ढङ्ग ढाँचा आदि तौर तरिकाबाट हुने उच्चारणलाई लय विधान भनिन्छ ।  यस **ज्ञानमाधुरी** कृतिमा धेरैजसो शार्दूलविक्रीडित छन्दमा बाँधिएको पाइन्छ । ती कविताहरू निम्नअनुसार छन्-

शार्दूलविक्रीडित छन्द-

इच्छा भोग र वासना विषयका जो रोगले मुक्त छ
त्यै नै वास्तव रोगहीन तनु वा मन बुद्धिको स्वस्थ्य छ ।
त्यस्तो मानिस रोगमुक्त जन हो सम्पन्नशाली पनि
त्यो हो जीवन मुक्त यो जगतमा सम्पूर्णताको धनी ॥

(**आत्म चर्चा,** पृ. ३२, श्लोक-१०)

---

[१८] इश्वरीप्रसाद गैरे, **आधुनिक खण्डकाव्य र महाकाव्य,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., २०६७, पृ. २४ ।

[१९] रामप्रसाद ज्ञवाली, **ऐच्छिक नेपाली,** पूर्ववत्, पृ. ५ ।

कतै कतै अन्य छन्दमा पनि कविता लेखेका छन् । वसन्ततिलका छन्दमा रचित कविता यसप्रकार रहेको छ -

ज्ञानी स्वयं भइ रहन्छ प्रकाशमान
चाहिन्न शास्त्र उपदेश कुनै महान ।
जिज्ञासु ज्ञानरत साधकलाई मात्र
चाहिन्छ ती सफल वेद पुराण शास्त्र ॥

(**ज्ञान विवेक**, पृ. ७, श्लोक-१)

शार्दूलविक्रीडित छन्द-

बन्धन मुक्त हुनु मनुष्य जुनिमा आखिरको लक्ष्य छ ।
आफूलाई ठम्याउने जन छ जो त्यै लक्ष्यमा पुग्दछ ।
तस्मात् संयम रूपले दृढ रही गर्ने छ ता चिन्तन
छुट्ने छन् उसका बलिष्ठ सब ती छन् जे जती बन्धन ।

(**आत्म चर्चा,** पृ. ६२, श्लोक २३)

वसन्ततिलका छन्द -

आज्ञा र त्रास लिइ धर्म उपासना जो
गर्ने गरिन्छ नबुझीकन तथ्य के हो
त्यो मूढता रुढि-बुढी भनि मानिइन्छ
श्रद्धा ठहर्छ बुझि कर्म जती गरिन्छ ।

(**ज्ञान विवेक**, पृ. ९, श्लोक १२)

अनुप्टुप् छन्द-

ध्यानले शान्ति मिल्ने छ शात्तिम ज्ञान घुस्तछ
ध्यान ज्ञान परस्परमा सम्बन्ध अवछिन्न छ ॥

(**ज्ञानसूक्ति**, पृ. २४, श्लोक ७२)

यसरी कोमलदत्त तिवारीले आफ्नो स्वरचित **ज्ञानमाधुरी** कृतिमा शार्दूलविक्रीडित छन्द, वसन्ततिलका छन्द र अनुप्टुप छन्दहरूमा कविता रचना गरेर लय विधानको परिचय दिएका छन् ।

## ४.२.२.७.२ दृष्टिविन्दु

कृति लेख्ने सन्दर्भमा कृति उपस्थित गर्ने पद्धति विशेषलाई दृष्टिविन्दु भनिन्छ । विशेष गरेर दृष्टिविन्दु २ प्रकारका भन्निएको छ । प्रथम पुरुषात्म दृष्टि विन्दु र तृतीय पुरुषात्मक दृष्टिविन्दु । म, आफू, हामी भन्ने सर्वनाम वाचक प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने ऊ उनी, त्यो आदि तृतीय पुरुष सर्वनाम वाचक दृष्टिविन्दु भएको पाइन्छ ।[२०] कृतिभित्र उपस्थित पात्रको भूमिकागत रूपलाई नै दृष्टिविन्दुका रूपमा लिन सकिन्छ । कवितामा कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक अथवा आत्मपरक कथ्य आफै गुनगुनाउँदा पनि अप्रत्यक्ष कसैप्रति (भावकप्रति) सम्बोधित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुष, प्रथम पुरुष र कहिलेकाहीँ द्वितीय पुरुषमा पनि कथित वा आत्मालापी हुन सक्दछ । **ज्ञानमाधुरी** कृतिमा प्रथम, द्वितीय र तृतीय पुरुष अथवा प्रथम दृष्टिविन्दु द्वितीय दृष्टि विन्दु र तृतीय दृष्टिविन्दु रचित कविताहरू रहेका छन् । ती पङ्क्तिहरू निम्नानुसार रहेका छन् :

प्रथम पुरुष दृष्टिबिन्दुका कवितांशहरू -

आफू छ के ? अरू कसैसित क्यै नसोध
फर्काउ भित्र मन चित्त हुने छ बोध
आफै गरी मनन चिन्तन आफूलाई
जानिन्छ भित्र पसि आफु सितै रमाई ।

(**ज्ञान विवेक**, पृ. १०, श्लोक-१४)

द्वितीय पुरुष दृष्टि विन्दु प्रयोग भएका कवितांशहरू -

तिम्रो गयो कति कुरा ? किन पीर गर्छौ ?
के साथ लिइ यहाँ तिमी जन्मिएथ्यौ ?
तिम्रो छ साथ जति जे सब चाहिएको छ
तिम्रो भनेर गनिने तब के कहाँ छ ?

(**ज्ञान विवेक**, पृ. १२, श्लोक २४)

तृतीय पुरुष दृष्टिविन्दुमा प्रयोग भएका कवितांशहरू -

इच्छा भोग र वासना विषयका जो रोगले मुक्त छ
त्यो नै वास्तव रोगहीन तनुवा मन वुद्धिको स्वस्थ्य छ

---

[२०] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. ५६५ ।

त्यस्तो मानिस रोग मुक्त जन हो सम्पन्न शाली पनि
त्यै हो जीवन मुक्त यो जगतमा सम्पूर्णताको धनी ॥

(**ज्ञान विवेक**, पृ. १२, श्लोक २४)

यसरी कवि कोमलदत्त तिवारीले आफ्ना कृतिहरूमध्ये **ज्ञानमाधुरी** कवितामा दृष्टिविन्दुको प्रयोग गरी साहित्यिक परिचय दिएका छन् ।

## ४.२.२.८ छन्द, रस र अलङ्कार

यहाँ छन्द, अलङ्कार र रसलाई भिन्न-भिन्न शीर्षक राखेर अध्ययन गरिएको छ ।

### ४.२.२.८.१ छन्द

छन्द शब्द केलाएर हेर्दा संस्कृत भाषाबाट आएको हो । छन्द शब्दको व्युत्पादन संस्कृतको छद्-धातुबाट 'असन' प्रत्यय लागेर भएको हो । 'छद्' शब्दको शाब्दिक अर्थ आनन्दित पार्नु, फकाउनु, बाँध्नु, रक्षा गर्नु आदि हुन्छ ।[२१] वर्ण वा मात्राको गणना र विश्रामादिले फरक-फरक गेयात्मक रूप लिने वाक्य वा वाक्यहरूको गठनलाई छन्द भनिन्छ ।[२२] कविता काव्यमा छन्दको महत्त्व र उपादेयता कसरी झल्कन सक्छ भने छन्दोबद्ध कविताले नै लय विधानमा कवितालाई पकिई कवितात्मक श्रुतिमाधुर्य उद्घाटित गर्दछ ।[२३] छन्द शब्दको परिभाषा संस्कृत साहित्यमा यसरी गरिएको छ, "छन्दयति आहलादयति इति छन्द" अर्थात् जस्ले मान्छेलाई आनन्दित तुल्याउँदछ त्यही नै छन्द हो । मान्छेका मनभित्र उठेका भावहरूलाई लयपूर्ण ढङ्गमा गाउने प्रवृत्तिबाट छन्दको उत्पत्ति भएको हो भन्ने कुरा मान्न सकिन्छ । साहित्यमा छन्द भन्नाले यति, गति र लय मिलेको वर्ण मात्रा आदिको गणना अनुसार पद्यात्मक रचनामा गरिने कुनै निश्चित विशिष्ट नियमबाट नियोजित पद्य रचना विशेषलाई बुझाउँदछ । गणले तीन वटा अक्षर समूहलाई जनाउँदछ । मात्रा ह्रस्व र दीर्घ हुन्छन् । गेयात्मक र सूत्रले आकर्षक बनाउने काम हुन्छ । छन्द विविध प्रकारका छन् । शार्दूलविक्रीडित, तोटक, भुजङ्गप्रयात, मालती, वसन्ततिलका, मन्दाक्रान्ता, शिखरिणी

---

[२१] कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली** (बाह्रौं संस्क. - संशोधित), काठमाडौं : सहयोगी प्रेस २०४६, पृ. ३० ।

[२२] सूर्यविक्रम ज्ञवाली (प्र. सम्पा.), **नेपाली संक्षिप्त कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. २३८ ।

[२३] रामचन्द्र लम्साल र अन्य , **साहित्य शास्त्र नेपाली समालोचना र शोध विधि,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६७, पृ. ५७ ।

आदि छन्द हुन्छन् । छन्दमा लेखिएका कविताहरूमा गण, मात्रा, ह्रस्व, दीर्घ विश्राम र चिह्न आदिको ख्याल हुन्छ । लोकछन्द, शास्त्रीयछन्द, गीतिछन्द, झ्याउरे छन्दमा संरचना भएका कविताहरू पाइन्छन् । कवि कोमलदत्त तिवारीले **ज्ञानमाधुरी** कवितामा शार्दूलविक्रीडित छन्दमा लेखिएका कविताहरू छन् भने कतै वसन्ततिलका र कतै अनुष्टुप् छन्दका कविता पनि रहेको शार्दूलवीक्रिडित छन्दको कविता यसप्रकार रहेको छ :-

जस्तै छाल तरङ्ग फीजहरू ती मानिन्छ पानी भनी
त्यस्तै मास पला घडी समयका खण्डांश हुन् ती पनी
जान्नू मानिस वा चराचर जगत् जे छन् जती छन् सब
जे जो नाम रहे पनी सफल छन् ब्रह्मात्म नै वास्तव ॥

(**आत्म चर्चा,** पृ. १२, श्लोक २)

वसन्ततिलका छन्द -

ज्ञानी स्वयं भइरहन्छ प्रकाशमान
चाहिन्न शास्त्र उपदेश कुनै महान
जिज्ञासु ज्ञानरत साधकलाई मात्र
चाहिन्छ ती सफल वेद पुराण शास्त्र

(**ज्ञान विवेक**, पृ. ७, श्लोक १)

अनुप्टुप् छन्द -

शान्ति हो तपमा ठूलो तृष्णा ठूलो छ रोगमा
सन्तोष सरिको सुख्ख पाइने छैन धर्तिमा

(**ज्ञानसूक्ति**, पृ. १४२, श्लोक ४९)

यसरी कोमलदत्त तिवारीले **ज्ञानमाधुरी** कृतिमा शार्दूलवीक्रिडित, वसन्ततिलका र अनुप्टुप् जस्ता छन्दहरूको प्रयोग गरी साहित्यको महत्त्व दर्साएका छन् ।

### ४.२.२.८.२ रस

रस भनेको सोझो अभिधा अर्थमा झोल पदार्थ हुन्छ । साहित्यको अर्थमा आनन्दको अवस्था हो । मानव-हृदयमा देखेर, सुनेर, भोगेर र अनुभूति गरेर जुन आनन्द आउँदछ त्यो नै रस हो । भावको परिपाक नै रस हो ।[२४] रसका पहिला प्रयोग कर्ता आचार्य भरत हुन् । नाट्य शास्त्रमा रस शब्दको प्रयोग गरेका छन् । उनको परिभाषालाई रस सूत्र भनिन्छ ।

[२४] रामप्रसाद ज्ञवाली, **ऐच्छिक नेपाली,** पूर्ववत्, पृ. ३०४ ।

विभावानुभावव्यभिचारिभावसंयोगात् रस निष्पत्तिः अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ । रस भनेको विशिष्ट साहित्यिक आनन्द हो र यो काव्यको आत्मा हो भन्ने कुरामा अधिकांश विद्वान्हरू देखा पर्दछन् । रस भनेर आस्वादन अर्थमा एवं द्रव्य तत्त्वको रूपमा लिइएको छ । वैदिक वाङ्मयदेखि नै रस शब्दको प्रयोग हुँदै आएको हुँदा रसते इति रस, रसो वै सः भन्ने रस शब्दले विभिन्न व्युत्पत्तिगत अर्थ गरेको पाइन्छ ।[२५] "रस्यते आस्वादते इति रसः" अर्थात् झोलपदार्थलाई पिएर लिइने आनन्द नै रस हो । यो आनन्द विशिष्ट साहित्यिक आनन्द हो । व्युत्पत्ति अनुसार रसलाई आनन्दको रूप लिए तापनि रस भन्नाले आयुर्वेदमा रसको अर्थ वीर्य, जलीय पदार्थ रसेन्द्रिय ग्राह्यपदार्थ, वेदमा सोम रस, दूध, जल, स्वाद, गन्ध, काम स्नेह, लोक जीवनमा आनन्द स्वाद तरल खाद्य पदार्थको लागि प्रयोग गरिएको छ ।

"ब्रह्मास्वादसहोदरः" अर्थात् जुन आनन्द ब्रह्मज्ञानमा प्राप्त हुन्छ त्यही आनन्द नै रस हो । रस नौ प्रकारका हुन्छन् । शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त जस्ता यी साहित्यिक रसहरू महत्त्वपूर्ण रहेका छन् ।[२६] रसबिना कुनै पनि अर्थको प्रवर्तन हुँदैन भनेका छन् । 'न हि रसादृते कश्चिदर्थः प्रवर्तते' कथन रहेको छ । **ज्ञान माधुरी** कृतिमा कविले वीररस, शान्त रस र करुणरसको प्रयोग गरेका छन् ।

वीर रस - उत्साह स्थायी भाव हुने वीर रस हो । कुनै साहित्यिक कार्य गर्न प्रेरित गर्ने मनको उत्साहपूर्ण भाव हो ।

यस रसको प्रसङ्ग भएको कविताहरू यसप्रकार छन् :-

ती बाह्य दुस्मन जती भयकार हुन्छन् ।
धेरै गुणा अझ बढी तनभित्रका छन् ॥
छन् लोभ मोह र अहंकृति काम बोध
तिन्कै प्रहार परि मानिस भो अबोध ॥

(**ज्ञान विवेक**, पृ. ११, श्लोक २०)

शान्त रस - धैर्य वा शान्त हुने भाव नै स्थायी भाव हो । यस रसको प्रयोग भएको कविता यसप्रकार छ :-

मन हो इन्द्रियको प्रकाशक तथा मनको भने बुद्धि हो
त्यस्तै बुद्धि विवेकको त छ 'अहम्' उस्को त सच्चा म हो

---

[२५] कुलप्रसाद ढुङ्गाना, **संस्कृत साहित्य सिद्धान्त,** काठमाडौं : सुकुन्दा पुस्तक भवन, २०६८, पृ. ५१ ।
[२६] रामचन्द्र लम्साल, **साधारण नेपाली साहित्य र शोधविधि,** पूर्ववत्, पृ. २१ ।

आखिर ती सबको प्रकाशक भयो आत्मा स्वयं वास्तव

जस्को ज्ञान गरी प्रशान्त रहनु त्यै मुक्ति हो मानव

(**आत्म चर्चा,** पृ. २, श्लोक ७)

करुण रस- दुःख, अभाव, पीडा र शोक आदिबाट उत्पन्न हुने भाव नै करुण रस हो । करुण रसका केही कविता पङ्क्तिहरू-

भीखमा अल्फिने हुन्छ विवश् भिखारीको मुख

भिक्षामा हुन्छ भिक्षुको आत्मनिर्भरता सुख ॥

यसरी **ज्ञानमाधुरी** कृतिमा रसको संयोजन गरी साहित्य रसको महत्त्व बढाएका छन् ।

## ४.२.२.८.३ अलङ्कार

साहित्यमा अलङ्कार भने पछि विशेष चर्चाका साथ गरिन्छ । रस जस्तै अलङ्कार पनि महत्त्वपूर्ण रहन्छ ।

अलङ्कार अभिधा अर्थमा गहना, आभूषण, सुन्दर पार्ने वा सजिसजाउ पार्ने सामग्रीको रूपमा लिइन्छ ।[२७]

अलङ्कार संस्कृत शब्द हो । यो अलं+कृ+घञ्=अलङ्कार अर्थात् 'कृ'-धातुमा 'अलं' उपसर्ग र घञ् प्रत्यय लागेर बनेको छ । 'सौन्दर्यमलङ्कारः' भन्ने आचार्य वामनका अनुसार काव्यको सुन्दरता नै अलङ्कार हो । अलङ्करोति इति अलङ्कारः - जसले सौन्दर्य बढाउनमा सहायता पुऱ्याउँदछ त्यो अलङ्कार हो । अर्थात् अलङ्कार साहित्यको सौन्दर्य बढाउने तत्त्व हो ।[२८] अलङ्कारको सैद्धान्तिक चर्चा भरतको नाट्यशास्त्रमा भएको पाइन्छ । वेदमा-यमक, रूपक र उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । अलङ्कारका प्रमुख व्यक्ति भामह हुन् । शब्दालङ्कार र अर्थालङ्कारको बारेमा "काव्यालङ्कार" सूत्रवृत्ति ग्रन्थ लेखेर चर्चा गरेका छन् । उपमा अलङ्कार कुनै वस्तुलाई तुलना गरेर सादृश्य जनाउँदा प्रकट हनु अलङ्कारलाई उपमा अलङ्कार भनिन्छ ।

दृष्टान्त अलङ्कार - कुनै कुरा उदाहरण दिएर प्रस्ट्याउन पर्दा दृष्टान्त अलङ्कार हुन्छ ।

बालक जीवन हो भन्छन् काँचो माटो सरी भनी

[२७] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** पूर्ववत्, पृ. २६ ।
[२८] रामचन्द्र लम्साल आदि, **साहित्यशास्त्र र नेपाली समालोचना हो**, पूर्ववत्, पृ. ४९ ।

बिऊ रोपिन्छ जे जस्तो त्यस्तै निस्कन्छ फल पनि

(**नैतिक सूक्ति**, पृ. २६, श्लोक ८)

जसले मौका विचारेर काम सम्पन्न गर्दछ

त्यसैले नाम फैलिन्छ बुद्धिमान ठहर्दछ ॥

(**ज्ञान सूक्ति**, पृ. २८, श्लोक २४)

यसरी कोमलदत्त तिवारीले **ज्ञानमाधुरी** कृतिमा अलङ्कारको प्रयोग कवितामा गरी साहित्यको ओज बढाएका छन् ।

## ४.२.२.९ बिम्ब र प्रतीक

कुनै कृतिमा मुख्य कथ्यको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । रचनाकारका कृतिपरक मानस पटलमा मानसिक तस्वीरको चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[२९] बिम्ब शब्द 'बी' धातुमा 'वन्' प्रत्यय लागेर बनेको हो । प्रकृति तथा सामाजिक जीवन जगतका व्यापक क्षेत्रबाट लिएका विभिन्न सामग्री बिम्ब हुन् । भाषामा बिम्बात्मक शब्दको प्रयोग हुन्छ । बिम्बले लाक्षणिक अर्थ बुझाउँछ । कविले बिम्ब प्रयोग गरी कुनै समयका इन्द्रियजन्य ज्ञानलाई खोजी खोजी प्रस्तुत गरेको पाइन्छ । कवितामा प्रयुक्त अलङ्कारको प्रस्तुतीमा पनि बिम्बकै सहायता लिइन्छ । बिम्ब प्रयोगबाट कविता सुन्दर आलङ्कारिक र व्यञ्जना धर्मी बन्छ भने भाव-सम्प्रेषणमा पनि यो सहायक सिद्ध हुन्छ । रूप, रस, गन्ध शब्द बिम्बका रूपमा कवितामा प्रयोग भई भावलाई गम्भीर बनाउने बिम्ब कविताको कलात्मक वा सौन्दर्यत्मक तत्त्व हो । भाषाको शाब्दिक एकाइको माध्यमबाट व्यक्त हुने प्रतीक कवितात्मक विशिष्टताका लागि आवश्यक तत्त्व हो । प्रतीकमय भाषाले मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा प्रस्तुत गर्दछ । शब्द र अर्थको नवीन सन्दर्भलाई व्यक्त गर्दछ । प्रतीकलाई कविताको आवश्यक उपकरण मानिन्छ ।[३०] बिम्ब र प्रतीक कविताको अनिवार्य तत्त्व हो । कुनै वस्तु चिजलाई मानवको प्रतिच्छाया प्रतिमूर्ति स्वरूप सादृश्य देखाउने चित्रात्मक आधारलाई वा माध्यमलाई बिम्बको रूपमा लिएको पाइन्छ । बिम्बले आफ्ना भाव वा विचारको स्वरूपलाई हरेक पाठक वर्ग

[२९] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** पूर्ववत्, पृ. २६ ।
[३०] ऐजन ।

समक्ष मूर्तरूप भएर सजीव तुल्याउने आधारलाई पनि बिम्बका रूपमा लिएको छ । प्रतीक एक सादृश्य मानव वा वस्तु सङ्केतका माध्यमबाट मानवीय गुण स्वभावको प्रस्तुति गर्नु हो । प्रतीक ध्वन्यात्मक अभिव्यक्ति हो । आरोप र आरोप्य वस्तुसित गुण र स्वभावको सादृश्य हुन्छ ।

यथार्थ बिम्ब -

तिर्खा नलागि पिइने जल हुन्छ जस्तै

श्रद्धा नलागि गरिने पनि धर्म त्यस्तै

तिर्खा नलागि पिइने पानीको बिम्ब स्वरूप श्रद्धा विहीन धर्मसँग प्रतीक देखाइएको छ ।

(**ज्ञान विवेक**, पृ. ९, श्लोक ११)

माता पिता र गुरु एवं साधुजनलाई देवताका प्रतीकको रूपमा मानिएको छ ।

माता पिता र सन्यासी गुरु या अतिथिजन

देवता तुल्य मानिन्छन् मौकामा गर सेवन

(**ज्ञान सूक्ति**, पृ. २२, श्लोक ५६)

ज्ञान अस्त्रको प्रतीक हो । चिन्ता, दुःख र मृत्युलाई हटाउने ज्ञानस्वरूप दिव्य अस्त्रको प्रतीक स्वरूप मानिएको छ ।

ज्ञान दिव्यास्त्र हो एक दुःख कष्ट छुटाउने

पीडा चिन्ता जन्म-मृत्यु सब नष्ट गराउने ॥

(**ज्ञानसूक्ति**, पृ. २५, श्लोक ६४)

यसरी कोमलदत्त तिवारीद्वारा लिखित **ज्ञानमाधुरी** कृतिमा बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ ।

## ४.२.२.१० सारांश

कोमलदत्त तिवारीले वि.सं. २०५४ सालमा लेखेको **ज्ञानमाधुरी** कृति नेपाली साहित्यको उत्कृष्ट कृति हो । नाटक र कविता क्षेत्रमा उदाएका तिवारी आफ्नो ३ दशक समयलाई सदुपयोग गर्न सफल देखिन्छन् । उनले २०१९ सालमा **शिक्षाको महत्त्व** नाटक

लेखेर सामाजिक मूल्य, मान्यता एवं चेतनाको ज्योति फैलाइ शोषक एवं सामन्तवर्गको पर्दाफास गर्ने कार्य कृति मार्फत भएको पाइन्छ । तिवारीले मानव जीवनमा जीवनोपयोगी कार्य गरेर मानवीय कर्तव्यताको स्थापना गरेका छन् ।

अध्यात्म चिन्तनमा निरन्तर लगनशील भएर उनले जीवनको सार भनेको सांसारिक प्रपञ्चबाट मुक्त भई पारमार्थिक चिन्तन गर्नु अनिवार्यता बोध गराएका छन् । संसारमा अधिकांश भौतिकवादी मानिस भएको र शून्यवादी चिन्तनमा रहेका मानिसलाई भौतिक विकासका साथै आध्यात्मिक विकासतर्फ सरिक बनाउन प्रेरक बनेका छन् । कतिपय मानिसहरू आफ्नो चिन्तन र कल्पना बाहेकका कुराहरू नपत्याउने र प्रत्यक्ष प्रमाणमा आधारित तथ्यलाई मात्र स्वीकार गर्ने जनलाई समेत ज्ञानको ज्योति बाल्ने र ज्ञानवान् बनाउने तर्फ उन्मुख भएका देखिन्छन् । विभिन्न वेद, पुराण, उपनिषद् शास्त्र आदिका तर्क दिएर वेदान्तपरक उपदेश कृति मार्फत दिएका छन् । भक्ति, ज्ञान, वैराग्य एवं ईश्वरीयताको बोध यस कृतिबाट पाइने देखिन्छ । **ज्ञानमाधुरी** कृति सांसरिक भौतिक जीवनबाट माथि उठेर भगवत् प्राप्ति एवं परंधाम (मोक्ष) पुग्न पाउने साधन स्वरूप रहेको छ । सरल र सहज भाषामा पद्य रचना भएको र शब्द, चयन, वाक्य गठन तथा श्लोक, पाउको रखाइ उपयुक्त भएको देखिन्छ । तसर्थः यो कृति **ज्ञानमाधुरी**को नामबाट शीर्षक चयन भएकाले नाम अनुसारको गुण पनि भएको पाइन्छ । त्यसैले आत्मबोध मानवबोधका साथै कर्तव्यबोध गराइएको र शान्तिको कामना गरेको लोकप्रिय कृति मानिएको छ ।

## ४.२.३ मनको निवेदन कविताको अध्ययन

कोमलदत्त तिवारीले वि.सं. २०५९ सालमा प्रकाशित गरेको लेखनाथ पौड्यालको **बुद्धिविनोद**को उत्तरको रूपमा यो **मनको निवेदन** कविता कृति उत्कृष्ट एवं चर्चित रहेको पाइन्छ । यहाँ शीर्षक संरचना, विषय वस्तु, भाव विधान, भाषाशैली, जीवनदृष्टि, लयविधान, दृष्टिविन्दु, छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीक जस्ता कविता तत्त्वहरूका आधारमा **मनको निवेदन** कविताको अध्ययन गरिएको छ ।

### ४.२.३.१ शीर्षक

कुनै पनि कृतिको प्रवेशद्वारको रूपमा शीर्षकलाई लिन सकिन्छ । कृतिको संज्ञालाई शीर्षक भनिन्छ । कोमलदत्त तिवारीद्वारा लेखिएको लेखनाथ पौड्यालको **बुद्धिविनोद**को

उत्तरका रूपमा यो **मनको निवेदन** कृति नै शीर्षकको नाम रहेको छ । यसको अर्थ मनको प्रार्थना भन्ने हुन्छ अर्थात् मन, वचन र कर्मले समर्पित भएर स्तुति गर्नु **मनको निवेदन** हो । मनले बिन्ती गर्नु पनि हो । मन इन्द्रियहरूको राजा मानिन्छ । मनका चार विभेद पनि छन् । मन, बुद्धि, चित्त र अहङ्कार । यसरी ४ भागमा विभाजित रूप पनि मनकै भएको पाइन्छ ।[३१] मन सूक्ष्म गतिमा हिँड्दछ । मन आत्माको सहयोगी र पृष्ठ पोषण हो । यो मन अति सूक्ष्म छ । चञ्चल र अस्थिर पनि छ । मनोविज्ञानमा मनको विशेष अध्ययन गरिएको पाइन्छ । मनकै कारणबाट मानिस सुखी वा दुःखी बनेको छ । बन्धन र मोक्ष पनि मनकै उपज मानिन्छ । मनले जे देख्यो, जे सोच्यो त्यही मानिसले गर्दछ । तसर्थ इन्द्रियको प्रमुख मन भएकाले मनको स्फुरणलाई नै प्रवृत्ति मार्गको प्रेरक तत्त्वको रूपमा लिन सकिन्छ । त्यसैले यो कृति कोमलदत्त तिवारीद्वारा रचित **मनको निवेदन** शीर्षक उपयुक्त रहेको छ ।

### ४.२.३.२ संरचना

संरचनाका दृष्टिले लेखनाथ पौड्यालको **बुद्धिविनोद**को उत्तरका रूपमा हेर्दा यो **मनको निवेदन** कृति सानो रहेको छ तापनि अनमोल कृति हो । संरचना आन्तरिक र बाह्य दृष्टिले हेरिन्छ । बाह्य संरचनामा आकार, बनोट, रङ्ग, आवाज, गण, मात्रा, विश्राम आदिलाई हेरिन्छ भने आन्तरिक दृष्टिले हेर्दा-सानो कविता कृति रहे पनि त्यसको भाव, विचार र कुन सन्देश दिन्छ त्यसतर्फ ख्याल गरिन्छ ।[३२] कविता भित्री र बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ यस्तो बाह्य संरचनालाई लय गुण पाउ चरण पङ्क्ति पुञ्ज शब्द गुच्छाको संयोजन निर्माण गरिन्छ भने भित्री संरचनामा कविको कथनको सोझो कथन आख्यानीकृत कथन नाटकीकृत कथन स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ र कविताको मूल कथ्य मूलभाव र विचारको परिणति परिणामबाट निर्मित रूपलाई हेर्ने गरिन्छ, विशेष गरी अध्यात्म विषयका क्षेत्रमा लेखनाथ पौड्यालको **बुद्धिविनोद**को प्रश्नका उत्तरका सम्बन्धमा गहन तरिकाले पद्य कवितामा कवि तिवारीद्वारा निर्माण गरिएको यो **मनको निवेदन** कृति वेदान्त विषयमा आधारित कृतिको रूपमा मानिन्छ । आन्तरिक र बाह्य दृष्टिले संरचनालाई राम्रोसँग नियालेर  हेर्दा दुवै दृष्टिले यो कृति उपयुक्त छ । ६७ श्लोकले युक्त भएको २३ पृष्ठमा संरचित **मनको निवेदन** कृति आन्तरिक र बाह्य रूपले गहन र ओजिलो देखिन्छ ।

---

[३१] प्रेमराज न्यौपाने, **मनोवृत्तिको दार्शनिक तथा मनोवैज्ञानिक विश्लेषण,** काठमाडौं : डिल्ली प्रविधि विकास प्रतिष्ठान, २०६६, पृ. १८६ ।

[३२] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।

## ४.२.३.३ विषयवस्तु

कुनै पनि घटनाक्रम सामाजिक परिवेश परिस्थितिको सन्दर्भका आधारमा सामाजिक रूपले घटित घटनाचक्र आदिको संयोजन गरी काव्य वा काव्यगत क्षेत्रको रचनार्थ छनोट गरिएको वस्तु चयनलाई विषयवस्तु भनिन्छ ।[३३] जीवन भोगाइका कटुयथार्थ र समाजमा व्याप्त विकृति र विसङ्गति, राजनैतिक उतारचढाव, दुःख, दुःख, आदि अनुभव, सकारात्मक एवम् नकारात्मक भाव पुञ्जहरू समाविष्ट विषयवस्तु पाइन्छन् ।[३४] कुनै ग्रन्थ लेख आदि रचनाहरू प्रतिपादन गरिने वा गरिएको विचार कथानक आदिलाई विषय वस्तु भनिन्छ । लेखन कार्यलाई प्रारम्भ गर्नु अघि के विषयमा कुन तहका पाठक वर्गलाई उपयुक्त हुन्छ, भनी साहित्यकारले त्यस सम्बन्धी विषयवस्तुको छनोट र सङ्कलन आदि गर्दछ । समाजमा घटेका घटित घटनाक्रमका आधारमा वा कल्पित सम्भाव्य घटना कल्पना गरी विषयवस्तुको आधारमा कृति संरचना गर्ने कार्य कवि वा साहित्यकारले गर्दछन् । जीवन र जगत्का विषयवस्तु तथा देखे, सुनेका वा भोगेका अनुभूतिजन्य कटु-सत्य तथ्य यथार्थमा आधारित विषय सन्दर्भको आधारमा कुनै पनि विसङ्गति-विकृति, राजनैतिक गतिविधि, सकारात्मक-नकारात्मक, आर्थिक, सामाजिक, सांस्कृतिक लैङ्गिक आदि जस्ता विषयवस्तु समेटेर कृति संरचना गरेको पाइन्छ । कवि कोमलदत्त तिवारीले आफ्ना मौलिक विवेक र विचारका आधारमा आध्यात्मिक विषयवस्तु ज्ञानपरक दृष्टिकोणबाट कवितालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

आत्मज्ञानका केही पङ्क्तिहरू  
कहाँ थियो वास अघि भएको थिए  
कसो हुँदा यो पिजडा लिदो भए  
कहाँ छ जानू कुन साथ लीकन  
तलाई मालुम् छकि यो कुरा मन[३५]

कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित **बुद्धि विनोद** (१९७३) को यही भावको उत्तरमा कोमलदत्त तिवारीले यसरी उत्तर दिएका छन् :-

कहीँ म प्रारब्ध कटाउँदै थिएँ  
रहेछ बाँकी र त जन्म यो लिएँ

---

[३३] ईश्वरी प्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** पूर्ववत्, पृ. १९ ।

[३४] सूर्यविक्रम ज्ञवाली (प्र. सम्पादक), **नेपाली सङ्क्षिप्त शब्दकोश,** पूर्ववत्, पृ. ६९६ ।

[३५] कोमलदत्त तिवारी, **मनको निवेदन**, काठमाडौं : रमादेवी तिवारी, २०५९, पृ. १ ।

प्रपन्नमा छु भवमार्ग मेटन

टक्र्याउँछु यो **मनको निवेदन**[३६] (**मनको निवेदन**, श्लोक १, पृ. १)

### ४.२.३.४ भाव विधान

मानव अन्तर्मनका विचार अनुभूति वा जीवनमा भोगेका अनुभवका सँगालोको अभिव्यक्ति नै कविताको भाव हो । भावलाई अर्थ वा प्रष्ट्याउने कथन पनि भनिन्छ । जीवन जगत्का यावत् विषय वस्तुहरूलाई मनुष्य चेतनाभित्र अनुभव एवं अनुभूतिहरूको लयात्मक, रागात्मक एवम् कलात्मक निष्कर्षका रूपमा विशेष प्रकारको भावार्थ प्रदान गर्नु नै भाव विधान हो ।[३७] कविता सृजनाका लागि प्रयुक्त मूल विषयवस्तु अथवा अवधारणा विशेषलाई भाव भनिन्छ ।[३८] कुनै कृतिले भन्न खोजेको सम्पूर्ण कुरा मूलभाव हो । यसलाई केन्द्रीय विचार, लेखकको दर्शन वा कृतिको सारवस्तु पनि भनिन्छ । अन्धकारमा प्रकाशको, अज्ञानतामा-ज्ञानको, अस्पष्टतामा-स्पष्टताको, असत्यमा-सत्यताको, दुःखमा-सुखको प्रतीक स्वरूप बनेर तिवारीले ज्ञानको ज्योति छर्न लेखनाथका **बुद्धिविनोद**को उत्तर दिन लेखिएको **मनको निवेदन** कृतिमा मूलभाव प्रस्ट पारेका छन् । कविलाई जीवन भोगाइका क्रममा जुनभाव वा विषयवस्तुले अन्तर्मनमा गहिरो प्रभाव पार्दछ त्यसैको केन्द्रीयतामा उसले कविता सिर्जना गर्दछ । कवि कोमलदत्त तिवारीले लेखनाथका **बुद्धिविनोद**लाई कविताको सार्थक मूल आधार बनाइ कविताको विषयवस्तु बनाएका छन् । ज्ञान परक अध्यात्मवादलाई विशेष गरेर उद्देश्य बनाइ लेखेका छन् । मानव जीवनको महत्त्वलाई बुझी यथार्थमा आध्यात्मिक क्षेत्रमा सरिक भई सेवा, परोपकार पारमार्थिक चिन्तन, भक्तिभाव, श्रद्धा प्रेम ज्ञान, विवेक, वैराग्यले युक्त हुन सक्नुपर्दछ **मनको निवेदन** कृति विभिन्न भावलेयुक्त रसपूर्ण भक्तिपरक, धार्मिक प्रवृत्तिले युक्त मानवलाई स्वीकार योग्य देखिन्छ भने निर्मल भाव र विचार भरीपूर्ण यो कृति नेपाली जनमानसमा अत्यन्त सुनौलो रहेको छ ।

मानवीय अस्तित्वले योग्य रहेको **मनको निवेदन**मा भक्ति वेदान्तमय कविताहरू प्रस्फूटन भएका छन् । अमूल्य जीवनका मार्मिक रहस्य कृतिगत भावहरूमा सङ्ग्रहीत भएका छन् । भौतिक सुखबाट चीर सुख हुँदैन भन्ने भाव प्रकट भएको यस पद्यको उत्तर निकै मनोहर रहेको छ :-

---

[३६] ऐजन ।

[३७] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४ (छै.सं.), पूर्ववत्, पृ. २० ।

[३८] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२, पृ. २० ।

सबै सुखास्वाद लिऊँ भनीकन
प्रवृत्त लाखौँतिर भैरहेछन् ।
तथापि देखिन्न सुखी कुनै किन
तँलाइ मालुम छ कि यो कुरा मन ॥[३९] (**मनको निवेदन,** श्लोक १४, पृ. ५)

कविशिरोमणि लेखनाथ पौड्यालको प्रश्नको उत्तरमा कवि तिवारीले यसरी दिएका छन् :-

कमाउला लाख करोडको धन
हुँदैन त्यो वास्तव सोख साधन ।
यहाकहा आउन सक्छ उर्दिन
टक्राउँछु यो **मनको निवेदन** ॥ (**मनको निवेदन,** श्लोक १४, पृ. ५)

यसरी कोमलदत्त तिवारीले आफ्ना भाव विचारलाई कवितामा पोखेका हुन् ।

## ४.२.३.५ भाषाशैली

आफ्ना मनका भाव विचार अभिव्यक्ति कथनद्वारा व्यक्त गर्ने माध्यम नै भाषा हो । भाषाविना आफूले भन्न चाहेका कुरा भन्न सकिँदैन । अरूलाई आफ्ना मनका कुरा बुझाउनु पर्दा भाषाका माध्यमद्वारा नै बुझाउन पर्ने भएकाले मानवीय आह्वान प्रदानका माध्यम नै भाषा हो ।[४०] कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाको वर्ण, पद, शब्दले रागात्मकता, लयात्मकता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो शैली सूक्ष्म र संक्षिप्त कलात्मक हुन सक्नु पर्दछ कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ जसले उत्कृष्ट भाव वहन गर्न सक्दछ । यस किसिमको भाषाशैली कविताको मूलतत्त्व हो । भाषाशैली पद्यात्मक र गद्यात्मक दुवै हुने गर्दछ ।[४१] भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविताको सिर्जना हुन्छ । कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामा अन्तर्निहित हुन्छ । कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामा अन्तर्निहित हुन्छ । साथै भाषा परिवर्तनशील वस्तु भएकाले भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुन सक्छ । मानिसहरूका बीच परस्परमा विचारको साटासाट भाषाकै माध्यमबाट हुन्छ । भाषालाई के कसरी कुन तरिका वा ढङ्ग ढाँचामा प्रस्तुत गर्ने भन्ने

[३९] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. ५ ।
[४०] ईश्वरी गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३६ ।
[४१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।

विधिलाई शैली भनिन्छ । भाषिक प्रयोगको माध्यम नै शैली हो । शैलीद्वारा आफ्ना मनका विचार वा भावलाई व्यक्त गरिन्छ । हरेक साहित्यकारले आफ्ना कृतिमा निज स्वभाव दर्साएका हुन्छन् भने कवितामा स्वाभाविक रूपले विचार तत्त्वलाई गहन तरिकाले आफ्ना बौद्धिक, तार्किक एवम् भावात्मक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । भाषा सहज एवम् सरल हुनुपर्दछ किनभने यस्तो भाषा सबैले बुझ्न सक्छन् । यस कृतिमा विभिन्न सन्दर्भ सामग्री मार्फत  आगन्तुक तद्भव र तत्सम एवं झर्रा शब्दहरूको प्रयोग भएको पाइन्छ । यस रचनामा सामान्य र विशिष्ट खाले वाक्य गठन प्रयोग भएको पाइन्छ भने मानव जीवनका यथार्थ भावहरू पनि कवितामा पाइन्छन् ।

विभिन्न कविताहरूमा बिम्ब र प्रतीकको प्रयोग गरी कवितालाई सुन्दर र सुसज्जित तुल्याइन्छ । कविता पनि गद्य र पद्यमा लेख्ने गरिन्छ परन्तु यस कृतिमा कविले पद्य रचनामा मात्र कविता रचना गरेका छन् । चिन्तनको गहिराइ र अनुभवको प्रवाहले कविता कृति सार गर्भित रहेको देखिन्छ । यहाँ गतिशील र आन्तरिक लयात्मक शैलीका माध्यमबाट रचनामा भाव सम्प्रेषण गरिएको छ । चार-चार पाउको एक श्लोक निर्माण गरी कविता सिर्जना गरिएको पाइन्छ । चित्रात्मक, कलात्मक एवं शिल्पशैलीको वजनद्वारा दरिलो भएको देखिन्छ । यस कृतिमा साहित्यकार तिवारीले भाषा शैलीको प्रयोग निम्नानुसार गरेका छन् -

असत्य संसार सदैव देखिने
छ सत्य जो सो कहिल्यै नदेखिने
विचित्र उल्टो परिपञ्च यो किन
तँलाइ मालुम छ कि यो कुरा मन ॥[४२] (**मनको निवेदन,** श्लोक ३२, पृ. ११)

यसरी कविता पङ्क्तिमा लेखनाथद्वारा गरिएको प्रश्नमा तिवारीले निम्नानुसार उत्तर दिएका छन् :-

अज्ञानले छोपिदिंदा सधैंभरी
मानिन्छ मिथ्या पनि सत्यकै सरी
प्रयत्नले सत्य सकिन्छ देखन
टक्र्याउँछु यो **मनको निवेदन** ॥[४३] (**मनको निवेदन,** श्लोक २३, पृ. ११)

यसरी **मनको निवेदन** कृतिमा आफ्नो भाषा शैली प्रयोग गरेका छन् ।

---

[४२] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. ११ ।
[४३] ऐजन ।

### ४.२.३.६ जीवनदृष्टि

मानिसका आन्तरिक, विचार, भावना र कल्पनालाई कवितामा उतारेर व्यक्त गर्नु नै भाषागत अभिव्यक्ति हो । त्यसैकारण अनाशक्त भई परमात्माप्रति समर्पित भएर भगवाताश्रय बन्नु नै यस कृतिको जीवन दृष्टि रहेको छ ।[४४] निरुद्देश्य अथवा निष्प्रयोजन साहित्यको रचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधाका रूपमा रहेका कविताको रचना पनि निरुद्देश्य हुँदैन र जीवनदृष्टि अवश्य नै हुन्छ । प्रस्तुत कृतिभित्रका कविताहरूमा स्वच्छन्दवादी प्रवृत्ति अँगाली सामाजिक विकृति विसङ्गति प्रति आक्रोश जगाउँदै नैराश्यका बीच पनि आशावादी स्वर अँगाल्नु नै यस कृतिको विशेषता हो । जीवनमा मानवले आफ्नो मानवीय मूल्य र मान्यतालाई बुझि-जगत्दृश्य प्रपञ्चयुक्त भएको र अहं र ममताले सांसारिक बन्धनमा बाँधिएको जन्म-मृत्युको चक्करमा मुक्त हुन नसक्ने मायिक जीवन दुःखदायी भएकाले यसबाट मुक्त हुन उद्घोष गरेको छ । मानिस भएर कला साहित्य, संस्कृति, शास्त्रबोध जस्ता ज्ञान र क्षमताले भरपुर हुनुपर्दछ । मानवीय जीवनको रहस्यलाई बुझी सही तरिकाले उपयोग गर्नुपर्दछ । मानिसले जीवनको बारेमा राम्रो चिन्तन मनन गरेमा मात्र सुनौलो जीवनदृष्टि हुन्छ ।[४५] मान्छेको भौतिक अहं चितासँगै जलेर खरानी हुने हुनाले भौतिक स्वार्थमा नलागेर आत्मिक उद्धारमा लाग्नुपर्छ ।

विद्यमान समयमा अधिकांश मानिसहरू नकारात्मक प्रवृत्ति, नराम्रो सोच, गलत बानी व्यवहारले युक्त भएका मानिसहरूले हत्या, हिंसा, शोषण र दमनमा संलग्न भएका मानवीय अस्तित्त्व ख्याल नगरी दानवीय व्यवहारमा ग्रसीत जीवनदृष्टि भएका व्यक्तिहरू छन् । यद्यपि **मनको निवेदन** कृतिमा, कर्मशील सदाचार, सद्गुण, सद्व्यवहार, नैतिकतावान्, कला साहित्य, संस्कृति आदिजस्ता गुणहरूले युक्त भएर सेवा, सहयोगद्वारा जीवनलाई मर्यादित आदर्शद्वारा परिपक्व बनाउनु पर्दछ भन्ने जीवन दृष्टि पनि रहेको छ ।

### ४.२.३.७ लय विधान र दृष्टिविन्दु

यस शीर्षक अन्तर्गत दृष्टिविन्दु र लय विधानलाई भिन्न शीर्षक राखी अध्ययन गरिएको छ ।

---

[४४] ईश्वरी प्रसाद गैरे, **आधुनिक खण्डकाव्य,** पूर्ववत्, पृ. २४ ।

[४५] अनिताकुमारी पण्डितः **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** पूर्ववत्, पृ. ५२ ।

#### ४.२.३.७.१ लय विधान

लय भन्नाले सङ्गीतमा उच्च स्वर, मध्यम स्वर अथवा निम्न स्वरद्वारा गाइने प्रक्रियालाई लय भनिन्छ । कविता क्षेत्रमा गति, पति र लय मिलाइ वाचन गरिन्छ । गद्य कविता वा पद्य कवितामा लय विधानको महत्त्व रहन्छ । लय पनि कविताको महत्त्वपूर्ण तत्त्वको रूपमा लिइन्छ । आरोह-अवरोहको विशेषक्रमलाई पनि लय भन्ने गरिन्छ ।[४६] कविता काव्यमा उच्चारणगत वा गायनको तौरतरिका स्वर गति, पति, आरोह, अवरोह, अनुप्रासीय ढाँचा लालित्य शब्दोच्चारणादि, विधान लगायतलाई लय विधान भनिन्छ । नेपाली भाषामा प्राय गरेर वर्णमान्त्रिक छन्द र मात्रिक छन्दमा लेखिएका कविताहरू पाइन्छन् । तिवारीले नेपाली भाष्यछन्दमा कविता लेखेर ज्ञानको चर्चा परिचर्चा गरी लेखनाथ पौडेलद्वारा रचित **बुद्धि विनोद** कृतिको प्रश्नको उत्तरमा **मनको निवेदन** कृति विभिन्न लयमा लिखित पद्य पङ्क्तिहरू निम्नानुसार छन् -

अहो उही जीव कुनै ती देवता
कुनै घुमेका गुहुमा यता उता
कहाँ गए ईश दया निकेतन
तँलाइ मालुम् छ कि यो कुरा मन ॥[४७]

यसै प्रश्नको उत्तर तिवारीले पक्ति उद्धृत् गरेका छन् ।

छन् पूर्वका धर्म र कर्मको फल
कुनै वने देव कुनै झरे तल
दिलाउने बस्छ कही लुकीकन
टक्र्याउँछु यो **मनको निवेदन** ।
शरीर हो कारण पुण्य पापको
ढल्यो यही त्यो बनी विकासको
परत्र यो सब भोगले कुन
तलाइ मालुम छ कि यो कुरा मन ।[४८]

यस पङ्क्तिको उत्तरमा तिवारीले निम्नानुसार दिएका छन् -

---

[४६] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।
[४७] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. ५ ।
[४८] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. १ ।

स्वयम् छ है पाप र पुण्यको धनी
मरेपछि लिङ्ग शरीरको बनी
परत्रमा जन्म लिनेछ भोगन
टक्र्याउँछु यो **मनको निवेदन** ।[४९]

यसरी कोमलदत्त तिवारीले विभिन्न लयमा कविता कृति रचना गरेर भाषा साहित्यद्वारा ज्ञानको ज्योति बालेर, शिक्षाप्रद सन्देश दिएको पाइन्छ । लय विधानको माध्यमबाट **मनको निवेदन** कृति असल कृतिको रूपमा देखिन्छ ।

## ४.२.३.७.२ दृष्टिविन्दु

कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ, त्यस आधारमा दृष्टिविन्दुको पहिचान हुन्छ । प्रथम पुरुष दृष्टिविन्दु वा तृतीय पुरुष दृष्टि विन्दुका आधारमा कविता कृतिको संरचना हुने गर्दछ ।[५०] जुन स्थान रहेर कविले कवितामा आफ्नो अभिव्यक्ति दिन्छ तदनुरूप कथन पद्धति निर्क्यौल हुन्छ । त्यही कुरालाई दृष्टिविन्दु पनि भनिने गरिन्छ । यस्तो कथन पद्धतिको दृष्टिविन्दु प्रथम पुरुषको म हामी सर्वनामको प्रयोग गरेको आन्तरिक दृष्टिविन्दु हुने गर्दछ । जस्मा कविले कवितामा आफ्नो वर्णन गरिरहेको आत्मालयमा आत्मा गुञ्जन प्रमुख हुन्छ भने बाह्य दृष्टिबिन्दुमा तृतीय पुरुषको सर्वनामको प्रयोग गरिएको हुन्छ । जसमा कविले कवितामा आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरिरहेको हुन्छ कवि कोमलदत्त तिवारीले **मनको निवेदन** कृतिमा प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरेको कविता कृति पाइन्छ ।[५१] प्रथम पुरुषमा रचना भएका कवितांश पङ्क्तिहरूः (प्रथम दृष्टिन्दि) लेखनाथका शब्दमा -

कहाँ थियो वास अघि म को थिएँ
कसो हुँदा यो पिजडा लिंदो भएँ
कहाँ छ जानू कुन साथ लीकन
तँलाइ मालुम छ कि यो कुरा मन ।[५२]

---

[४९] ऐजन ।
[५०] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३५ ।
[५१] ऐजन ।
[५२] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. २१ ।

कवि तिवारीले प्रतिउत्तरमा यसरी व्यक्त गरेका छन् -

कही म प्रारब्ध कटाउँदै थिएँ
रहेछ बाँकी र त जन्म यो लिएँ
प्रयत्नमा छु भव मार्ग मेटन
टक्राउँछु यो **मनको निवदेन** ।[५३]

तृतीय पुरुषमा संरचित कवितांशहरू (तृतीय दृष्टिविन्दु) -

प्रिया छ जो यौवनमा विलासिनी
पछि उही डङ्किनी धैर्य नाशिनी
रिसाउँछे दू छिछी गरीकन
तँलाइ मानुम् छ कि यो कुरा मन ।[५४]

कवि तिवारीका शब्दमा उमेर हेरेर उसै मुताविक प्रतिउत्तर -

रहन्छ कामरिक वासना ठिक
प्रिया हुँदै आखिर कर्क शायन
विरागले बढ्दछ रे निवेदन ।[५५]

यसरी तिवारीले उपजाति र वंशस्थ एवं शार्दूलविक्रीडित भएका कविता छन्दको पालना गरेको पाइन्छ ।

## ४.२.३.८ छन्द, रस र अलङ्कार

### ४.२.३.८.१ छन्द

छन्द शब्दको अर्थ हो आनन्द दिने वस्तु र यसलाई पद्यको पर्यायवाची मानिने हुनाले छन्द काव्यभन्दा पद्यकाव्य सम्झनुपर्छ । जुन रचना, स्वर लयका आधारमा वर्णमात्राको निश्चित सङ्ख्या र विश्रामको नियमले निश्चित हुन्छ, त्यसलाई नै छन्द भनिन्छ ।[५६] कविता पद्यात्मक रचना हो । संस्कृत साहित्यबाट क्रमिक रूपले विकसित हुँदै नेपाली साहित्यमा छन्दको प्रवेश भएको हो । छन्द विविध रहेका छन् । तिवारीका कृतिहरूमा शार्दूलविक्रीडित, वसन्ततिलका, अनुष्टुप्, इन्द्रबज्रा, मन्दाकान्ता र वंशस्थ जस्ता छन्दमा कविता रचना गरेका छन् ।

---

[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] ऐजन ।
[५६] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त** (छैटौं संस्क.), ललितपुर : साझा प्रकाशन, २०५६, पृ. १२१ ।

वंशस्थ छन्दमा कोमलदत्त तिवारीको उत्तर-

कमाउँदा भौतिक रूपको धन
स्वभावतः बढ्दछ तिर्सना झन ।
परन्तु आद्यात्मिक ज्ञान भैकन
बुझिन्छ छै वास्तव यो निवेदन ॥ (**मनको निवेदन,** पृ. २१)

उमेर हेरेर उसै मुताविक
रहन्छ कामादिक वासना ठिक ।
प्रिया हुँदै आखिर कर्कशापन
विरागले बढ्दछ रे निवेदन ॥ (**मनको निवेदन,** पृ. २१)

यसरी तिवारीले उपजाति र वंशस्थ एवं शार्दूलविक्रीडित छन्दको पालना गरेको पाइन्छ ।

## ४.२.३.८.२ रस

रस शब्द अविधा अर्थमा झोल वा तरल पदार्थ भन्ने बुझिन्छ । तर साहित्य अर्थमा आनन्द भन्ने जनाउँदछ । देखेर सुनेर एवम् अनुभूति गरेर जुन मानव हृदयमा तृप्ती वा आनन्द आउँदछ त्यो नै रस हो । 'रस्यले आस्वादते इति रस' जुन झोल पदार्थ हो, त्यसलाई पिएर लिइने आनन्द नै रस हो ।[५७] रसो वै स. भनेर उपनिषदमा आनन्दको प्रतीकको रूपमा ईश्वरलाई प्रयोग गरिएको रस शब्दले काव्य शस्त्रसँग विशेष खालको सम्बन्ध कायम गर्दछ । कुनै अचम्म अनौठो, रहस्यमय भएमा अद्भूत रस हुन्छ । कवि कोमलदत्त तिवारीले **मनको निवेदन** कृतिमा अद्भूत रसको प्रयोग निम्नलिखित पङ्क्तिका माध्यमले व्यक्त गरेका छन् ।

गुरुत्वाकर्षणले लपेटिने
असङ्ख्य ब्रह्माण्ड खडागरी दिने
अदृश्य त्यो शक्ति सकिन्न देखन
टक्राउँछु यो **मनको निवेदन** ।[५८]

---

[५७] अनिताकुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** पूर्ववत्, पृ. ७४ ।
[५८] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. २२ ।

दुःख पीडा, रोहन, शोक आदि भएमा करुणरस हुन्छ, यसको स्थायी भाव नै शोक हो -

गुट्मुटु भैकन गर्भमा छँदा
बिन्ती गरी कष्ट विषे पुकारदा
सुनी उनै ईश्वरले लुकीकन
गरे व्यवस्था अरू के निवेदन ।[५९]

आन्तरिक सुख शान्ति र आनन्द प्राप्त भएमा शान्त रस हुन्छ । वैराग्य भाव नै शान्त रस हो । यसको स्थायी भाव शान्ति हो ।

शान्तरसः

म वाच्य जीवात्मा स्वरूपको बनी
सधै भरी इन्द्रिय साथ नै छ नि
चिनिन्छ आफू तर ज्ञान भै कन
टक्राउँछु यो **मनको निवेदन ।**[६०]

श्रीकृष्णजी भक्त सितै रमाउँछन्
ती भक्तका दुःख र कष्ट हर्दछन्
असङ्ग निर्लिप्त छ जो निरञ्जन
विशुद्ध लीलाप्रति के निवेदन ? [६१]

कवि तिवारीले कतै अद्‌भुत रस कतै करुण रस र कतै शान्त रस आदि रसहरूमा कविता रचना गरेका छन् ।

## ४.२.३.८.३ अलङ्कार

सुन्दर सजिसजाउ पार्ने गहना स्वरूप अलङ्कार हो । वामनका अनुसार-काव्यको सुन्दरता नै अलङ्कार हो । काव्य पढ्दा सुन्दा र नाटक अभिनय हेर्दा पाठक/भावक/दर्शकलाई जुन किसिमको आनन्द विपन्न हुन्छ रमणीय भावोत्पन्न हुन जान्छ, त्यही

[५९] ऐजन, पृ. १३ ।
[६०] ऐजन ।
[६१] ऐजन ।

आनन्दभूति नै रस हो ।[६२] रमाइला शब्द योजनाका साथै अर्थचमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालीत्य झल्काउने काम अलङ्कारले गर्दछ ।[६३] कोमलदत्त तिवारी **मनको निवेदन** कविता कृतिमा निम्नानुसार तरिकाले विभिन्न अलङ्कारको प्रयोग गरी कविता रचेका छन्: तलका केही कवितांशहरू हेरौं :

उपमा अलङ्कार

जहाँ छ वैकुण्ठ उही छ रौरव
संसारमा नै मिलनेछ ती सब
स्वकर्म धर्मादि र तत्त्वबोधन
जस्तो छ त्यस्तै अरू के निवेदन ।[६४]

अनुप्रास अलङ्कार

शरीरको ता भर छैन मेरो पनि
पछि पछि काल छदैछ तैपनि
अहो हिरिक्कै सुखमा अझैजन
अज्ञान नै हो अरू के निवेदन ।[६५]

उत्प्रेक्षा अलङ्कार

तरङ्ग फोका सरिकै छ जीवन
बुझेर पो हुन्छ त आत्म चिन्तन
हुनेछ त्यो वास्तव शान्ति साधन
टक्राउँछु यो **मनको निवेदन** ।[६६]

## ४.२.३.९ बिम्ब र प्रतीक

कुनै पनि मानव स्वरूप वा गुणसँग मिल्ने भावको आधार सादृश्य प्रस्तुत गर्ने शब्द, वाक्य वा वाक्यांश नै बिम्ब हो भने कुनै अदृश्य अप्रस्तुत विषयको सट्टामा काम लिनका निम्ति प्रयुक्त वस्तु चिह्न वा सङ्केत प्रतीक हो । **मनको निवेदन** कविता कृतिमा बिम्ब र

---

[६२] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली** (बाह्रौं संस्क.), पूर्ववत्, पृ. २५९ ।
[६३] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्य शास्त्र,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५०, पृ. ५ ।
[६४] कोमलदत्त तिवारी, **मनको विनेदन,** पूर्ववत्, पृ. १२
[६५] ऐजन ।
[६६] ऐजन ।

प्रतीकहरूको प्रयोग भएको पाइन्छ ।[६७] स्रष्टा वा सर्जकका मानस पटलमा रहेका मानसिक तस्वीरलाई सम्पूर्ति बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । प्रतीक भन्नु नै ध्वन्यात्मक अभिव्यक्ति हो । यसको अर्थ लक्षणात्मक र व्यञ्जनात्मक हुन्छ । प्रतीक एक प्रकारको आरोप हो । तसर्थः आरोग्य वस्तुसित रूप स्वभाव तथा गुणको दृष्टिले प्रतीक सादृश्य हुनुपर्दछ । प्रतीकको प्रयोग अभिव्यक्तिलाई प्रभावशाली बनाउनका लागि गरिएको हुनपर्दछ । कविको अमूर्त चिन्तन प्रतीकहरूको माध्यमद्वारा नै कलात्मक रूपमा अभिव्यक्त हुन्छ ।[६८] प्रतीकद्वारा भावभि व्यञ्जना गर्ने एक साहित्यिक प्रणालीलाई प्रतीकवाद भनिन्छ ।

तरङ्ग फोका सरिकै छ जीवन
बुझेर यो हुन्छ त आत्म चिन्तन
हुनेछ त्यो वास्तव शान्ति साधन
टक्राउँछु यो **मनको निवेदन** ।[६९]

भावार्थ- मानव जीवन समुन्द्रको तरङ्ग वा छालसँग तुलना गरिएको छ । त्यही तरङ्ग नै बिम्ब वा प्रतीक हो भन्ने भाव प्रस्तुत भएको छ । यो नश्वर शरीर जन्म लिन्छ अनिमृत्यु हुन्छ, जसरी समुन्द्रमा तरङ्ग उठ्दछन् र ती तरङ्ग त्यही विलाउँदछन् वा हराउँदछन् एवम् मिल्दछन् त्यस्ते नै मानव जीवन रहेको पाइन्छ ।

पुराणले भन्दछ स्वर्ग पर्वत
विज्ञान पृथ्वी गतिमा छ निश्चित
तसर्थ सोही उद्यास्तवकारण
मानिन्छ ऐले यहि हो निवेदन ।[७०]

यसरी कोमलदत्त तिवारीले आफ्नो **मनको निवेदन** कृतिमा बिम्ब र प्रतीकको माध्यमबाट आफ्नो विचार र भावलाई प्रकट गरेका छन् ।

## ४.२.३.१० सारांश

कोमलदत्त तिवारी बाल्यकाल देखि नै साहित्य साधनामा संलग्न व्यक्तित्व हुन् । उनको स्वभाव महात्माको जस्तो विरक्ति प्रवृत्ति सरल, सहयोगी मिलनसार व्यक्ति पनि हुन् ।

---

[६७] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. २० ।
[६८] घनश्याम न्यौपाने परिश्रमी, *काव्य प्रतीकको प्रयोग,* **गरिमा,** वर्ष-७, अङ्क-११, पूर्णाङ्क-८३, २०३६-कार्तिक, पृ. ७१ ।
[६९] कोमलदत्त तिवारी, **मनको निवेदन,** पूर्ववत्, पृ. १९ ।
[७०] ऐजन ।

उनले साहित्य लेखन कार्यको सन्दर्भमा २०१९ सालदेखि **शिक्षाको महत्त्व** नाटक लेखेर र शैक्षिक जागरण र चेतना मूलक सन्देश नाटकका माध्यमबाट दिएका छन् । गद्य वा पद्यमा उनले कविता रचना गरेपनि विशेष गरेर पद्यमा धेरै नै उत्कृष्ट कविता लेख्न सफल भएका छन् । उनका कृतिहरू करिब १ १/२ दर्जन जति प्रकाशमा रहेको पाइन्छ । नेपाली साहित्य क्षेत्रमा नवरत रूपले ३ दशक समय लगाएर कृति संरचनामा योगदान दिएका छन् ।

विशेष गरेर संस्कृत साहित्य प्रभावित भै संस्कृत भाषामा उल्लेख भएका धार्मिक ग्रन्थलाई भाष्यछन्द वा अनुवाद गरेर आफ्नो परिचय दिएका छन् । उनले जीवन जगतको बारेमा यथार्थतालाई केलाएर पद्य रचनामा जोड दिएका छन् । उनका कृतिहरू अधिकांश ज्ञान, भक्ति र वैराग्य परक ग्रन्थहरूको रचना, भाष्य एवम् अनुवाद गरी मानव हितका लागि राम्रो कदम चालेका छन् । उनका भावले दृश्य जगतलाई नाट्यशाला ठानेका छन् । संसार एक नाट्यशाला नै हो । मानवजाती लगायत अन्य प्राणीहरू सबै नाटकका पात्र हुन् । संसार मिथ्या हो यहाँ केही सत्य छैन ईश्वरको मायिम संसार मानेर प्रपञ्चबाट अलग हुनपर्दछ । आफ्नो जीवनको मूल्याङ्कन गरी देह-गेह आदिको माया ममतालाई त्यागेर स्वस्वरूप बोध अर्थात् आत्मबोध गरी एवं जीवात्मा र परमात्माको एकीभूत गरेर शान्तचिन्त बनाएर स्थिर रहन सक्नुपर्छ आदि जस्ता भावहरू तिवारीका कृतिमा झल्किएका छन् । विभिन्न छन्द, रस, अलङ्कारहरूको प्रयोग गरी कविता रचना गर्नु भएको छ । बिम्ब र प्रतीकको संयोजनका साथै तत्सम र तद्भव शब्दहरूको प्रयोग गरिएको छ । भाषाशैली सरल, सहज र उपयुक्त प्रयोग देखिन्छ । गहकिलो र गहन भाव उल्लेख गरेका छन् । मानवचोला पाएर मानवीय गुण आर्जन गरी सेवा सहयोगका साथ जीवनको अस्तित्त्वको बोध गरी अगाडि बढ्नु पर्छ भन्ने कथन रहेको पाइन्छ, त्यसैले उनका कृति उत्कृष्ट रहेका छन् ।

## ४.२.४ आफ्नो, स्थिति आफै ठम्याऊ

यस शीर्षक अन्तर्गत पृष्ठभूमि संरचना र लेखन विवरण शिल्पशैली भाषा, रस, छन्द, अलङ्कार, लय, दृष्टिविन्दु, भाव विधान र विषय वस्तुको अध्ययन गरिएको छ ।

### ४.२.४.१ शीर्षक

कुनै पनि कृतिको प्रमुख अङ्ग वा शीर भाग नै शीर्षक हो । शीर्षकको आधारमा त्यसभित्रको विषय वस्तुको सारभूत भाव विचारको सूचक सङ्केत हुन्छ । कृतिको नामलाई

शीर्षक भनिन्छ र यो कृतिभित्र प्रवेश गर्ने दैलो पनि हो । कृतिभित्र प्रयुक्त विषय वा प्रमुख पात्रसँग यसको सम्बन्ध कुनै न कुनै प्रकारले रहेकै हुन्छ ।[७१] कुनै रचना कृति आदिको प्रमुख नाम वा टाउकोलाई शीर्षक भनिन्छ ।[७२] शीर्षक कविता कृतिको नामकरण नभएर कृतिका सारभूत भाव विचारको सूचक सङ्केत अथवा उद्घाटक समेत हुनुपर्दछ । **आफ्नो स्थिति आफै ठम्याउँ** शीर्षकको अभिप्राय के हो भने आफू को हो ? कहाँबाट आएको हो ? मानवचोला पाउनुको प्रयोजन के छ ? भन्ने मानवीय कर्तव्यको बोध गर्नुपर्छ र आफूले आफैलाई चिन्न सक्नुपर्छ । किनभने सुख-दुःख आफेलै भोग्नु पर्ने र कर्माधिन भएको मानव आफैले आफूलाई नचिनेमा दुःखको भवसागरमा डुब्छ र अधोगतितिर धकेलिन्छ । ज्ञानका सात भूमिका भनेर ती भूमिकालाई नेपाली भाष्य छन्दमा लेखी परिचय दिने काम गरिएको छ । जगत परमात्माद्वारा रचित छ । समस्त प्राणीहरूको उत्पत्ति स्थिति र लय, अर्थात् जन्म, पालन र संहार ईश्वराधिन रहेको छ । चौरासी लाख जुनी पश्चात् मानवयोनी पाएर पनि ज्ञान नगरी सांसारिक प्रपञ्चको अधिन भई देह र गेह सम्बन्धबाट बाँधिएर जन्ममृत्युको चक्करमा पर्दछ । त्यसैले मानव जीवनको यथार्थ पहिचान गरी ज्ञानका सात भूमिकाले दिन खोजेको सन्देशलाई आत्मसाथ गरी निरन्तर गतिले अध्यात्म साधनातर्फ लम्कन सक्नुपर्छ । यो नै सन्ध्या धर्मीको कर्तव्य हो । वेदान्तले ज्ञानका सात भूमिका बारे स्पष्ट पारेको छ । उक्त कथनलाई आफ्नो मौलिक भाष्यछन्दमा कवितात्मक शैलीद्वारा ज्ञानको प्रवाह दर्शाएका छन् । नेपाली भाषा छन्द र टीका सहित उल्लेख गरेर आत्मबोध गराउने साधनाको रूपमा देखिएको कृति रहेको छ । धर्मपथमा संलग्न व्यक्तिहरूका निम्ति तिवारीद्वारा रचित यो कृति रत्न नै सावित भएको पाइन्छ । आफ्नो स्वरूपको पहिचानका साथ आत्मबोध र मानवकल्याणका लागि उपयुक्त सन्देशमूलक यस ग्रन्थको शीर्षक उपयुक्त रहेको छ ।

## ४.२.४.२ संरचना

कुनैपनि चिजको दुई वा दुई भन्दा बढी अवयव वा अङ्गहरू मिलेर बनेको सर्वाङ्ग भाव वा सिङ्गो घटकलाई नै संरचना भनिन्छ । सम+रचना=संरचना दुई शब्द मिलेर बनेको शब्द हो ।[७३] सबैभाग अङ्ग वा घटकलेपूर्ण निर्मितिलाई संरचनाको संज्ञा दिइन्छ । कुनैपनि

[७१] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** पूर्ववत्, पृ. ७१३ ।
[७२] वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर** (दो. संस्क.), काठमाडौं : भाषा पुस्तक भण्डार, २०५८, पृ. १२४९ ।
[७३] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १७-१८ ।

कृति संरचनालाई विशेषणको पक्षबाट हेर्दा ज्ञानपरक गहन र मार्मिक रचनाका रूपमा लिन सकिन्छ ।[७४] आकारले सानो भएता पनि यसको मूल मर्म ज्यादै नै ज्ञानको माथिल्लो श्रेणी भएको र मुमुक्षुहरूका लागि पियुष नै भएको छ । यस कृतिको उद्देश्य माया, ममताबाट अलग रही मोक्षपद प्राप्त गराउने साधन स्वरूप रहेको छ । विशेष गरेर भौतिक पक्षसँग सम्बन्धित नभई अध्यात्मसँग सम्बन्ध रहेकाले अध्यात्मवादी एवं धर्मालम्बीका निम्ति महत्त्वपूर्ण रहेको देखिन्छ । तिवारीले यस कृतिमा आफूले आफैलाई चिन्नुपर्दछ । आफ्नो उद्धार स्वयंले नै गर्नु पर्ने हुन्छ । अरू कसैले गरिदिदैन । तसर्थः वेदान्त विषयलाई भाष्य छन्दद्वारा अर्थात् भाषानुवाद गरेर ज्ञानका सात भूमिकालाई व्याख्या विश्लेषण गरी कृतिको रूपमा स्थापित भएको छ । शीर्षक एवं उप शीर्षकमा लेखिएको यो कृति अनमोल सावित भएको पाइन्छ ।

## ४.२.४.३ विषयवस्तु

कृतिको मूल भाग नै विषय वस्तु हो । त्यसकृति भित्र के छ, कुन कुरालाई प्राथमिकता दिने हो, त्यसको प्रमुख तत्त्वको रूपमा विषयवस्तु पनि रहेको हुन्छ । कृति संरचनाको वास्तविक घटना क्रम दिइने सन्देशपरक सार तत्त्व नै विषय वस्तुमा निहित हुन्छ । विषय वस्तु भन्नु नै कृतिको चुरो वा गुदी हो । विषयवस्तु विना कृति खोक्रो हुन्छ ।[७५] कुनैपनि कृति वा रचना लेखिदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ । मानव चेतनाको यावत अनुभव पुञ्ज र पूरै प्रकृति मानवीय समाज र संस्कृति पूराकथा र इतिहास दर्शन र ज्ञान विज्ञान आदिका साथै मानव भित्रका समस्त अनुभव र व्यापारको समग्र प्रकाशन कविताको विषयवस्तु पर्न सक्दछन् । काव्य रचनाका निम्ति छनोट गरिएको वस्तु चयनलाई कविता काव्यको विषय वस्तुका रूपमा लिन सकिन्छ । जीवन सग्राममा अनवरत सङ्घर्षरत हुँदै सामना गर्नु परेका तमाम अनुभव मानव जीवनलाई समकालीन समाजको विविध पक्षलाई दाँजेर हेर्दा भौतिक पक्ष भन्दा अध्यात्म पक्षको विशेष महत्त्व र मान्यता प्रति सजग हुन **आफ्नो स्थिति आफै ठम्याऊँ** भन्ने कृतिको मूलमर्म रहेको पाइन्छ ।

---

[७४] कृष्णहरि बराल र अन्य, **साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, काठमाडौं : तलेजु प्रकाशन, २०५७, पृ. २० ।

[७५] ऐजन, पृ. २० ।

### ४.२.४.४ भाव विधान

भाव विधान भन्नाले कृतिको मूल चूरो, सारवस्तु, केन्द्रीय तत्त्व मूल विषय वस्तु अवधारणा विशेषलाई भाव विधान भनिन्छ । जगतको वास्तविक रहस्यलाई बोध गरी सार तत्त्व ग्रहण गर्नु जीवनलाई सार्थक तुल्याइ मानवोचित व्यवहारमा सरिक भई जीवनको मूल्य र मान्यतालाई आत्मसाथ गर्दै अध्यात्मवाद, तत्त्वबोध, मोक्ष साधनको स्थिति तर्फ उन्मुख हुनुपर्छ ।[७६] मानवीय जीवन र जगतका यावत विषयवस्तुलाई मनुष्यको चेतनाभित्र अनुभव एवं अनुभूतिहरूको लयात्मक रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेष प्रकारको भावार्थ प्रदान गर्नु वास्तवमा कुनै पनि कविता काव्यको भाव विधान हो । कविलाई जीवन भोगाइका क्रममा जुन भाव वा विषय वस्तुले अन्तर मनमा गहिरो प्रभाव पार्दछ त्यसैको केन्द्रीयतामा उसले कविता सिर्जना गर्दछ । यस कृतिमा कविताको मूल विषय अध्यात्मक्षेत्रको पक्षमा यथार्थको चित्रण गरी शन्ति र सुखपूर्ण जीवनलाई व्यतीत गर्नुका साथै पारलौकिक साधनलाई सर्वोपरी मानिएको भाव, विचार र कथन यसमा रहेको पाइन्छ । कला, साहित्य र भाषा एवं संस्कृतिको पनि झलक भावले युक्त देखिन्छ । मानव हो भने मानव भएर पाँच र अरूलाई बचाउ भन्ने भावनाले प्रेरित भएको पाइन्छ ।

अध्यात्म चेतनाको भाव -

शास्त्र सञ्जनको सङ्ग वैराग्य अवलम्बन
सदाचारी हुनु नित्य मानिन्छ विचारणा ।
अभ्यास शास्त्र रामसज्जन सङ्गपाई
वैंराग्य सेवन चिन्तन मै रमाई
जहाँ सदाचार पूर्ण विवेक बन्छ
विचारणा यहि यथार्थतः मानिइन्छ ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक २, पृ. ४)

भावार्थ - ज्ञानका सात भूमिका रहेका छन्- शुभेच्छा, विचारणा, तनुमानसा, सत्वापत्ति, असंशक्ति, पदार्थ भावना र तुर्यगा रहेका छन् । यी मध्ये विचारणा दोस्रो भूमिका हो । मानिस भएर अध्यात्मलाई पनि विचार गर । सत्यशास्त्रको अध्ययन गर । सज्जन गुरुको सङ्गतद्वारा ज्ञानवान् बन्न सकिन्छ । महापुरुषको सेवा र सङ्गतले मानिस

---

[७६] नरेन्द्र चापागाई र दधिराम सुवेदी (सम्पा.), **काव्य समालोचना,** विराटनगर : पूर्वाञ्चल काव्य प्रतिष्ठान,, २०५२, पृ. १ ।

वैराग्यवान् र ज्ञानी बन्ने भएकाले सत्मार्गमा हिड्नुपर्छ । वैरागी बन्नु, सत्महापुरुषको सङ्गत गर्नु, सत्शास्त्रको अध्ययन गर्नु, सदाचार पालना गर्नु यहि नै ज्ञानको दोस्रो भूमिका बताइएको छ । यसरी तिवारीका कविता कृतिमा अध्यात्मिक चेतनाको भाव पाइन्छ ।

### ४.२.४.५ भाषाशैली

लिखित सामग्रीका माध्यमबाट व्यक्त गरिने आधारलाई शैली भनिन्छ । भाषा र शैलीको संयुक्त रूप भाषा शैली हो । हरेक कृतिमा कृतिकारको आफ्नै भाषा शैली हुन्छ । गद्य वा पद्य के लेख्ने हो सो कुरा कृतिकारले आफ्नै तरिकासँग भाषशैलीको प्रस्तुत गर्दछ । व्यक्तिको आफ्नो भाव वा विचार व्यक्त गर्ने माध्यम नै भाषा हो र भाषाको माध्यमद्वारा विभिन्न भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग र विधि शैली हो ।[७७] भाषिक प्रयोग र शैलीमा कविको निजत्व झल्केको पाइन्छ । कवितामा स्वभाविक रूपले विचार तत्त्व सघन हुने भएकोले भावलाई सम्प्रेषणीय बनाउन भाषा रहज सरल र सरस हुनु आवश्यक छ । सरल र जटिल दुवै खालका शब्दको प्रयोग पनि पाइन्छ । नेपाली भाष्य छन्दद्वारा भावको संयोजन गरी शिल्पगत रूपबाट भाषाशैली गहन वजनदार एवं दरिलो भएको छ । शैलीका दृष्टिले उपयुक्त र मार्मिक कृतिका रूपमा स्थापित देखिन्छ । कवि कोमलदत्त तिवारीको यो कृति अध्यात्म वेदान्त भावले भरिएको सान्दर्भिक महत्त्वपूर्ण रहेको देखिन्छ । भाषिक शैली पनि कृति अनुरूपको भएको पाइन्छ । भाषा शैलीगत प्रयोग भएका कवितांश निम्नानुसार भएको पाइन्छ ।

भूमिका त्रयले चित्त सारै विराग हुन्छ त
सत्वा पत्ति छ यो आत्मा परमात्मा एक बन्दछ ।

(**आफ्नो स्थिति आफैं ठम्याऊँ,** श्लोक ४, पृ. १३)

ती भूमिका तीन मिलीकन चित्त साह्रै
संसारका विषयबाट भई विरक्तै
अभ्यास गरि मिल्छ स्वरूपमा जो
सत्त्वा र पत्ति सित बन्छ सोपान चौथो ।

(**आफ्नो स्थिति आफैं ठम्याऊँ,** श्लोक ४, पृ. १३)

---

[७७] हिमांशु थापा, **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन, २०४२, पृ. ११७ ।

भूमिका पाँचले हर्दम आत्मराम बताउँछ
पदार्थ भावना हो यो मनवृत्ति हराउँछ ।[७८]

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ७, पृ. २३)

भित्र बाहिरको वस्तु स्वयं भान हुँदैन रे
कसैका प्रेरणाबाटै कैलेकाही चिनिन्छ रे ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ८, पृ. २३)

कवि कोमलदत्त तिवारीमा कविता कृतिमा उक्त भाषाशैलीको प्रयोग भएको पाइन्छ । अध्यात्म विषयको सन्दर्भलाई लिएर ज्ञानका सात भूमिकाबारे कविता शैलीमा परिचय गराउने काम गरेका छन् । वेदान्तमुखी यो कृति श्रद्धालु भक्त गणमा स्वीकार योगय भएको पाइन्छ । त्यसैले यो महत्त्वपूर्ण रहेको छ ।

## ४.२.४.६ जीवन दृष्टि

हरेक व्यक्तिको जीवन दृष्टि हुन्छ । कवि कृतिले कवि भावना-माध्यमबाट जीवन दृष्टिलाई बोकेको हुन्छ। सम्यक दृष्टि भएमा मात्र कृतिले स्थान पाउँदछ । काव्य रचनामा कविहरूले विभिन्न दृष्टि प्रस्तुत गरेर भाव पोख्ने गर्दछन् । मानव अन्तर्मनका भावलाई प्रेरणादायी सन्देशमूलक जीवनदृष्टि भएमा कृति र रचनाको महत्त्वपूर्ण पक्ष रहन्छ । कविता भाव वेगको सम्प्रेषण हो अन्तर्मनको उद्गार हो । त्यसैले सम्यक् दृष्टि हुनु पर्दछ ।[७९] दृष्टिसम्यक् भएपछि नै जीवनमा सत्यम शिवम् सुन्दरम् को आभास हुन थाल्दछ । काव्य दार्शनिकताको अनुभूति अनि दर्शनमा कवितात्मक अन्तर्ध्वनिको अनुभव गरिने स्रष्टा-द्रष्टा भाव या विचारको फरक मात्र हो । जीवनका एवं भौतिक रसबाट पृथक रही अध्यात्म ज्ञानले मानवजीवन सार्थक बनाउने हेतु यस कृतिको जीवन दृष्टि रहेको पाइन्छ । भूत, भविष्य र वर्तमानकाल नै ज्ञानको बोधक समयको मार्मिक रहस्य हो । जीवनलाई हिजो आज र भोलि अर्थात् कहाँ थिएँ ? के गर्दै छु ? के गर्न उचित हो ? यस्ता प्रश्नको उत्तर खोजी गरी समयको गतिसँगै अगाडि पढ्नु पर्छ । म र मेरो ममता भावले गर्दा सांसारिक बन्धनमा मानिसलाई बाँध्ने भएको हुँदा गन्तव्यतर्फ सोचेर कदम चाल्न अग्रसर हुनु पर्छ भन्ने पनि जीवन दृष्टिको सकारात्मक पक्ष हो । मानव चेतनाको वास्तविकता भन्नु नै

---

[७८] ऐजन ।

[७९] कपिल शर्मा अज्ञात, *सरस्वती रिजालको एक झुल्को घाम, विश्लेषण र मूल्याङ्कन,* **वागीश्वरी,** पूर्ववत्, पृ. ९ ।

जीवन दृष्टिको उपयुक्त माध्यम हो । जगत मिथात्व भाइको अध्यात्म जीवन नै जीवनको सफल पक्ष हो । कवि तिवारीका कृतिमा अध्यात्म र ज्ञानको गोरेटो तर्फ समाजलाई डोऱ्याएर सुख, शान्ति, धैर्य, सन्तोष, आदर्श र चरित्रवान् बनाइ मानव चेतनाको सन्देश भएको जीवन दृष्टि पाइन्छ ।

## ४.२.४.७ लय विधान र दृष्टिविन्दु

यस शीर्षक अन्तर्गत लय विधान र दृष्टिबिन्दुलाई छुट्टा-छुट्टै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### ४.२.४.७.१ लय विधान

उच्च, मध्यम र निम्न स्वरमा गाइने प्रक्रिया नै लय साहित्यिक विधामा अथवा कविता विधामा लय विशेष महत्त्व रहन्छ । गति, यति र लय मिलाइ वाचन गर्नु पर्ने भएकाले आरोह-अवरोहको विशेष क्रम नै शैली वा लय हो । बद्धलय र मुक्तलय दुई किसिमका मानिन्छन् । मुक्तलय भन्नाले लय विहीन कथन हो भने बद्धलय भन्नाले लयबद्ध तरिकाले गाउनु हो । लयको महत्त्व विशेष गरेर सङ्गीत क्षेत्रमा यसले स्थान पाएको देखिन्छ । कुन गीतलाई कुनलयमा गाउने भन्ने हुन्छ । लय विना गीतमा माधुर्यता आउँदैन । त्यस्तै कविता विधामा पनि कुन छन्दको कविता छ त्यसै अनुरूप लय विधान हुन्छ ।[८०] कविता काव्यमा उच्चारणगत वा गायनको तौरतरिका स्वर, गति र यति, आरोह, अवरोह अनुप्रासीय, ढाँचा, लालित्य शब्दोच्चारणदि विधानलाई लय विधान भनिन्छ ।[८१] सङ्गीतमा ताल भए जस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ । मानवीय जीवनको गतिको लयलाई समातेर कविताले आफ्नै लयमा मधुर बनाएर प्रस्तुत गर्ने गर्दछ । गण, मात्रा, ह्रस्व-दीर्घ आदिको ख्याल गरी छन्दगत तरिकाले स्वर वाचन गर्ने प्रक्रिया हुन्छ । **आफ्नो स्थिति आफै ठम्याऊँ** कृतिमा पद्यलयको संयोजन गरिएको पाइन्छ । कवि कोमलदत्त तिवारीले आफ्ना कृतिमा अनुष्टुप् छन्द र लयको संयोजन गरेका पङ्क्तिहरू निम्नानुसार छन् ।

विचारणा शुभेच्छाले बढ्दै-बढ्दै विरक्तता
भोगेच्छा सित भै टाढा बस्नू हो तनुमानसा ॥१९॥

---

[८०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।
[८१] ईश्वरी प्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।

विचारणदि सुरुका दुई भूमिकाले
भोग्यादि वस्तुसित मोह छुटी दिनाले
आसक्तिले रहित निर्मल चित्त बन्छ
सोही तृतीय तनुमानस मानिइन्छ ॥२०॥

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** पृ. १२)

तिवारीले यसरी लयको संयोजन गरी कविता पङ्क्तिका माध्यमबाट लयविधान प्रष्ट पारेका छन् ।

## ४.२.४.७.२ दृष्टिविन्दु

साहित्य लेखन प्रक्रियामा समालोचक वा विशेषकहरूले साहित्य लेखनको प्रक्रियागत क्रम भएको नभएको केलाउने गर्दछन् । कुन दृष्टिविन्दुलाई प्राथमिकता दिइ लेखिएको छ, त्यसलाई केलाउने काम गरिएको छ ।[८२] कृतिभित्र उपस्थित पात्रको भूमिकागत रूपलाई नै दृष्टिविन्दुका रूपमा लिन सकिन्छ । कवितामा कथयिता र आत्मालापी कविले आफ्नै वस्तुपरक अथवा आत्मपरक कथ्य आफै गुन गुनाउँदा पनि अप्रत्यक्ष कसैप्रति सम्बोधित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुष, प्रथम पुरुष र कहिले काही द्वितीय पुरुषमा पनि कथित वा आत्मालापी हुन सक्दछ । **आफ्नो स्थिति आफै ठम्याऊँ** कृतिमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दु संयोजन गरी उल्लेख गरिएको पाइन्छ ।

प्रथम पुरुष दृष्टिविन्दुमा कवितांश पङ्क्तिहरू -

भूमिका त्रयले चित्त सारै विराग हुन्छ त
सत्वापत्ति छ यो आत्मा परमात्मा एक बन्दछ ।

तृतीय पुरुष दृष्टि विन्दुमा कवितांश पङ्क्तिहरू -

अभ्यास धेर गरि मिल्छ स्वरूपमा जो
सत्वापत्तिसित बन्छ सोपान चौथो ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ४, पृ. १४)

यसरी कोमलदत्त तिवारीले आफ्ना कृतिमा मानव समुदायलाई चेतनाको सन्देश मूलक ज्ञान प्रदान गर्न प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा कविता लेखेर प्रष्ट पारेका छन् ।

---

[८२] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत् पृ. ५६५ ।

प्रथम पुरुष म, हामी सर्वनामको प्रयोग भएको छ भने तृतीय पुरुष दृष्टि बिन्दुमा ऊ, उनी जस्ता दृष्टि विन्दुको प्रयोग भएको यस कृतिमा पाइएको छ ।

#### ४.२.४.८ रस, छन्द र अलङ्कार

यस शीर्षकमा छन्द, रस र अलङ्कारलाई भिन्दाभिन्दै शीर्षक राखी अध्ययन गरिएको छ ।

##### ४.२.४.८.१ छन्द

स्वर, लय, आरोह-अवरोहका आधारमा वर्ण, मात्रा, यति, गति, विश्राम आदिको निश्चित नियम हुने गर्दछ, त्यसैलाई छन्द भनिन्छ ।[८३] वर्ण वा मात्राको गणना र विश्रामदिले फरक फरक गेयात्मक रूप लिने वाक्य वा वाक्यहरूको गठनलाई छन्द भनिन्छ । पद्यको समुचित गुम्फन नै छन्द हो । कविता तत्त्वको रूपमा छन्दलाई पनि लिइन्छ । छन्दमा नबौधिएको कविता लयबद्ध नहुने विश्राम पूर्ण उच्चारण नहुने भएकाले पनि छन्दको महत्त्व रहिआएको छ । भावलाई गहन बनाउने काव्यको सुन्दरत्व बढाउने रोचक भनिने भएकाले पनि छन्द अपरिहार्य तत्त्व हो । लोक छन्द र शास्त्रीय छन्द दुई प्रकारका छन् । छन्द कविता काव्यको छन्दबद्ध ढाँचा मात्र होइन लयका माध्यमबाट भावलाई सार गर्वित तुल्याउने एउटा तत्त्व पनि मानिने भएकाले त्यसको विशेष महत्त्व रहेको पाइन्छ । छन्दमा बाँधिएका पद्य कवितांशहरू-

अभ्यासबाट गत शीर्षक चारद्वारा
अन्त, करण जब विशुद्ध बनेर सारा
हुन्छन् समाधित जसै विषयादि रिक्त
मानिन्छ पञ्चतहको अति नै विरक्त ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ५, पृ. २१)

##### ४.२.४.८.२ रस र अलङ्कार

मानव हृदयमा देखेर, सुनेर, भोगेर या अनुभव गरेर प्राप्त हुने आनन्द नै रस हो । साहित्यमा रसको बारेमा भिन्न प्रकृति रहेको छ । विशिष्ट साहित्यिक आनन्दलाई रस

---

[८३] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मिठो नेपाली** (बाह्रौं संस्क. संशोधित), पूर्ववत्, पृ. २५८ ।

भनिएको छ ।[८४] रस, तरल पदार्थ, झोल वा रसिलो वस्तु हो । रसलाई 'ब्रह्मास्वाद सहोदर' जुन आनन्द ब्रह्मज्ञानबाट प्राप्त हुन्छ त्यो नै रस हो रस नौ प्रकारका छन् । कवि कोमलदत्त तिवारीले शान्त रसको बारेमा कवितांश उल्लेख गरेका छन् ।

शान्त रस -

भूमिका त्रयले चिन्त सारे विराग हुन्छ त
सत्वापत्ति छ यो आत्म परमात्मा एक बन्दछ ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ४, पृ. १३)

अलङ्कार -

काव्यलाई सुन्दर बनाउने सामग्रीको रूपमा अलङ्कारलाई लिएको पाइन्छ । अलङ्कार दुई प्रकारका मानिएका छन् । शब्दालङ्कार र अर्थालङ्कार यी दुवै अलङ्कारको प्रयोग कविहरूले काव्यमा व्यापक गरेका छन् । रस र अलङ्कार नभएको काव्य वा कविता रसिलो, मार्मिक र सुन्दर हुदैन भन्ने साहित्यकारको भनाइ रहेको पाइन्छ । कोमलदत्त तिवारीले **आफ्नो स्थिति आफै ठम्याऊँ** कविता कृतिमा अलङ्कारको पनि प्रस्तुत गरेर कवितांशहरू उल्लेख भएका छन् ।

दृष्टान्त अलङ्कार -

अभ्यासले षटक शीर्षक पार गर्दा
मानिन्छ लास सरि नै लमतन्न पर्दा
नासिन्छ भेद सब एक समान हुन्छ ।
जो तुर्यगा गति सितै परब्रह्म बन्छ ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक ७, पृ. २६)

## ४.२.४.९ बिम्ब र प्रतीक

कुनै वस्तुको अनुपस्थितिमा सादृश्य स्वरूप चिह्न वा सङ्केत नै प्रतीक हो भने बिम्ब अभिप्राय भाव वा विचारलाई पाठक सामु मूर्तमान बनाएर सम्बोध्य बनाउनु हो ।[८५] स्रष्टा वा सर्जकका मानव पटलमा रहेका मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । प्रतीक भन्नु नै ध्वन्यात्मक अभिव्यक्ति हो । कविताको अमूर्त

---

[८४] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१, पृ. ८४ ।
[८५] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।

चिन्तन प्रतीकहरूको माध्यमद्वारा नै कलात्मक रूपमा अभिव्यक्त हुन्छ । जे होस् कुनै वस्तु वा पदार्थको सादृश्य प्रतिच्छापा स्वरूप बिम्बको आधार मानिन्छ ।

बिम्ब वा प्रतीक -

अभ्यासले षटक शीर्षक पार तर्दा
मानिन्छ लासभरि नै लमतन्न पर्दा ।

(**आफ्नो स्थिति आफैँ ठम्याऊँ,** श्लोक २, पृ. ४)

कोमलदत्त तिवारी अभ्यास षटकलाई जस्ले पार गर्न सक्दछ, त्यसले संसार जगतमा भौतिक ज्ञानबाट बोध गरी भित्री आत्मतत्त्वको समेत बोध गर्दछ । आत्मसत्ता भित्री रूपमा निहित हुनाले महापुरुषहरू भौतिक जगतमा रहेर पनि प्रपञ्चमा फस्दैनन् । ईश्वरीय सत्तामा नै अडिग हुन्छन् । त्यसता व्यक्ति वा मानव जीवित भएपनि जडवत्, मुकवत् हिड्छन् । जीवन दिएर पनि लास सरी देखिएको हुन्छ । मुर्दालाई जति प्रयत्न गरेपनि जीवित गर्न सकिँदैन । त्यसैले देहको एक दिन अन्त्य निश्चित छ । शरीरलाई लासको बिम्ब वा प्रतीकको रूपमा देखाइएको छ ।

### ४.२.४.१० सारांश

कोमलदत्त तिवारी नेपाली साहित्य क्षेत्र बाल्यकालदेखि नै अनवरत रूपले लागी परेका व्यक्तिको रूपमा परिचित छन् २०१९ सालमा सर्वप्रथम उनले **शिक्षाको महत्त्व** नाटक लेखेर तत्कालीन नेपाली समाजलाई शैक्षिक चेतना तथा जागरण ल्याएको देखिन्छ । त्यस अवस्थामा सबै नेपाली नागरिकहरू अशिक्षित र अज्ञानी भएकाले तिनीहरूको कल्याण र भलाईका लागि यो नाटक रचना भएको देखिन्छ । त्यसै गरी उनले क्रमशः **ज्ञानोपदेश** (२०४७), **श्रीराम गीता** (२०५०), **तत्त्वदर्पण** (२०५१), **ज्ञानमाधुरी** (२०५४), **उपदेशसार** (२०५९), **अवधूतगीता** (२०५७), **सजिलै ब्रह्मज्ञान** (२०५८), **दृग्दृश्य विवेक** (२०५९), **मनको निवदेन** (२०५९), **अष्टाव्रक गीता** (२०६०) आदि जस्ता संस्कृतमा लेखिएका कृतिहरूलाई नेपाली भाषाछन्दमा अनुवाद गरी अध्यात्म विषयको बारेमा पूर्णतया ज्ञानपरक अमूल्य सन्देशलाई रचना मार्फत प्रस्तुत गरेका छन् । उनी सामाजिक सेवा, सहयोग परोपकार भलाई हित र लेखन कार्यमा सदा सर्वदा लागेका सशक्त क्रियाशील व्यक्तिको रूपमा चिनिन्छन् । विशेष गरेर भौतिक सुख साधन भन्दा पारलौकिक जीवनको अस्तित्त्वमा निहित रही धार्मिक, अध्यात्म चिन्तन वेदवेदान्त अध्ययन गरी अद्वैत परक

सारगर्वित कृतिहरू उनका अमूल्य निधिका रूपमा देखिएका छन् । पद्य छन्दमा भाव व्यक्त गरी सरल, सहज र मिठासपूर्ण शैलीको प्रयोग पनि गरेका छन् । तद्भव, तत्सम र झर्रा शब्दको संयोजन पनि गरेका पाइन्छ । त्यसैले यो कृति उत्कृष्ट रहेको छ ।

## ४.२.५ ज्ञानोपदेश कवितासङ्ग्रहको अध्ययन

कोमलदत्त तिवारीको वि.सं. २०४७ मा प्रकाशित **ज्ञानोपदेश** कवितासङ्ग्रह चर्चित कृतिको रूपमा रहेको छ । यहाँ शीर्षक, विषयवस्तु, भावविधान, भाषाशैली, छन्द, रस र अलङ्कार जस्ता तत्त्वका आधारमा **ज्ञानोपदेश** कवितासङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.२.५.१ शीर्षक

कृतिको प्रवेशद्वारको रूपमा शीर्षकलाई लिन सकिन्छ । कृतिको मूल भाग नै शीर्षक हो । यसलाई चुरो वा गुदी पनि भनिन्छ । कविताको महत्त्वपूर्ण तत्त्व शीर्षक हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षकबीच अन्तःसङ्गति रहनु पर्छ । शीर्षक अभिधात्मक वा प्रतीकात्मक हुन सक्दछ ।[८६] शीर्षक भन्नाले लेख, रचना, ग्रन्थ आदिको नामलाई जनाउँदछ । कृतिको नामलाई शीर्षक भनिने भएकाले सारभूत कुरा शीर्षकले समेट्दछ । **ज्ञानोपदेश** शीर्षक कृतिमा तिवारीले विशेष गरेर अध्यात्म ज्ञानको बारेमा उपदेश दिन खोजेका छन् । हरेक मानिस ज्ञान, वैराग्य र भक्तिले युक्त भएर परमात्म तत्त्वको बोध गर्नुपर्छ । मानवीय कर्तव्य र अस्तित्त्व बोध गरी समाज सेवा, सहयोग गर्नुपर्दछ भन्ने आशय यस कृतिको भाव भएकाले **ज्ञानोपदेश** शीर्षक उपयुक्त छ ।

### ४.२.५.१ विषयवस्तु

कुनै पनि काव्य कविता रचनार्थ छनोट गरिएको वस्तु, चयनलाई नै मुख्य रूपमा कविताकाव्यको विषयवस्तुका रूपमा लिइन्छ । रचनाका लागि चयन गरिएको भावभूमि विषयवस्तु हो । कविले जीवन र जगतका मानवीय स्वभाव प्रकृति, धर्म, संस्कृति स्वअनुभव आदिलाई विषयवस्तु बनाई काव्य रचना गर्दछ । कवितामा विषयगत विविधता हुन्छ । कविले जुनसुकै विषय चयन गरी कविता रचना गर्न सक्दछ । जीवन भोगाइका क्रममा

---

[८६] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश,** पूर्ववत्, पृ. ९४२ ।

कविलाई उत्प्रेरित गर्ने वस्तु नै काव्य विषय बन्न सक्ने भएकाले विषय पाउन सकिन्छ । कल्पना प्रधान चिन्तन नै काव्यको विषयवस्तु हो ।[८७] कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको मूल विषयवस्तु हो । पहिलो विषयवस्तु ब्रह्माण्डभित्रको यावत् वस्तु मानवीय स्वभाव, प्रवृत्ति, प्राकृतिक वस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीति र जीवन भोगाइ हेराइका अनेकपक्ष विपक्षसँग सम्बद्ध हुने गर्दछ । कविले जस्तोसुकै विषयवस्तु छनोट गर्न स्वतन्त्र हुने गर्दछ । विषयवस्तुका दृष्टिकोणबाट ज्ञानोपदेश भित्रका कविताहरूलाई निम्नानुसार देखाइएको छ :-

गंगास्नान गरे हुनेछ तनको मैलो सफा सुग्घर
छातीभित्र परन्तु कल्मष भए के पो सफा हुन्छ र
केही स्वार्थ नराखी निष्कपटले सत्कर्म गर्ला जब
सेवा त्याग र ईशको शरणले त्यो दाग जाला सब ॥[८८]

(**ज्ञानोपदेश,** प्रथम सर्ग, पृ. ३)

## ४.२.५.३ भावविधान

भाव भन्नाले कविताको शब्दशब्दमा अन्तर्निहित शक्ति भनने बुझिन्छ । वस्तुमा भाव विहिन हुने भएकाले पनि कवितामा भाव रहनुपर्ने नै हुन्छ । कविलाई जीवन भोगाइका क्रममा जुनभाव वा विषयवस्तुले अन्तर्मनमा गहिरो प्रभाव पार्दछ, त्यही केन्द्रीयतामा उसले कविता सिर्जना गर्दछ । कवि कोमलदत्त तिवारीले जीवन भोगाइका क्रममा प्राप्त अनुभूतिलाई कविताको सार्थक मूल आधार बनाई भावलाई प्रस्तुत गरेका छन् ।[८९] भावविधान भनेको कुनै कथन रचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव प्रकट हुन्छ । कवितामा भावकहरूलाई प्राप्त हुने मूल वस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्व पनि भनिन्छ । कवितामा भावको उचित संयोजन हुनुपर्दछ अनिमात्र कविता उत्कृष्ट हुन सक्दछ ।[९०] विषयवस्तुको गूढगहन गम्भीर ज्ञानभित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै कविताको सम्यक् भावविधान हो । कोमलदत्त तिवारीको **ज्ञानोपदेश** कृतिमा निम्न भाव व्यक्त भएका कविता पङ्क्ति हेरौं :-

---

[८७] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, पूर्ववत्, पृ. ३३४ ।
[८८] कोमलदत्त तिवारी, **ज्ञानोपदेश,** काठमाडौं : रमादेवी तिवारी, २०४७, पृ. ३ ।
[८९] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश,** पूर्ववत्, पृ. ३३० ।
[९०] ईश्वरीप्रसाद गैरे, **आधुनिक नाटक र फुटकर कविता,** पूर्ववत्, पृ ३३४ ।

पदार्थ क्यै मिल्छु भने फुरुङ्ग रे !
मिल्दैनता हुन्छ मनै भरङ्ग रे
अज्ञानले मात्र हुने छ यो स्थिति
हुँदैन ज्ञानीजनमा सितीमिति । (**ज्ञानोपदेश,** प्रथम सर्ग, पृ. २३)

## ४.२.५.३ भाषाशैली

कुनै पनि कृतिकारले भाषाका माध्यमबाट वर्ण, शब्द, पद, पदावली, वाक्य शैली नै समायोजनका आधारमा कृतिभित्र प्रस्तुत गरिने संवहन तत्त्व नै भाषाशैली हो । जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ, त्यसका निम्ति उपलब्ध भएका भाषिक विकल्पहरूमध्येबाट सबैभन्दा बढी ललित र रागाात्मकता साथै व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सृजित हुने कुरा कविताको भाषाशैली हो । भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविताको सृजना हुन्छ, कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामा अन्तर्निहित हुन्छ, साथै भाषा परिवर्तनशील वस्तु भएकाले भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुन जान्छ । मानिसहरूका बीच परम्परामा विचारको साटासाट भाषाकै माध्यमबाट हुन्छ ।[९१] कवितालाई साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा, लयात्मकता, रागात्मकता, ध्वन्यात्मकता, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, सङ्गतिहीन हुनुका साथै अधिकांशत उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ ।[९२] उच्चरित ध्वनि लेख्य चिह्नहरूको प्रयोग गरी समुदायमा विचार आदान-प्रदान गरिने प्रचलित माध्यमको तरिका नै भाषाशैली हो । मनका भावहरूलाई अरूसमक्ष सम्प्रेषण गर्ने ध्वन्यात्मक साधन भाषा हो भने भाषा प्रकट गर्ने तौरतरिका वा पद्धति विशेष शैली हो । यस **ज्ञानोपदेश** कृतिमा भाषाशैली सरल, सहज एवं मधुर रहेको छ । तद्भव र तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ ।

---

[९१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।
[९२] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश,** पूर्ववत्, पृ. ३४० ।

### ४.२.५.४ छन्द

छन्दले कवितात्मक भाषाशैलीलाई आकर्षक, प्रभावकारी र चमत्कारीपूर्ण बनाइदिन्छ किनभने यसमा गेयता र सूत्रबद्धता समेत हुन्छ ।[९३] वर्ण वा मात्राको गणना र विश्रामादिले फरक-फरक गेयात्मक रूप लिने वाक्य वा वाक्यहरूको गठनलाई छन्द भनिन्छ । **ज्ञानोपदेश** कृतिमा कवि कोमलदत्त तिवारीले विभिन्न छन्दमा आफ्ना मनका भाव-विचारलाई निम्नलिखित कविता पङ्क्तिका माध्यमबाट उल्लेख गरेका छन् ।

शार्दूलविक्रीडित छन्दमा रचित कवितांशहरू-

होला भोग विलास मोज गरदै बित्ला भनि जीवन
पापाचार कुकर्मबाट जसले गर्ला ठूलो आर्जन ।
आफै झट्ट मरिन्छ कि ? अनि अहो ! खाला अरूले धन
भन्ने सोच विचारले हरघडी पिल्सिन्छ त्यसको मन ।[९४]

(**ज्ञानोपदेश,** प्रथम सर्ग, पृ. ४)

### ४.२.५.५ रस

देखेर, सुनेर, अनुभव गरेर अथवा कुनै रोचक दृश्य देखेर नाटक, चलचित्र, मनोरञ्जन क्रियाकलाप लिला आदि र कुनै प्रिय कथा उपन्यास, नाटक सुनेर एवं स्वयं आफैँले नेत्र वा कर्णप्रिय वस्तु स्वाद लिएर मनमा आनन्द उत्पन्न हुनु नै रस हो ।

मानवहृदयमा उत्पन्न हुने तृप्ति वा आनन्दलाई नै रस भन्ने गरिन्छ । साहित्यमा विभिन्न रसशास्त्रीहरूले रसको आ-आफ्नै परिभाषा दिएर रसको बोध गराएका छन् । पूर्वीय साहित्यका रसशास्त्री भरत, वामन र जयदेव जस्ता साहित्यकारहरूले रसको निकै चर्चा गरेका छन् । कोमलदत्त तिवारीले **ज्ञानोपदेश** कवितामा निम्नानुसार रसयुक्त कविता प्रयोग गरेका छन् :-

वीर रस - उत्साह स्थायी भाव हुने वीर रस हो । यस रसको प्रयोग यसप्रकार छ :-

आफू नैतिकवान् दृढमनको जो हिम्मती वीर छ
जस्माभित्र वरिष्ठ छन् सहृदयी जो धीर गम्भीर छ

[९३] शंकरप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली,** पूर्ववत्, पृ. २५८ ।
[९४] कोमलदत्त तिवारी, **ज्ञानोपदेश,** पूर्ववत्, २०४७, पृ. ४ ।

जस्ले हर्दछ दुःख दर्दजनको कर्तव्य सम्झीकन
त्यस्ता राष्ट्र सपूतको पछी पछी लाग्ने छ सारा जन ॥

(**ज्ञानोपदेश,** द्वितीय सर्ग, पृ. ५६)

### ४.२.५.६ अलङ्कार

काव्यलाई सुन्दर बनाउने सामग्रीको रूपमा अलङ्कारलाई लिइन्छ । अलङ्कार काव्यको आत्मा मान्ने कविहरू पनि छन् । साहित्यको एउटा महत्वपूर्ण तत्त्व नै अलङ्कार हो यसले काव्यलाई सुन्दर, रोचक र पुष्टता प्रदान गर्दछ । कवि तिवारीले **ज्ञानोपदेश** कृतिमा उपमा अलङ्कारको प्रयोग गरेका छन् । ती कवितांश पङ्क्तिहरू हेरौं :-

वतासले पर्वतलाई बेसरी
हल्लाउँनै खोज्दछ है घरी घरी ।
परन्तु पर्वत जग्दैन क्यै गरी
त्यस्तै महा धीर मान्छे हुन्छ रे ॥[९५] (**ज्ञानोपदेश,** प्रथम सर्ग, पृ. १०)

### ४.२.५.७ सारांश

कोमलदत्त तिवारीद्वारा वि.सं. २०४७ सालमा रचित **ज्ञानोपदेश** कृति नेपाली साहित्यको उपयुक्त कृति हो । उनले कविता विधा र नाट्यविधामा करिब ३ दशक समय लगाएर साहित्यको क्षेत्रमा योगदान दिएका छन् । शैक्षिक जागरण र जनचेतनामूलक भाव सन्देश लगायत अध्यात्म क्षेत्रको बारेमा तिवारीले जीवनको सार भनेको सांसारिक प्रपञ्चबाट मुक्त भई ईश्वरीय चिन्तन गर्नु, आसक्त नहुनु, धर्मकर्म गर्नु, नैतिक अनुशासन हुनु जस्ता गुणबाट सम्पन्न हुनुपर्दछ । मानवले मानवीय गुणले युक्त भएर रहनु पर्दछ । भौतिक विकासका साथै अध्यात्मवादको अनुसरण गर्नुपर्छ भन्ने सन्देशपूर्ण विचार व्यक्त गरेका छन् ।

नेपाली भाषा साहित्यलाई ओजिलो बनाउनु, ज्ञान र विज्ञानले युक्त मानव जीवन सार्थक बनाउनु पर्दछ भन्ने जस्ता उनका भावहरू लिखित सामग्रीका माध्यमले बहिस्कृत भएका छन् । यो **ज्ञानोपदेश** कृति ज्ञान र विज्ञानलेपूर्ण भएको सारगर्भित महत्त्वपूर्ण उपदेश हो । जन्म-मृत्युको चक्करबाट छुट्कारा हुने साधनको रूपमा देखाइएको छ भने संसारका

[९५] कोमलदत्त तिवारी, **ज्ञानोपदेश,** पूर्ववत्, पृ. १० ।

विविध पक्षलाई समेटेर व्यवहारिक ज्ञानलाई पनि उपदेशको रूपमा लिइएको छ । ज्ञान, वैराग्य र भक्तिभावले युक्त भई ईश्वरमा चित्त लगाउनु पर्छ भनिएको छ, साथै नीति नियमको पालना गरी असल व्यवहार र राम्रो चरित्र मानवमा हुनुपर्दछ भनिएको छ । राम्रो संगत गर कुशल काम गरेर समाजको उन्नति प्रगति गरी मानव सेवा र ईश्वरीय सेवामा संलग्न हुन प्रेरणा दिइएको छ ।

## ४.२.६ श्रीमद्भगवद्गीताको अध्ययन

कोमलदत्त तिवारीको २०६७ मा प्रकाशित **श्रीमद्भगवद्गीता** कृति भाष्य छन्दमा लेखिएको चर्चित कृतिको रूपमा रहेको छ । शीर्षक विषयवस्तु, भावविधान, भाषाशैली, छन्द, रस र अलङ्कार जस्ता तत्त्वका आधारमा यस कृतिको अध्ययन गरिएको छ ।

### ४.२.६.१ शीर्षक

जुनसुकै कृतिको पनि शीर्षक हुन्छ । त्यही शीर्षकले नै कृतिको पहिचान गराउँदछ । समग्र शरीरको मूल तत्त्व नै शीर्ष भाग हो । कृतिभित्र अनेक संरचना हुन्छन्, कविले ती संरचनाहरू प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र प्रतिनिधिमूलक कलात्मक शीर्षक छनोट गर्दछ । त्यही शीर्षकका आधारमा विषयवस्तु ठम्याउन सकिन्छ ।[९६] शीर्षक कथाको सार वा आकर्षण पनि हो । त्यसैले कथाको शीर्षक सार्थक र औचित्यपूर्ण हुनु समुचित मानिन्छ । शीर्षक कृतिको मुहार भन्न सकिन्छ । कुनै पनि वस्तु वा चिजलाई चिनाउने वा त्यसको बारेमा परिचय वा पहिचान दिने शब्द नै नाम वा शीर्षक हो ।

कोमलदत्त तिवारीले **श्रीमद्भगवद्गीता**लाई भाष्य छन्दमा लेखेर आत्मज्ञानको चर्चा गर्नु उचित ठानेर कविता शैलीमा महाभारतको कृष्ण र अर्जुनको प्रसङ्गलाई मार्मिक ढङ्गले वर्णन गर्ने सन्दर्भमा विभिन्न कवितांशहरू प्रस्तुत गरेका छन् । यो कृति धार्मिकता भएको मानवीयतासँग सम्बद्ध भएको उत्कृष्ट ग्रन्थ हो । भक्ति, ज्ञान र वैराग्यले भरिएको अमृतमय कृति हो । भगवान्कै मुखारविन्दबाट गाइएको गीत भएकाले **श्रीमद्भगवदगीता** भनिएको हो ।

---

[९६] ईश्वरीप्रसाद गैरे, **आधुनिक नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।

### ४.२.६.२ विषयवस्तु

कुनै पनि कुराको रहस्य खोलिएको वर्णन वा कथानकलाई विषयवस्तु भनिन्छ । कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरो नै विषयवस्तु हो । रचनाका लागि चयन गरिएको भावभूमि विषयवस्तु हो । कविले जीवनजगत्, मानवीय स्वभाव, प्रकृति, धर्म, संस्कृति र स्वानुभव आदिलाई विषयवस्तु बनाई काव्यरचना गर्छ । विषयवस्तुको चयनमा जति सचेतता अपनाइन्छ, कविता त्यति नै सुन्दर हुन्छ । सुन्दर वस्तु जीवन्त हुने भएकाले सशक्त र उपयुक्त विषयवस्तुले कविता जीवन्त बनाउँदछ । यस गीतामा भगवद् भक्तिपरक कविता रहेका छन् । कृष्ण र अर्जुन बीचको संवाद भएको विषयवस्तु यस कृतिमा रहेको पाइन्छ । गीतामा उल्लेख भएका कवितांश हेरौं :-

श्रीविष्णु बालिसित बाहिर निस्किएको
गीता छ शास्त्र अति उत्तम मानिएको ।
जसले बुझी सतत चिन्तन पाठ गर्ला
चाहिन्न शास्त्र अरू सबै भवसिन्धु तर्ला ॥[९७]

(**गीतामहात्म्य**, श्लोक ४, पृ. २)

### ४.२.६.३ भावविधान

भाषाशैली, कथनपद्धति र कविता संरचनाका माध्यमबाट भाव निस्कन्छ । भाव नै कविताको मूल मर्म हो । कवि कोमलदत्त तिवारीले जीवन भोगाइका क्रममा प्राप्त अनुभूतिलाई कविताको सार्थक मूल आधार बनाइ कवितामा विषयवस्तु बनाएका छन् । मानवीय जीवनको महत्त्वलाई बुझी यथार्थमा आध्यात्मिक क्षेत्रमा सरिक भई ज्ञान, भक्ति, वैराग्य, विवेक, मुमुक्षता आदि भाव यस गीतामा रहेको पाइन्छ ।

आत्मा न मर्छ कहिल्यै न त जन्म लिन्छ
उत्पत्ति हुन्न तर हर्दम नै रहन्छ ।
जो नित्य शाश्वत पुरातन मानिइन्छ
मर्दा शरीर पनि साबुत ऊ रहन्छ ॥[९८] (अध्याय-१, श्लोक २०)

---

[९७] कोमलदत्त तिवारी, **श्रीमद्भगवद्गीता,** काठमाडौं : निर्मला खरेल, २०६७, पृ. २३ ।
[९८] ऐजन ।

आत्मा नित्य अजन्मा जो अक्षय वस्तु जान्दछ
उसले अरूको हत्या किन गर्छ, गराउँछ ?[९९] (अध्याय-१, श्लोक २१,पृ. २३)

## ४.२.६.४ भाषाशैली

मानव मनका भाव वा विचारलाई अभिव्यक्ति दिने माध्यम नै भाषा हो । भाषाका माध्यमबाट विचारप्रकट हुन्छ । विचार भन्नलाई भाषाको आवश्यकता हुने गर्दछ । आफूले भन्न चाहेका कुरा अरू समक्ष पुऱ्याउँदा भाषाकै माध्यम हुने भएकाले भाषा अनिवार्य चाहिन्छ । भाषाबिना व्यवहार चल्न सक्दैन । त्यसैले भाषाको विशेष महत्त्व रहेको पाइन्छ ।[१००] कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भावको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मकता, लयमयता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो शैली सूक्ष्म र कलात्मक हुन सक्नु पर्छ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव बहन गर्न सकोस् । यस किसिमको भाषाशैली कविताको मूलतत्त्व हो । यो भाषाशैली पद्यात्मक र गद्यात्मक दुवै किसिमको हुन्छ ।[१०१] भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविताको सृजना हुनछ । कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामा अन्तर्निहित हुन्छ साथै भाषा परिवर्तनशील वस्तु भएकाले भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुनजान्छ । मानिसहरूका बीच परस्परमा विचारको साटासाट भाषाकै माध्यमबाट हुन्छ । कवितालाई साकार मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेदता जन्मन्छ । कोमलदत्त तिवारीले श्रीमद्भागवत गीतामा भाष्य छन्दका माध्यमबाट अत्यन्त सरल र सुबोध्य भाषाशैली प्रयोग गरेका छन् । त्यस्ता केही पङ्क्तिहरू हेरौं :

सुन्ने, हेर्ने, छुने, सुँघ्ने, खाने, हिंड्ने र बोल्ने
सपना, सास फेर्ने र झिम्किने, नेत्र खोलने ।
लिने, त्याग्ने क्रियाकर्म हुन् ती इन्द्रियका सब
आफूबाट हुने हैन जानोस् साधकले तब ॥[१०२]

(अध्याय-५, श्लोक ९, पृ. ७२)

---

[९९] ऐजन ।
[१००] ईश्वरीप्रसाद गैरे, **आधुनिक नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३६ ।
[१०१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।
[१०२] कोमलदत्त तिवारी, **श्रीमद्भगवद्गीता,** पूर्ववत्, पृ. ७२ ।

### ४.२.६.५ छन्द

साहित्यमा छन्द भन्नाले यति, गति र लय मिलेको वर्णमात्रा आदिको गणना अनुसार पद्यात्मक रचनामा गरिने कुनै निश्चित विशिष्ट नियमबाट नियोजित पद्य रचना विशेषलाई बुझाउँदछ ।[१०३] छन्द भन्नाले नियमित रूप भएको लय सृजना बुझिन्छ । छन्दलाई त्यसका प्रत्येक पाउमा रहने वर्णहरूको सङ्ख्या र क्रमबद्धताका आधारमा विभाजन गरिन्छ । नेपाली कवितामा नियमबद्ध र नियमबाट मुक्त दुवै प्रकारका छन्दको प्रयोग भएको पाइन्छ । त्यसमध्ये नेपाली कवितामा प्रयोग हुने छन्द वार्णिक, मात्रिक, वर्णमात्रिक र मुक्त गरी ४ प्रकारका छन् । वर्णको आधारमा हुने छन्दलाई वार्णिक भनिन्छ । त्यसै गरी मात्राको आधारमा गणना हुने छन्दलाई मात्रिक छन्द भनिन्छ । वर्ण ८ मात्राको क्रमबद्ध रखाइबाट रचना गरिएको छन्दलाई वर्णमात्रिक छन्द भनिन्छ । तिवारीले वर्णमात्रिक छन्दमा गीताको भाष्य छन्दबाट कविता रचना गरेका छन्, ती कवितांशहरूलाई हेरौं -

हे विश्वरूप, जगदीश जगन्निवास
विस्तार पेट, मुख, नेत्र, अनेक हात ।
देख्छु विशाल तनभित्र सबै त्यहाँ छन्
जानिन्न आदि कुन मध्य र अन्तका छन् ॥[१०४]

(अध्याय-११, श्लोक १६, पृ. १४७)

### ४.२.६.६ रस

रस शब्द साहित्य सन्दर्भमा आनन्द अवस्था हो । देखेर, सुनेर, भोगेर अनि अनुभूति गरेर प्राप्त हुने आनन्द नै रस हो । रस भनेर आस्वादन अर्थमा एवं द्रव्यतत्त्वको रूपमा लिइएको छ । रसबिना कुनै पनि अर्थको प्रवर्तन हुँदैन भन्ने कुरा रसविद्हरूको रहेको छ । रसको बारेमा पूर्वीय साहित्यकार भरत आचार्यले रसको बारेमा रस सूत्र नै प्रतिपादन गरेर रसको महत्त्व दर्शाएका छन् ।[१०५] हृदयले जुन कुराको आस्वादन गर्छ वा स्वाद ग्रहण गर्दछ, त्यही नै रस हो । **श्रीमद्भगवदगीता**मा अद्भूत रसको पनि प्रयोग गरेका छन् । भगवान् विष्णुको रूप अर्जुनलाई अद्भूत देखाइएको छ । त्यसैले अद्भूत रसको बारेमा कवितांश पङ्क्तिहरू निम्नानुसार छन्-

---

[१०३] कृष्णहरि बराल र अन्य, **नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** पूर्ववत्, पृ. ३५१ ।
[१०४] कोमलदत्त तिवारी, **श्रीमद्भगवद्गीता,** पूर्ववत्, पृ. २७९ ।
[१०५] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. २७९ ।

एक्लै हजुर हुनुहुन्छ तथापि सारा
आकाश धर्ती परिपूर्ण हजुरद्वारा ।
यस्तो अलौकिक भयङ्कर रूप हेर्दा
छन् तीनलोक सब व्याकुल त्रास पर्दा ॥[१०६] (अध्याय-११, श्लोक-२१)

### ४.२.६.७ अलङ्कार

काव्य वा साहित्यलाई अत्यन्त मधुर, सुन्दर, रसिलो, सजिसजाउ बनाउने एउटा महत्त्वपूर्ण तत्त्व मान्ने काम काव्यकारको रहेको छ । अलङ्कारको सङ्ख्या करिब ३८ मानेका छन् भने कसैले ४० पनि मानेको पाइन्छ ।[१०७] अलङ्कारको अर्थ गहना हो । जसरी सुनचाँदी आदि गहनाले शरीरको शोभा अभिवृद्धि गर्दछ, त्यसरी नै भाषिक गहनाका रूपमा रहेका अलङ्कारले साहित्यको सौन्दर्य बढाउँछ । **श्रीमद्भगवद्गीतामा** कोमलदत्त तिवारीले अनुप्रास, उपमा र दृष्टान्त आदिको प्रयोग गरी भाष्य छन्दमा गीताको भाव लेखेका छन् । दृष्टान्त अलङ्कारका कवितांश हेरौं :

त्यागी आसक्ति जो कर्म ब्रह्ममा गई अर्पण
पद्मपत्र सरी जलमा पाप लेपिन्न अर्जुन ।[१०८] (अध्याय-५, श्लोक १०, पृ. ७३)

### ४.२.६.८ सारांश

कोमलदत्त तिवारीले वि.सं. २०६७ सालमा लेखिएको **श्रीमद्भावगद्गीता**को भाष्य छन्दको कृति अध्यात्म क्षेत्रको अमूल्य रत्न नै हो । विभिन्न वेद, पुराण, उपनिषद्को सारसङ्क्षेपमा वर्णित कृति अनेक अनुवाद गरिएको भाषा विविध देशका मानिसहरूले यसको अनुशरण र ग्रहण गरेका छन् । संस्कृतमा उल्लेख भएको **गीता** ज्यादै रहस्यमय, ज्ञानमय र ब्रह्मपरक ग्रन्थ हो । त्यही गीताको नेपाली भाष्य गरी तिवारीले समग्र नेपालीहरूलाई अध्यात्मविद्यामा निपुण बनाइ मोक्ष साधनतर्फ उन्मुख बनाउने प्रयत्न गरेका छन् । ज्ञान, विवेक, वैराग्य र भक्तिपरक भएको यो कृति ज्यादै महत्त्वपूर्ण छ । **गीता** यस्तो सारगर्भित अनमोल कृति हो, संसारका हरेक व्यक्तिसामु यो पुगेको बुझिन्छ । विशेष गरेर हिन्दूले बढी अभिरुचि राखेर स्वीकारेका छन् । भौतिक सुखभन्दा अध्यात्मसुख नै जन्म-जन्मान्तरको

[१०६] कोमलदत्त तिवारी, **श्रीमद्भगवद्गीता,** पूर्ववत्, पृ. १४९ ।
[१०७] भानुभक्त पोखेल, **सिद्धान्त र साहित्य,** पूर्ववत्, पृ. ९ ।
[१०८] कोमलदत्त तिवारी, **श्रीमद्भगवद्गीता,** पूर्ववत्, पृ. ७३ ।

दुःखबाट छुट्कारा पाइ चीरस्थायी सुख प्राप्त हुने भएकाले सत्याचरण, सद्भाव र सत्सङ्गको प्रभावले मानव हित हुन्छ । मानवले आत्मबोध गरी शान्तिको बाटो अँगाल्नु पर्छ । जीवनको रहस्यलाई बुझी सत्य-तथ्यको पहिचानका साथ कर्तव्यपथमा लाग्नुपर्छ भन्ने तिवारीको आशय पाइन्छ । यस कृतिमा सरल, सहज, उपयुक्त शब्द संयोजनका साथ वाक्य गठन तत्सम र तद्भवको प्रयोग गरिएको पाइन्छ । **श्रीमद्भगवद्गीता** लोकप्रिय ग्रन्थ हो ।

## ४.२.७ सजिलै ब्रह्मज्ञान कृतिको अध्ययन

कोमलदत्त तिवारीको वि.सं. २०५८ मा प्रकाशित **सजिलै ब्रह्मज्ञान** चर्चित कृतिको रूपमा रहेको छ । यहाँ शीर्षक, विषयवस्तु, भाषाशैली आदिको तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

### ४.२.७.१ शीर्षक

कृतिको शीर भागमा उल्लेख भएको सङ्ज्ञा नै शीर्षक हो । कुनै पनि रचनाको परिचय गराउने शब्द, शब्दावली वा नामलाई नै शीर्षक भनिन्छ । शीर्षकले कृतिको मूलभूत सारलाई सङ्केत गर्दछ ।[१०९] कुनै रचना, कृति आदिको प्रमुख नाम वा टाउकोलाई शीर्षक भनिन्छ । शीर्षक कविताकृतिको नामकरण नभएर कृतिका सारभूत भाव वा विचारको सूचक, सङ्केत अथवा उद्घाटक समेत हुनुपर्दछ । कुनै पनि कृति रचनाको मूल सङ्क्षिप्त रूपले परिचय वा जानकारी गराउने शब्दावली वा नामलाई नै वास्तवमा शीर्षक भनिन्छ । **सजिलै ब्रह्मज्ञान** कृति ब्रह्मबोध गराउने माध्यको रूपमा शीर्षक दिइएको पाइन्छ । सजिलैको अर्थ सहज, सरल हो भने ब्रह्म भन्नाले परमात्मा, ईश्वर, जगतका उत्पत्ति, पाल वा संहारकर्ताका रूपमा लिइन्छ । ज्ञानको अर्थ हो- बुझ्नु, जान्नु, चिन्नु आदि । यस कृतिको शीर्षकले सरल तरिकाबाट नै ईश्वरको बारेमा बुझ्न र जान्न सकिन्छ भन्नु हो । हुन त ईश्वरलाई कसले जान्न सक्छ र ! इन्द्रिय, अन्तःकरणद्वारा बोधगम्य छैन भनिन्छ । यद्यपि भगवत् कृपा भएमा अवश्य जान्न, बुझ्न र दर्शन पाउन सकिन्छ ।[११०] मानिस भएर निरन्तर आफ्नो आत्मबोध वा स्वरूप बोध गर्नुपर्छ भन्ने वेदान्त वाक्य भएकाले **सजिलै ब्रह्मज्ञान** भन्ने कृति प्रकाशमा आएको बुझिन्छ ।

---

[१०९] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** पूर्ववत्, पृ ७१३ ।
[११०] वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर** (दोस्रो संस्करण), पूर्ववत्, पृ. १२४९ ।

### ४.२.७.२ विषयवस्तु

अन्तर्निहित मनका वेगलाई वा आन्तरिक कल्पना अर्थात् घटित घटनाक्रमको दृश्यचित्रलाई खिचेर संयोजन गर्ने कार्य नै विषयवस्तु हो । त्यसभित्रका विषय प्रसङ्गको रूपमा संरचित एवं पात्र, घटना, परिवेश, परिस्थिति जस्ता तत्त्व नै विषयवस्तु हुन्छ ।[१११] कुनै पनि कृति वा रचना लेखिँदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ । काव्यरचनाका निम्ति छनोट गरिएको वस्तुचयनलाई कविताकाव्यको विषयवस्तुका रूपमा लिन सकिन्छ । **सजिलै ब्रह्मज्ञान** कृतिमा कोमलदत्त तिवारीद्वारा भाव र विषयवस्तु व्यक्त गरिएका कवितांश पङ्क्तिहरूलाई हेरौं :

हृदय कमलभित्रै दीप झैं वेदसार
प्रणव बनेको तर्फको शक्ति पार ।
हरि गुरु शिव विन्दु प्राणीको मूल स्थान
सत-चित ब्रह्मको नै ध्यानले मुक्ति ज्ञान ॥[११२] (**सजिलै ब्रह्मज्ञान**, श्लो.-२८, पृ.४०)

### ४.२.७.३ भाषाशैली

भाषाशैली भन्नाले भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँदछ । कविताको अति आवश्यक तत्त्व नै भाषाशैली हो । भाषाशैलीले कवितालाई सुन्दर बनाउँदछ ।[११३] भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविताको सृजना हुन्छ, कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामा अन्तर्निहित हुन्छ, साथै भाषा परिवर्तनशील वस्तु भएकाले भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुन जान्छ । मानिसहरूका बीच परस्परमा विचारको साटासाट भाषाकै माध्यमबाट हुन्छ । कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद, शब्दले रागात्मक लयमयता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो शैली सूक्ष्म र कलात्मक हुन सक्नु पर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव बहन गर्न सकोस् । यहाँ सरल र सहज भाषाशैलीको माध्यमबाट तिवारीले आफ्ना भावलाई **सजिलै ब्रह्मज्ञान** कृतिमा उल्लेख गरेका छन् । त्यस्ता कवितांशलाई हेरौं :

---

[१११] कृष्णहरि बराल र अन्य, **साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** पूर्ववत्, पृ. ६९६ ।
[११२] कोमलदत्त तिवारी, **सजिलै ब्रह्मज्ञान,** काठमाडौं : निर्मला खरेल, २०५८, पृ. ४० ।
[११३] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।

गोविन्द अच्युत अनन्त र विष्णु मै छु
जो षट् विकारसित हर्दम मुक्त नै छु ।
आनन्दरूप अजरामर शक्तिवान्
मै नै हुँ नित्य र सदाशिव रूप जान ॥[११४]

(**सजिलै ब्रह्मज्ञान,** श्लोक १३, पृ. २०)

## ४.२.७.४ सारांश

कोमलदत्त तिवारीद्वारा रचित वि.सं. २०५८ सालमा लेखेको **सजिलै ब्रह्मज्ञान** कृति महत्त्वपूर्ण कृतिको रूपमा रहेको पाइन्छ । 'ब्रह्मानु चिन्तनम्' भन्ने आद्यशङ्कराचार्यद्वारा प्रणित कृतिको नेपाली भाष्यानुवाद गरेर **सजिलै ब्रह्मज्ञान** भन्ने ग्रन्थको नामकरण भएको हो । यस कृतिमा दृश्य जगतमा मानवचोला पाएर जन्म, मृत्युको चक्करमा फस्नु हुँदैन, स्वस्वरूपको ज्ञान गर्नुपर्छ । 'अहं ब्रह्माऽस्मि' भन्ने भाव भएमा मात्र मुक्त हुन सकिन्छ । देह र गेह आदिको सम्बद्ध नराखी ब्रह्मबोध अथवा आत्मबोध गरी दुःखबाट निवृत्ति पाउनु पर्दछ । तिवारीले संस्कृत धार्मिक ग्रन्थहरूलाई नेपाली भाष्य छन्दमा लेखेर सरल, सहज पाराले उद्घोष गरेका छन् । ब्रह्म सत्य, जगत मिथ्या हो । जीव नै ब्रह्म हो भन्ने भनाई उनका कृतिले सङ्केत गरेको पाइन्छ । आत्मा भने पनि, जीव भने पनि, स्वस्वरूप भने पनि, ईश्वर, भगवान्, ब्रह्म जे भए पनि आफ्नै हो । आफैँ नै संसारमा लागे लागिन्छ । नलागेर अलग भए अलग भइन्छ । त्यसैले सबै कुरा छाडेर ब्रह्मको चिन्तन गरी मुक्त बन भन्ने यस ग्रन्थको आशय पनि हो । निरन्तर रूपले तन, मन र धनद्वारा धार्मिक कृत्यकर्मबाट अगाडि बढेर अध्यात्म क्षेत्रमा निरन्तर लाग्यो भने दुःखबाट निवृत्ति हुन सक्दछ । सरल, सहज एवं मार्मिक ढङ्गबाट कविता रचना गरी ब्रह्मबोध गराउने कृतिको रचना गरेका छन्, भाषा मिठो छ । शब्द, वाक्य र कथन ढाँचा पनि मधुरता भएको पाइन्छ । **सजिलै ब्रह्मज्ञान** कृति उपयुक्त स्थापित भएको पाइन्छ ।

## ४.२.८ उपदेशसार कृतिको अध्ययन

कोमलदत्त तिवारीको वि.सं. २०५६ सालमा प्रकाशित **उपदेशसार** नेपाली अनुवाद कृति महत्त्वपूर्ण कृति हो । यहाँ शीर्षक, विषयवस्तु, भाषाशैली आदिजस्ता तत्त्वका आधारमा उपदेशसार कृतिको अध्ययन गरिएको छ ।

---

[११४] कोमलदत्त तिवारी, **सजिलै ब्रह्मज्ञान,** पूर्ववत्, पृ. २० ।

### ४.२.८.१ शीर्षक

कृतिको मूल सार तत्त्वरूप शीर्षकमा हुन्छ । शीर्षकले नै कृतिभित्र जे छ भन्न सकिने सङ्केत पनि हुन्छ ।[११५] कुनै रचनाकृतिको मुख्य भागलाई शीर्षक भनिन्छ । भगवान् रमण महर्षिद्वारा रचिएको उपदेशसार ग्रन्थको नेपाली अनुवाद गरेर कोमलदत्त तिवारीले मानव कल्याण हेतु सन्देश दिन खोजेका छन् । उप+देश- उपदेश उपको अर्थ नजिक र देशको अर्थ स्थान हुन्छ । सारको अर्थ हो- निचोड, निष्कर्ष, मूलतत्त्व तर उपदेश सारको मुख्य अर्थ हो । ब्रह्मबोध सम्बन्धी ज्ञानको सारतत्त्वलाई उपदेश अर्थात् शिक्षा प्रदान गरेका छन् । आत्मबोध या ब्रह्मबोध सम्बन्धी उपयुक्त ज्ञान, अर्ति, शिक्षादीक्षा प्रदान गर्नु नै उपदेश र मुख्य कुरालाई पनि नछुटाइ निचोडमा दिने काम हो । जस्तो नाम छ, त्यस्तै गुण भएको यो कृति महत्त्वपूर्ण भएको देखिन्छ । शीर्षक हेर्दै समग्र शरीर तत्त्वको प्रतिनिधित्व भएको हुनुपर्ने भएकाले यो कृति शीर्षक अनुसारको विषयवस्तु र भाव पनि भएको देखिन्छ ।

### ४.२.८.२ विषयवस्तु

कविको कल्पना प्रधान चिन्तन नै काव्यको विषयवस्तु हो ।[११६] कविता रचनाका लागि चयन गरिएको विषयवस्तु नै कविताको मूल विषयवस्तु हो । विषयवस्तुको चयनमा सचेतता अपनाउनु पर्दछ । कवितालाई जीवन्त तुल्याउने माध्यम नै विषयवस्तु हो । जति विषयवस्तुमा ध्यान दिइन्छ त्यति नै सुन्दर हुन्छ । कवितामा विषयगत विविधता हुन्छ । कविलाई उत्प्रेरित गर्ने वस्तु नै काव्य विषय बन्नसक्ने भएकाले विषय पाउन सकिन्छ । ब्रह्माण्डभित्रका यावत् जेजति वस्तु छन्, ती सबै विषयवस्तु हुन्छ । कविले जस्तोसुकै विषय पनि रोज्न सक्दछ । विषयवस्तुलाई अनुभव र अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेषभाव अर्थ प्रदान गर्ने खालको विषयवस्तु हुनुपर्दछ ।[११७] उपदेशसार कृतिमा जीवको वास्तविक स्वरूप सच्चित हो तर यो सत् वस्तु व्यष्टि अर्थात् एक शरीर र मनका साथ तादात्म्यबाट जीव भनिन्छ । यो स्थूल शरीरलाई नै म सम्झनुको कारण जीव अल्पशक्तिभाव हुन जान्छ । किनभने कुनै पनि शरीरको शक्ति अल्प नै हुन सक्दछ । त्यसकारण एक मन अर्थात् एउटै मन सूक्ष्म शरीरका साथ तादात्म्य भएर त्यो अल्पज्ञ हुनजान्छ । कुनै पनि जीवको मन अथवा बुद्धिले ब्रह्माण्ड भन्न सक्दैन ।

---

[११५] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शव्दकोश,** पूर्ववत्, पृ. ७१६ ।
[११६] ईश्वरी गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।
[११७] कोमलदत्त तिवारी, **उपदेशसार,** काठमाडौं : निमर्ला खरेल, २०५६, पृ. ५४ ।

## ४.२.८.३ भाषाशैली

आफ्नो मनको भाव विचार व्यक्त गर्ने माध्यम नै भाषा हो । भाषाको माध्यमद्वारा नै अभिव्यक्ति हुने गर्दछ । लिखित वा मौखिक ढङ्ग-ढाँचा वा तौरतरिका नै शैली हो । भाषिक प्रयोग र शैलीमा कविको विजत्व झल्केको पाइन्छ ।[११८] कवितामा स्वभाविक रूपले विचार तत्त्व सघन हुने भएकोले भावलाई सम्प्रेषणीय बनाउन भाषा सहज र सरल हुन आवश्यक छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग भएको छ । सामान्य तथा विशिष्ट दुवै प्रकारका वाक्य गठन रहेको छ । उपदेशसार कृति संस्कृत वेदान्तको एउटा नेपाली अनुवाद कविले गरेका छन् । उनका नेपाली अनुवादका केही गद्यांश हेरौं :[११९]

"जसको मन नष्ट भइसक्यो यस्तो उत्कृष्ट योगिका निमित्त के कुनै (छैन) किनभने उसलाई स्वरूप स्थिति प्राप्त भइसकेको छ । जुन पुरुष केवल आसन प्राणायामादि गर्न जान्दछ त्यो वास्तविक योगी होइन अर्थात् त्यसलाई वास्तविक योगी भन्न सकिँदैन । भगवान् रमण महर्षि त्यस्ता पुरुषलाई उत्कष्ट योगी भन्नुहुन्छ जसले एक चिन्तनद्वारा अज्ञानलाई नष्ट गरेर आफ्नो स्वरूपलाई राम्रोसित जानीसकेको छ । स्वस्वरूपमा सम्यक स्थिति प्राप्त गरिसकेको छ । यस्तो योगीको कुनै कर्तव्य बाँकी रहँदैन । उपदेशसारमा कवि तिवारीले सरल भाषाशैलीमा संस्कृत श्लोकको बारेमा अनुवाद गरी प्रष्ट्याउने काम गरेका छन् । त्यसैले यो **उपदेशसार** कृति महत्त्वपूर्ण भएको देखिन्छ ।"

## ४.२.८.४ सारांश

कोमलदत्त तिवारीले २०५६ सालमा **उपदेशसार** कृति ब्रह्मबोध सम्बन्धी ज्ञानपरक कृतिको रूपमा रहेको पाइन्छ । संस्कृत ग्रन्थलाई नेपाली भाषामा अनुवाद गरेर सर्वसाधारण पाठकवर्गलाई समेत आकर्षण गराएको देखिन्छ । अत्यन्त महत्त्वपूर्ण रहेको यो कृति मानव वर्गलाई भौतिक बन्धनबाट अगाडि बढ्न प्रेरणा दिएको छ । सामाजिक सेवामा रहेर मानवहित र कल्याणका साथै अध्यात्म विद्याको अनुशरण गरी आफ्नो ब्रह्मनिष्ठामा सचेत हुन उपदेश दिइएको छ । वेद-वेदान्त र शास्त्रादिको मर्म र रहस्यलाई सारसङ्क्षेपमा वर्णन गरी भक्ति, ज्ञान र वैराग्यपरक कथन एवं अभिव्यक्ति दिएर जीवनको मूल्यलाई समेत सङ्केत गरेको छ । संसार एउटा नाट्यशाला हो । यहाँ हरेक प्राणी वा मानवजाति यहाँका

---

[११८] हिमांशु थापा, **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन, २०४२ ।
[११९] कोमलदत्त तिवारी, **उपदेशसार,** पूर्ववत्, पृ. ३३ ।

पात्र हुन् । यिनै प्राणीका माध्यमबाट नाटक सञ्चालन हुने गर्दछ । सञ्चालक परमात्मा हो । उसैले मानव कर्मको माध्यमबाट तत् तत् स्थान वा योनीमा प्राणीको जन्म हुन्छ र कर्मफल भोग्नुपर्ने कथन उपदेशसारको रहेको छ । आफूले आफैलाई चिन, तिमीभित्र नै आत्मास्वरूप परमात्मा छ । यम, नियम आदिका साधनका माध्यमबाट जीवभावबाट माथि उठी आत्मभाव उत्पन्न हुन्छ । जबसम्म आत्मबोध हुँदैन र म ब्रह्म हुँ, म नै अविनाशी हुँ, म बाहेक अरू केही छैन अर्थात् सर्वत्र ब्रह्ममय, ईश्वरमय देख्नु नै ज्ञानी पुरुषको स्वभाव, गुण हो । यहाँ तत्सम, तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने वाक्यगठन राम्रो देखिन्छ । सरल र सहज भाषाशैलीमा उपदेशसारको वर्णन गरेको पाइन्छ ।

### ४.२.९ दृग्दृश्य विवेक कृतिको अध्ययन

कोमलदत्त तिवारीको वि.सं. २०५९ मा प्रकाशित **दृग्दृश्य विवेक** चर्चित कृतिको रूपमा रहेको पाइन्छ । यहाँ शीर्षक, विषयवस्तु, भाषाशैली आदि तत्त्वहरूको आधारमा अध्ययन गरिएको छ ।

### ४.२.९.१ शीर्षक

कुनैरचना कृति आदिको प्रमुख नाम वा टाउकोलाई शीर्षक भनिन्छ । कुनै पनि रचनाको परिचय गराउने शब्द वा शब्दावली एवं नामलाई शीर्षक भनिन्छ । शीर्षक नै कृतिको सिङ्गो रूप हो । कृतिको सारतत्त्व शीर्षकमा नै हुन्छ । शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् ।[१२०] कविताभित्र अनेक रचना हुन्छन् । कविले ती रचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्दछ । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षकबीच अन्तःसङ्गति रहनु पर्दछ । शीर्षक अभिधात्मक वा प्रतिकात्मक हुन सक्दछ । विशेषीकृत शीर्षकले कविका अन्तर्बाह्य संरचना र केन्द्रीय कथ्यलाई बहन गर्दछ भने सामान्यीकृत शीर्षकले यी सबै विषय समेट्न सक्दैन । शीर्षक र केन्द्रीय कथ्यका रूपमा बाहिरी र आन्तरिक सङ्गति भने हुनै पर्दछ । **दृग्दृश्य विवेक** ग्रन्थ तिवारीको अत्यन्त नाम अनुसारको गुण भएकोले शीर्षक उपयुक्त छ ।

---

[१२०] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।

### ४.२.९.२ विषयवस्तु

रचनाका लागि चयन गरिएको विचार वा वस्तु नै विषयवस्तु हो । जीवन र जगतका घटना, पात्र, परिवेश आदि तत्त्व नै विषयवस्तुका रूपमा लिन सकिन्छ । रचनाका लागि चयन गरिएको भावभूमि नै विषयवस्तु हो । कविले जीवन जगतका मानवीय स्वभाव, धर्म, संस्कृति, आफ्नो अनुभव आदिलाई विषयवस्तुका रूपमा लिएको पाइन्छ । विषयवस्तु चयन गर्दा विशेष गरेर सचेतता अपनाउनु पर्दछ । घटना प्रधान वा कल्पना प्रधान दुई किसिमका विषयवस्तु हुन्छन् ।[१२१] काव्य रचनाका निम्ति छनोट गरिएको वस्तु चयनलाई कविताकाव्यको विषयवस्तुका रूपमा लिन सकिन्छ ।[१२२] विषयवस्तुका आधारमा लेखकले आवश्यकता अनुसार घटना, पात्र, परिवेश आदि तत्त्वलाई समावेश गरी कृति रचना गर्ने हुनाले कुनै पनि कृतिको मूल आधार विषयवस्तु हुन जान्छ । कुनै पनि कृति वा रचना लेखिँदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ । कुनै ग्रन्थ आदि लेख, रचनाहरूमा प्रतिपादन गरिने वा गरिएको विचार कथानक आदिलाई विषयवस्तु भनिन्छ । तिवारीले **दृग्दृश्य विवेक** कृतिमा आफ्ना भाव कवितांश मार्फत निम्नानुसार व्यक्त गरेका छन् ।

निद्रा परेपछि अहंकृति लुप्त हुन्छ
यो देह नै पनि अचेतन झैँ रहन्छ ।
स्वप्ना र जाग्रत दुवै स्थितिमा विकास
गर्ला अहंकृति अपूर्ण र पूर्ण खास ॥[१२३]

(**दृग्दृश्य विवेक,** श्लोक-१०, पृ. २७)

### ४.२.९.३ भाषाशैली

भाव अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । कुनै काम गर्ने विशेष प्रकारको प्रणाली, पद्धति, काम गराइको ढाँचा, परिपाटी, घोर द्वन्द्व आदिलाई शैली भनिन्छ । शैली एक साधनमात्र हो तापनि भाषा र शैली बिच घनिष्ट

[१२१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. २० ।
[१२२] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** पूर्ववत्, पृ. ६९६ ।
[१२३] कोमलदत्त तिवारी, **दृग्दृश्य विवेक,** काठमाडौं : रमादेवी तिवारी, २०५९, पृ. २७ ।

सम्बन्ध छ । भाषिक सुन्दरता, सशक्तता, साहित्यिक उच्चता साहित्यकारको योग्यताबाट शैलीको जन्म हुन्छ । प्रस्तुत गर्ने माध्यम भाषा भएकाले सरल, सहज र कथ्यको नजिक हुनु आवश्यक छ, कवितालाई विशिष्ट तुल्याउन शैलीको आवश्यकता पर्दछ ।[१२४] व्यक्तिको आफ्नो भाव वा विचार व्यक्त गर्ने माध्यम नै भाषा हो र भाषाको माध्यमद्वारा विभिन्न भाव विचार अभिव्यक्त गर्ने ढङ्ग र विधि शैली हो । भाषाले अभिव्यक्तिलाई सशक्त बनाउँदछ । शैलीले चाहिँ भाषालाई सुन्दर बनाउँदछ । शैली कृतिकारको व्यक्तित्वको परिचायक भएकाले शैली व्यक्तिपिच्छे फरक हुने गर्दछ । शैलीले सामान्य भाषामा अतिक्रमण गरी विशिष्टता प्रदान गर्दछ भने शैली सौन्दर्यबोधक तत्त्व र विशिष्ट रचना हो भन्न सकिन्छ । कोमलदत्त तिवारीले **दृग्दृश्य विवेक** कृतिमा सरल, सहज एवं माधुर्य शैलीको प्रयोग गरी भाष्यानुवाद गरेका छन् । उनका भाषशैलीका कवितांश हेरौं :

चैतन्य बिम्बसित बुद्धि प्रकाश हुन्छ
त्यो बुद्धिमा पनि दुई थरि भाव बन्छ ।
यौटा अहंकृति छ जो ममभाव गर्ने
अर्को छ अन्तःकरणादिक रूप छर्ने ।[१२५] (**दृग्दृश्य विवेक,** अध्याय-६, पृ. २०)

### ४.२.९.४ सारांश

कोमलदत्त तिवारीले २०५९ सालमा **दृग्दृश्य विवेक** कृति आत्मबोधपरक कृतिको रूपमा रहेको पाइन्छ । यस कृति ३१ श्लोकले युक्त भएको कृति हो । आद्यजगतगुरु शंकराचार्यकृत् ग्रन्थलाई नेपाली भाष्यानुवाद गरी सरल पद्य भाषामा र सरल भावार्थमा उल्लेख गरेर ज्ञानी र अज्ञानी दुवैथरीका मानवलाई हेर्ने दृष्टि र तिनको अवस्थाको पनि चर्चा गरिएको छ । ज्ञानीजन ब्रह्ममय चराचर जगतलाई हेर्दछ भने अज्ञानीजन भौतिक दुःख र दुःखमा दुःखी र सुखी भई देह र गेहको बन्धनमा फँसेर प्रवृत्तिमार्गमा संलग्न हुन्छ तर ज्ञानी पुरुष सबै कुराबाट अलग रहेर ब्रह्मचिन्तन र हरिभजन वा नामसंकीर्तन सर्वोपरी ठानेर सत्यपरायण भई समाधि अवस्थामा पुगेर मोक्ष गतिको भागी बन्दछ । इन्द्रिय र अन्तःकरणका वृत्तिहरूमा नलागि आफू स्वयं चैतन्य साक्षी भएर बस्यो भने मात्र ज्ञानको पराकाष्ठामा पुग्न सकिन्छ ।

---

[१२४] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** पूर्ववत्, पृ. २३ ।
[१२५] कोमलदत्त तिवारी, **दृग्दृश्य विवेक,** पूर्ववत्, पृ. १५ ।

आफूले आफैँलाई असङ्ग, सच्चिदानन्द, स्वप्रकाश, द्वैत बर्जित ब्रह्म म नै हुँ भन्ने यस प्रकारको अनुसन्धान गर्नु नै शब्दानुविद् सविकल्प समाधिको रूपमा यस कृतिको अर्थात् **दृग्दृश्य विवेक** ग्रन्थको आशय रहेको छ । म शुद्ध, बुद्ध मुक्त छु भन्ने अभिव्यक्ति वा कथन पनि यसको मूल विशेषता हो । दृश्य जगत नाशवान् छ, आफ्नो शरीर पनि नाशवान् छ । वस्तु पदार्थ सबै नाशवान् छन् । सांसारिक आसक्तबाट पृथक् रही शान्त, एकान्त र धैर्यपूर्वक स्वस्वरूपमा स्थित हुनुपर्ने कृतिकारको सन्देश हो ।

## ४.२.१० श्रीरामगीताको अध्ययन

कोमलदत्त तिवारीको वि.सं. २०५० मा प्रकाशित **श्रीरामगीता** चर्चित कृतिको रूपमा रहेको छ । यहाँ शीर्षक, विषयवस्तु, भाषाशैली जस्ता तत्त्वका आधारमा कृतिको अध्ययन गरिएको छ ।

### ४.२.१०.१ शीर्षक

शीर्षक एक प्रकारको दैलो वा ढोका हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कृतिको प्रवेशद्वारको रूपमा शीर्षकलाई लिन सकिन्छ । यसलाई चूरो वा गुदी पनि भन्न सकिन्छ ।[१२६] शीर्षक भन्नाले लेख, रचना, ग्रन्थ आदिको नामलाई जनाउँदछ ।[१२७] कुनै रचना कृति आदिको नाम वा टाउकोलाई शीर्षक भनिन्छ । शीर्षक कविता कृतिको नाम नभएर कृतिका सारभूत भाव वा विचारको सूचक सङ्केत अथवा उद्घाटन समेत हुनु पर्दछ । कृतिमा वर्णन भएको विषय शीर्षकबीच अन्तःसङ्गति रहनु पर्दछ । शीर्षक अभिधात्मक वा प्रतिकात्मक हुन सक्दछ । **श्रीरामगीता**मा ब्रह्माले नारदलाई र भगवान् शिवले पार्वतीलाई सुनाएको गीता श्रीरामले भाइ लक्ष्मणलाई दिएको ज्ञान उपदेश हो । जुन रामगीता जानेपछि अन्तकरण शुद्ध हुन्छ । गीतारूपी अमृतपान गरेपछि अमरत्व प्राप्त हुन्छ । यो गीता वेदान्तपरक ज्ञानको पराकाष्ठा भएको उत्तम ज्ञान यस कृतिमा रहेको पाइन्छ । **श्रीरामगीता** महत्त्वपूर्ण कृति भएको, नाम अनुसारको गुण पनि यसमा रहेको छ । गुण अनुरूप शीर्षक रहेको छ ।

---

[१२६] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश,** पूर्ववत्, पृ. ९४२ ।
[१२७] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त कोश,** पूर्ववत्, पृ. ७१३ ।

### ४.२.१०.२ विषयवस्तु

रचना निर्माण गर्नका निम्ति चयन गरिएको सामग्री नै विषयवस्तु मान्न सकिन्छ । जीवन र जगत, सजीव या निर्जीव सबै वस्तु अथवा मानवजाति सम्पूर्ण चिजहरू विषयवस्तुका रूपमा लिन सकिन्छ । कवितामा विषयगत विविधता हुन्छ । कविले सत्य, सत्यांश वा सत्याभास विषय चयन गरी कविता रचना गर्न सक्दछ । सत्य घटनाका आधारमा वा काल्पनिक घटनाका आधारमा विषयवस्तु निर्माण गर्न सकिन्छ ।[१२८] कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्डभित्रको यावत् वस्तु, मानवीय स्वभाव, प्रवृत्ति, प्राकृतिक वस्तु, धर्म संस्कार, संस्कृति, देश, समाज, राजनीति र जीवन भोगाइ, हेराइका अनेक पक्ष, विपक्षसँग सम्बद्ध हुने गर्दछ । कविले जस्तोसुकै विषयवस्तु छनोट गर्न स्वतन्त्र हुने गर्दछ । कोमलदत्त तिवारीले **श्रीरामगीता**को भाष्यानुवादमा आफ्ना भावलाई कवितांशबाट यसरी प्रस्तुत गरेका छन्-

मै हूँ जगत भनि जहाँ तक ज्ञान हुन्न
गर्नू ममा अटुट भक्ति रही प्रसन्न ।
श्रद्धा र भक्तिसित जो दृढ भै रहन्छ
मेरो अहर्निश उसैसित साथ हुन्छ ।[१२९] (**श्रीरामगीता,** श्लोक-५८, पृ. ५९)

### ४.२.१०.३ भाषाशैली

आफ्नो मनको कुरा अरूलाई दिनेलिने माध्यम नै भाषा हो । भाषाबिना भाव व्यक्त गर्न सकिँदैन । तसर्थः भाषा आवश्यक हुन्छ । भाषा सामान्य र विशिष्ट दुई प्रकारको हुने गर्दछ । साहित्यमा दुवै प्रकारको भाषाको प्रयोग भएको पाइन्छ । कथनगत पद्धतिलाई शैली मानिन्छ । भाषा प्रयोग गर्ने तरिका नै शैली हो । ललित, रागात्मक, व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सृजित हुने कुरा नै कविताको भाषाशैली हो ।[१३०] कोमलदत्त तिवारीले **श्रीरामगीता**मा भाष्यानुवादका माध्यमबाट पद्यात्मक भाव व्यक्त गरेका भाषाशैलीलाई हेरौं :

श्रीपार्वतीका नजिकमा जगदीश आई
श्रीराम लक्ष्मण कथा निजमा सुनाई ।

---

[१२८] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** पूर्ववत्, पृ. ३३४ ।
[१२९] कोमलदत्त तिवारी, **श्रीरामगीता,** काठमाडौं : रमादेवी तिवारी, २०५०, पृ. ५९ ।
[१३०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १९ ।

विस्तारपूर्वक बताउनु हुन्छ सारा
कल्याण होस् जगतको भक्ति ज्ञानद्वारा ॥[१३१] (**श्रीरामगीता,** मंगलाचरण)

### ४.२.१०.४ सारांश

कोमलदत्त तिवारीद्वारा २०५० सालमा **श्रीरामगीता**को पद्यानुवाद रचित कृति अद्वैतपरक र वेदान्तपरक कृतिको रूपमा रहेको पाइन्छ । यस कृतिमा ६२ श्लोक भएको र उपनिषद्रूपी समुद्रमन्थन गरेर स्वयं श्रीरामचन्द्रले अमृत स्वरूप ज्ञान झिकेर भाइ लक्ष्मणलाई दिएको प्रसङ्ग रहेको छ । ब्रह्माले नारदलाई र शिवले पार्वतीलाई श्रवण गराएको कथन **श्रीरामगीता** उल्लेख छ । तिवारीले नेपाली भाष्यानुवाद गरी अर्थात् भाष्यछन्दमा उल्लेख गरेर रामगीताको रहस्यलाई मार्मिक ढङ्गले वर्णन गरेका छन् । आध्यात्मिक भावले युक्त भएको यो कृति महत्त्वपूर्ण छ । संसारमा जे जति कुरा देखिन्छ त्यो सब माया वा प्रकृति हो । त्यसलाई आफ्नो मन चित्तबाट निकालेर मेरै भावना लिएर मनन र चिन्तन गरेर शुद्ध चित्त, सुखी एवं क्लेश रहित भई आनन्दपूर्ण जीवन व्यतीत गर्नुपर्छ । जाग्रत, स्वप्न र सुसुप्ति अवस्थात्रयको साक्षी परमात्मालाई निरन्तर भज्नु पर्दछ भन्ने प्रसङ्ग भएको यो कृति महत्त्वपूर्ण छ । यस कृतिमा सरल र सहज एवं भाषिक शैली पनि उपयुक्त देखिन्छ । **रामगीता** रामकै मुखारविन्दबाट गाइएको गीत भएको र सांसारिक प्राणीको उद्धार गर्न लक्ष्मणलाई ज्ञानोपदेश दिएको छ । भक्ति, ज्ञान र वैराग्यले युक्त भएर परमात्माप्रति विशेष दत्तचित्त भएर एकाग्र भई शान्त रूपले ध्यान, मनन्, चिन्तन गरेमा आत्मबोध हुने आशय रहेको छ । त्यसैले यो **श्रीरामगीता** उपयुक्त कृतिको रूपमा स्थापित छ । यसले मानव कल्याणार्थ प्रस्तुत भएको ज्ञानपरक एवं वेदान्त परक भएको पाइन्छ ।

### ४.२.११ अष्टावक्रगीता कृतिको अध्ययन

कोमलदत्त तिवारीले वि.सं. २०६० मा प्रकाशित गरेको **अष्टवक्रगीता** चर्चित कृतिको रूपमा रहेको छ । यहाँ शीर्षक, विषयवस्तु, भाषाशैली जस्ता तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

---

[१३१] कोमलदत्त तिवारी, **श्रीरामगीता,** पूर्ववत्, पृ. ७ ।

## ४.२.११.१ शीर्षक

कृतिको मूल भाग नै शीर्षक हो । शीर्षकले नै कृतिको परिचय दिएको हुन्छ । कृतिभित्र के छ भन्ने सङ्केत शीर्षकबाट पनि केही जानकारी हुन्छ । त्यसैले शीर्षक टाउको हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि कृतिको प्रमुख अङ्ग वा शीर भाग नै शीर्षक हो । शीर्षकको आधारमा त्यसभित्रको विषयवस्तुको सङ्केत पनि परिचित छ ।[१३२] कुनै पनि रचनाकृति आदिको प्रमुख नाम वा टाउकोलाई शीर्षक भनिन्छ ।[१३३] शीर्षक कविताकृतिको नाम नभएर कृतिका सारभूत भाव या विचारको सूचक सङ्केत अथवा उद्घाटक समेत हुनुपर्दछ । कृतिमा वर्णन भएको विषय र शीर्षकबीच अन्तःसङ्गति रहनु पर्छ । शीर्षक अभिधात्मक वा प्रतिकात्मक हुन सक्दछ । कृतिको नामलाई शीर्षक भनिन्छ र यो कृतिभित्र प्रवेश गर्ने दैलो पनि हो । कृतिभित्र प्रयुक्त विषय वा प्रमुख पात्रसँग यसको सम्बन्ध कुनै न कुनै प्रकारले रहेकै हुन्छ । कृतिभित्र अनेक संरचना हुन्छन्, कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्दछ । **अष्टावक्रगीता** पुराणमा वर्णित अष्टवक्रमुनि र जनकराजा बीचको संवाद रहेको कृति हो । अष्टावक्रले जनक राजालाई ज्ञान दिएको सर्वोत्कृष्ट वेदान्तपरक ब्रह्मबोध सम्बन्धी रहेको छ । अष्टावक्रमुनि आठ ठाउँमा बाङ्गिएका, अपाङ्ग, विकलाङ्ग भएका व्यक्ति मानिन्छन् । शारीरिक रूपले विकलाङ्ग भए पनि आन्तरिक रूपमा ज्ञानवान् विद्वान् र महापुरुष हुन् । यो उपयुक्त कृति रहेको पाइन्छ । यस शीर्षकको अर्थ नै आठ स्थानमा बाङ्गिएको पुरुष भनिएको हो ।

## ४.२.११.२ विषयवस्तु

कृति निर्माण गर्नका लागि चयन गरिएको सामग्री नै विषयवस्तु हो । काव्य रचनाका निम्ति छनोट गरिएको वस्तु चयनलाई कविताकाव्य विषयवस्तुका रूपमा लिन सकिन्छ । कुनै पनि कृति वा रचना लेखिँदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ ।[१३४] मानव चेतनाको अनुभव इतिहास दर्शन र ज्ञानविज्ञानादिका साथै मानव मनभित्रका समस्त अनुभव र व्यापारको समग्र प्रकाशन कविताको विषयवस्तुमा पर्न सक्दछन् । कुनै पनि काव्य कविता रचनार्थ छनोट गरिएको

[१३२] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त कोश,** पूर्ववत्, पृ. ७१३ ।
[१३३] वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर** (दो.सं.), पूर्ववत्, पृ. १२४९ ।
[१३४] कृष्णहरि बराल र अन्य, **साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** पूर्ववत्, पृ. २३१ ।

वस्तु चयनलाई नै मुख्य रूपमा कविता काव्यको विषयवस्तुका रूपमा लिइन्छ । विषयवस्तुका आधारमा लेखकले आवश्यकता अनुसार घटना, पात्र, परिवेश आदि तत्त्वलाई समावेश गरी कृति रचना गर्ने हुनाले कुनै पनि कृतिको मूल आधार विषयवस्तु हुन जान्छ । कोमलदत्त तिवारीले **अष्टावक्रगीता**मा ब्रह्मज्ञान सम्बन्धी अमृतवचन भाष्यछन्दका माध्यमबाट अष्टावक्रमुनीले जनक राजालाई दिएका अर्ति उपदेशको सन्दर्भमा कविता निम्नानुसार रहेका छन्-

ज्ञाता र ज्ञेय अनि ज्ञान सबै कुरा ती
क्यै हैन वास्तव त हुन् भ्रमका प्रतीति ।
मायादिले रहित चेतन आत्म मै छु
मै हूँ निरञ्जन सदा सुखरूपको छु ॥

(**अष्टावक्रगीता,** दोस्रो प्रकरण, श्लोक-१५, पृ. २०)

फोका तरङ्गहरू सागरका जति छन्
आखिरमा सब त्यसैसित लीन हुन्छन् ।
सङ्कल्पबाट मनको भव सृष्टि हुन्छ
चित्तादिको लय गरे सब नासिइन्छ ॥

(**अष्टावक्रगीता,** पाँचौं प्रकरण, श्लोक-२, पृ. ३७)

संसारकल्पित छ केवल भ्रान्ति जो छ
सत्ता न ता छन् त वास्तव सत्य यो छ ।
जानेर तथ्य सब यी दृढ जो ठहर्छ
निर्वासनी छन भने सुख प्राप्ति गर्छ ॥[१३५]

(**अष्टावक्रगीता,** पन्ध्रौं प्रकरण, श्लोक-१७, पृ. ७५)

## ४.२.११.३ भाषाशैली

मनको भाव व्यक्त गर्ने माध्यम भाषा हो । भाषाले अभिव्यक्तिलाई सशक्त बनाउँदछ । शैलीले भाषालाई सुन्दर बनाउँदछ । त्यसैले भाषा र शैली परिपूरक हुन् । कवितालाई साकार र मूर्त रूप तुल्याउने साधन भाषा नै हो र यसको प्रयोगगत

[१३५] कोमलदत्त तिवारी, **अष्टावक्रगीता,** ललितपुर : साझा प्रकाशन, २०६०, पृ. ७५ ।

विविधताका आधारमा विधागत विभेदता जन्मन्छ ।[१३६] कोमलदत्त तिवारीले **अष्टावक्रगीता**मा प्रस्तुत गरेको भाषाशैलीको कवितांश यसप्रकार रहेको छ -

पूर्णात्म ज्ञान छ ममा मनका विकार
सारा छुटेर म भए अब निर्विकार ।
विज्ञानशास्त्र विषयी सब चोर दागी
मित्रादिले रहित वास्तव छु विरागी ॥[१३७] (**अष्टावक्रगीता,** श्लोक-२, पृ. ६७)

## ४.२.११.४ सारांश

कोमलदत्त तिवारीले २०६० सालमा **अष्टावक्रगीता** कृति प्रकाशित गरी ज्ञानको वर्षा गरेका छन् । सरल नेपाली भाष्य छन्दमा अनुवाद गरेर धेरै जनमानसलाई लाभान्वित गराउने काम गरेका छन् । यस कृतिमा राजा जनकले आयोजना गरेको सभामा विद्वान्हरू उपस्थित भएका र राजाले गद्दिमा बसेको बेला सपना देखेको र आफू कुकुर भएर पात चाट्दै हिँडेको, ढुङ्गा र लट्ठीको पिटाइ खाएको देखेर त्यो साँचो हो कि यो साँचो हो, राजालाई शङ्का लागेर अथवा भ्रम भएर सभा डाकी विद्वान्सँग प्रश्न गरेका छन् । उत्तर दिएमा धन, गाई, सुन दिने तर दिन नसकेकोमा जेल हाल्ने घोषणा अनुसार धेरै नै विद्वान्हरू थुनिएका र अष्टावक्रमुनिका पिता पनि थुनिएका तर आठ ठाउँमा भाँचिएका मुनि आएर उपस्थित हुँदा सबैले उपहास गरे । चमारको सङ्ज्ञा मुनिले दिए । उत्तर पाउने आशा जनकमा भएको र उनले त्यो पनि झुटा, यो पनि झुटा हो भनेर भनेपछि राजालाई विश्वास भयो र जनक शिष्य बने, अष्टावक्र गुरु भए । यिनै प्रसङ्ग भएको र ज्ञानको अमृत वर्षा अष्टाबक्रले जनकलाई दिएको कथन छ र यो ग्रन्थ वेदान्तपरक, ब्रह्मविद्याले युक्त भएको उच्च ग्रन्थको रूपमा लिइएको पाइन्छ । यसैको श्रावण, मनन र निदिध्यासन गरेर अगाडि बढ्न सके मोक्ष पद सहजै प्राप्त हुन सक्दछ । अत्यन्त महत्त्वपूर्ण कृति यो रहेको पाइन्छ । यसलाई निरन्तर सेवन गर्न योग्य छ ।

## ४.३ कृतित्वको सारांश

यस परिच्छेदमा कोमलदत्त तिवारीको कृतित्त्वको अध्ययन गरिएको छ । बाल्यकाल देखि कविता लेखन क्षेत्रमा फुटकर कविता कोर्ने बानी रहेको पाइन्छ । २०१९ सालदेखि

---

[१३६] खगेन्द्रप्रसाद लुइटेल, *ध्वनि र आलेख*, **गरिमा,** वर्ष १४, पूर्णाङ्क १५९, २०५२ फागुन, पृ. १२४ ।
[१३७] कोमलदत्त तिवारी, **अष्टावक्रगीता,** पूर्ववत्, पृ. ६७ ।

२०६६ सालसम्म केही न केही लेखेर प्रकाशन गर्ने तिवारीका कृतिहरू १४ वटा कृति रहेका छन् । नेपाली भाष्य छन्दमा रचित कृतिहरू धेरै छन् । ती कृतिहरूमा कतिपय भाषानुवाद गरेका कृतिहरू रहेका छन् । सर्वप्रथम तिवारीले नाट्य विधामा कलम चलाएका छन् वि.सं. २०१९ सालमा **शिक्षाको महत्त्व** नाटक लेखेर शैक्षिक चेतना जगाउने काम गरेका छन् । दोस्रो कृति २०४७ सालमा **ज्ञानोपदेश** कृति लेखेर धार्मिक उपदेश एवं असल ज्ञान र सत्यबोधको उद्घोष गरेका छन् । तेस्रो कृति **श्रीरामगीता** भाष्यछन्दमा टीका सहित २०५० सालमा लेखी वेदान्त परक रामको मुखबाट लक्ष्मणलाई दिएको कथन छ । २०५१ सालमा प्रकाशित कृति **तत्त्वदर्पण** उपलब्ध भएको छैन । **ज्ञानमाधुरी** पद्यमा लेखेर २०५४ सालमा प्रकाशित भएको छ र ज्ञानलाई नै प्राथमिकता दिएर ब्रह्मबोध गर्नुपर्ने सन्देश मूलक कथन रहेको छ । **उपदेशसार** नेपालीमा अनुवाद गरेर वि.सं. २०५६ साल प्रकाशन भएको कृति भौतिक प्रपञ्चबाट मुक्त भई ईश्वरीय चिन्तन भगवत् प्रेममा अनुराग हुनुपर्ने **उपदेशसार**को अभिव्यक्ति रहेको छ । **अवधूतगीता** २०५० सालमा लेखिएको र कृति लेखे बमोजिम उत्कृष्ट कृति संरचना भई मूल्याङ्कन भए बमोजिम गुणराज स्मृति पुरस्कार प्राप्त भएको पाइन्छ । त्यसैगरी **सजिलै ब्रह्मज्ञान** (भाष्यछन्द र टीका) २०५८ सालमा लेखिएको सहज तरिकाले ब्रह्मज्ञान गर्न सकिने साधन युक्त ग्रन्थ भएको देखिन्छ । वि.सं. २०५९ सालमा लेखिएको **दृग्दृश्य विवेक** कृति जगत मिथ्या भएको र सत् चित् आनन्द स्वरूपको चिन्तनद्वारा आत्मज्ञान गर्नुपर्ने कथन रहेको छ । **मनको निवेदन** २०५९ साल मा प्रकाशमा आएको र **बुद्धि विनोद**को प्रति उत्तरमा मानव देह र गेह प्रतिको मोह त्याग्ने सन्देश रहेको छ । वि.सं. २०६० साल लेखिएको यो कृति **अष्टावक्र गीता** हो । यसमा अद्वैत वेदान्त दर्शनको कथन रहेको पाइन्छ । वि.सं. २०६१ सालमा लेखिएको तर हाल सो कृति आफूसँग नभएको ग्रन्थ **स्तोत्रसार** सङ्ग्रह **श्रीमद्भगवद्गीता** २०६४ सालमा लेखिएको कृति हो । यसमा भक्ति, ज्ञान र वैराग्य युक्त भई जीव र ब्रह्मको एकीभूत भएमा मात्र मानव मुक्त हुने सन्देश रहेको छ । २०६६ सालमा प्रकाशित **आफ्नो स्थिति आफै ठम्याऊँ** कृतिले ज्ञानका सात भूमिकाको बारेमा सन्देश दिएको छ । तिवारीका जे जति कृतिहरू छन् । **शिक्षाको महत्त्व** नाटक बाहेकका कृतिहरूले अध्यात्म दर्शनको महत्त्वलाई दर्शाएका छन् । परोपकार, भलाइ, सहयोग र सेवा गरेर जीवनलाई साधनारत राखी र ईश्वरको भजन गर्दै अनाशक्त भएर, आत्मबोध गर्नुपर्ने कथन कृतिहरूको रहेको छ ।

कोमलदत्त तिवारीका रचनाहरूको कालक्रमिक विवरण तिवारीले २०१९ सालदेखि **शिक्षाको महत्त्व** सामाजिक नाटक लेखेर साहित्य क्षेत्रमा प्रवेश गरेका तिवारीको कृतिहरूको

अध्ययन परिच्छेद-४ मा गरिएको छ । उनका फुटकर कविताहरू पनि रहेका छन् । नेपाली भाषा साहित्यमा पद्य रचना गरेर मानव सेवाका लागि योगदान दिएका छन् । अनवरत रूपमा कृति रचना गरेर उपयुक्त सन्देश दिएका छन् । ती रचना गरिएको कृतिहरूको कालक्रमिक विवरण निम्न अनुसार रहेको देखिन्छ ।

**कोमलदत्त तिवारीका रचनाहरूको कालक्रमिक विवरण**

| क.सं. | कृतिहरूको नाम | मिति |
|---|---|---|
| १ | शिक्षाको महत्त्व (सामाजिक नाटक) | २०१९ |
| २ | ज्ञानोपदेश | २०४० |
| ३ | श्रीरामगीता | २०५० |
| ४ | तत्त्वदर्पण | २०५१ |
| ५ | ज्ञानमाधुरी | २०५४ |
| ६ | उपदेशसार | २०५६ |
| ७ | अवधूत गीता | २०४७ |
| ८ | सजिलै ब्रह्मज्ञान | २०५८ |
| ९ | दृग्दृश्य विवेक | २०५९ |
| १० | मनको निवेदन | २०५९ |
| ११ | अष्टाबक्रगीता | २०६० |
| १२ | स्त्रोत्रसार संग्रह | २०६१ |
| १३ | श्रीमद्भगवद्गीता | २०६४ |
| १४ | आफ्नो स्थिति आफै ठम्याऊँ | २०६६ |

# परिच्छेद : पाँच

# उपसंहार

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा **कोमलदत्त तिवारीको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन**को सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन विश्लेषण परिच्छेदगत सारांश समग्ररूपले निष्कर्ष दिइ संक्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा कोमलदत्त तिवारीको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षक, शोधपत्रको विषय, परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोध प्रयोजन, विषय परिचय, शोध समस्या, शोध कार्यको उद्देश्य पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व शोधपत्रको क्षेत्र र सीमा शोध विधि र सामग्री सङ्कलन पद्धति, सैद्धान्तिक ढाँचा र शोध पत्रको रूपरेखा समेत उल्लेख गरिएको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा कोमलदत्त तिवारीको जीवनी परिचय अन्तर्गत पृष्ठभूमि, वंशपरम्परा र जन्म बाल्यकाल र शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति आर्थिक अवस्था र पेशा सेवा दिनचर्या धार्मिक अवस्था, रुचि तथा स्वभाव, भ्रमण वैयक्ति जीवनका विशेष घटना सन्दर्भ मान पदवी तथा पुरस्कार, सङ्घ संस्थासँगको आवद्धता र निष्कर्ष दिइएको छ ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा कोमलदत्त तिवारीको व्यक्तित्व, पृष्ठभूमि, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक, कवि, साहित्येतर एवं समाजसेवी, लेखकीय महत्त्वपूर्ण व्यक्तित्वको चर्चाको सन्दर्भलाई लिएर यस शीर्षकमा प्रस्तुत गरी निष्कर्ष गरिएको छ ।

## ५.५ चौँथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा कोमलदत्त तिवारीको साहित्ययात्रा र विशिष्ट कृतिहरूको अध्ययन नेपाली साहित्यमा कोमलदत्त तिवारीको आगमन र उनको साहित्य यात्रा लेखनका लागि प्रेरणा र प्रभाव साहित्यिक प्रवृत्ति समष्टि प्रवृत्ति एवं योग हान पुस्तकाकार कृतिको अध्ययनका साथै अध्ययनका क्रममा शीर्षक, संरचना, विषयवस्तु, भाव विधान, भाषा शैली, जीवनदृष्टि, लय विधान, दृष्टिबिन्दु, छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीकको छुट्टाछुट्टै अध्ययन समग्र रूपले प्राप्त सम्पूर्ण कृतिहरूको अध्ययन गर्नुका साथै विवरण कालक्रमिक तालिका पनि उल्लेख गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष

कोमलदत्त तिवारीका पुर्खाहरू भारतकै कुमाउ गढवाल क्षेत्रबाट नेपाल प्रवेश गरेका हुन् भन्ने तथ्य छ । तिनैका वंशज हाल गण्डकी अञ्चल तनहुँ जिल्ला, चैनडाँडा, सतिस्वाँरा गा.वि.स.मा बसोबास गर्दै आएका हुन् र षडानन्द तिवारीकी धर्मपत्नी गौरादेवी तिवारीका सुपुत्र कोमलदत्त तिवारी हुन् । तीन दाजु, भाइ र दुई दिदीबहिनीमध्ये आफू दोस्रो भाइको रूपमा भएको जानकारी पाइन्छ । सानै उमेरदेखि सेवा, सहयोग, परोपकार, भलाई, हित एवं सहानुभूति राख्ने तिवारी सामाजिक क्रियाकलापमा पनि क्रियाशील व्यक्ति हुन् ।

मानव भएर मानवीय गुण हुनुपर्छ । मानव सेवामा संलग्न, सकारात्मक भावले युक्त, अत्यन्त ज्ञानवान्, निष्ठा, प्रेम, भगवद्भक्ति, वेदान्तवादी, अध्यात्मवादी गुण रहेको देखिन्छ । साहित्य लेखनमा कोमलदत्त तिवारीको सर्वप्रथम २०१९ सालमा **शिक्षाको महत्त्व** सामाजिक नाटक लेखेर शैक्षिक जागरणको शङ्खघोष गरेपछि **ज्ञानोपदेश** (पद्यमा २०४७), **श्रीरामगीता** (भाषाछन्द टीकासहित २०५०), **तत्त्वदर्पण** (पद्यमा टीकासहित २०५१), **ज्ञानमाधुरी** (पद्यमा २०५४), **उपदेशसार** (नेपाली अनुवाद २०५६), **अबधूत गीता** (नेपाली भाषा छन्द एवं टीकासहित २०५७), **सजिलै ब्रह्मज्ञान** (भाषाछन्द र टीका २०५८), **दृग्दृश्य विवेक** (नेपाली भाषाछन्द र टीका २०५९), **मनको निवेदन** (पद्यमा २०५९), **अष्टाबक्र गीता** (भाषाछन्द एवम् टीकासहित २०६०), **स्तोत्रसार** (संङ्ग्रह अनुवाद २०६१), **श्रीमद्भागवद्गीता** (भाषाछन्द र टीकासहित २०६४), **आफ्नो स्थिति आफैं ठम्याउँ** (२०६६) जस्ता उनका पद्य रचना तथा भाष्य छन्द एवं अनुवाद कृतिहरूले सामाजिक चेतना, अध्यात्म चेतना, मानवीय मूल्य र मान्यताको पहिचान, भौतिक प्रपञ्चबाट विरक्ति भई मोक्ष साधना स्वरूप ग्राह्य ग्रन्थहरूका

रूपमा देखिएका छन् । कोमलदत्त तिवारीको औपचारिक शैक्षिक योग्यता मध्यमासम्म भए तापनि अनौपचारिक रूपले स्वाध्यायन गरेर सक्षम पनि देखिन्छन् ।

उनीमा साधुताका गुण, कर्तव्य परायण, नैतिकता, चरित्रवान् विभिन्न सङ्घ संस्थामा सेवारत रही सेवा निवृत्त भएका तिवारी साहित्यकार, कवि, लेखक, नाट्यकारका रूपमा परिचित छन् । उन्नति, प्रगतिको निम्ति अग्रसर हुने भौतिक सुधारका साथै जीवनलाई अध्यात्मतर्फ लगाएर समय व्यतीत गर्नुपर्ने सन्देश पनि उनको रहेको छ । उनी भौतिक विकासका साथै अध्यात्मको महत्त्व र उनका कृतिहरूको सन्देशमा सामाजिक उन्नतिको निम्ति शुभेच्छा र प्रयासरत रहेको पाइन्छ ।

# परिशिष्ट

# परिशिष्ट-१

**क) विभिन्न व्यक्तिहरूसँग गरिएको लिखित तथा मौखिक अन्तर्वार्ताको स्रोत विवरण**

शोधकार्यको सिलसिलामा शोधार्थीबाट **कोमलदत्त तिवारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि विभिन्न व्यक्तिहरूसँग गरिएको लिखित तथा मौखिक कुराकानी तथा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको विवरण यसप्रकार रहेको छ -

१) रमादेवी तिवारी- शोधनायककी धर्मपत्नी (देवघाट-२, तनहुँ)

२) निर्मला खरेल - शोधनायककी छोरी (क्षेत्रपुर, चितवन)

३) मुना धिताल - शोधनायककी छोरी (काठमाडौं)

४) नारायणप्रसाद काफ्ले - धार्मिक पुस्तक पसल (नारायणगढ, चितवन)

५) कृष्णप्रसाद अधिकारी - छिमेकी (देवघाट-२, तनहुँ)

६) डा. प्रेमराज न्यौपाने - मित्रबन्धु, साहित्यकार (देवघाट-४, तनहुँ)

७) शिवबहादुर क्षेत्री - बसाहास्थान माध्यमिक विद्यालय, तारुका शिक्षक (सतीस्वाँरा, तनहुँ)

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) पुस्तकसूची


अधिकारी, हेमाङ्गराज, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

गिरी, रामानन्द, *भूमिका,* **अष्टाबक्रगीता**, अनु. कोमलदत्त तिवारी, ललितपुर : साझा प्रकाशन, २०६० ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

———— **आधुनिक नेपाली नाटक र फुटकर कविता,** कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विष्लेषण,** ललितपुर : साझा प्रकाशन, २०६० ।

घिमिरे, माधवप्रसाद, *लेखनाथ पौडेलद्वारा रचित बुद्धिविनोदका प्रश्नका उत्तरमा मनको निवेदन,* **मनको निवेदन,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०४९ ।

चापागाई, नरेन्द्र र अन्य (सम्पा.), **काव्य समालोचना,** विराटनगर : पूर्वाञ्चल काव्य प्रतिष्ठान, २०५२ ।

ज्ञवाली, सूर्यविक्रम (सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

ज्ञवाली, रामप्रसाद र अन्य, **ऐच्छिक नेपाली,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६ ।

तिवारी, भीमनिधि, *मन्तव्य,* **शिक्षाको महत्व,** कोमलदत्त तिवारी, काठमाडौं : गोकर्णराज उप्रेती, २०१९ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५४ ।

थापा, हिमांशु, **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन, २०४२ ।

न्यौपाने, प्रेमराज, **मनोवृत्ति दार्शनिक तथा मनोवैज्ञानिक विश्लेषण,** काठमाडौं : डिल्ली प्रविधि विकास प्रतिष्ठान, २०६६ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मिठो नेपाली** (बाह्रौं संस्करण), काठमाडौं : सहयोगी प्रेस, २०४६ ।

पोखेल, डी.आर., **यथार्थवादी समालोचनाको गोरेटोमा,** चितवन : साहित्य संगम, २०५८ ।

पोखेल, बालकृष्ण, **नेपाली बृहत शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

पोखेल भानुभक्त, **सिद्धान्त र साहित्य** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०५९ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५० ।

बराल, ईश्वर र अन्य (सम्पा.), **नेपाली साहित्य कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

बराल, कृष्णहरि र अन्य, **नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : तलेजु प्रकाशन, २०५७ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

लम्साल, रामचन्द्र र अन्य, **साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६७ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर** (दोस्रो संस्करण), काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८ ।

सरस्वती, ज्ञानानन्द, *आशीर्वचन,* **सजिलै ब्रह्मज्ञान,** कोमलदत्त तिवारी, काठमाडौं : रमादेवी तिवारी, २०५८ ।

**ख) शोधग्रन्थसूची**

घिमिरे, मीनाकुमारी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९ ।

पण्डित, अनिताकुमारी, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६७ ।

भट्ट, विमला, **साहित्यकार गोपाल अस्कको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५ ।

भट्टराई, गंगाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९ ।

**ग) पत्रपत्रिका सूची**

न्यौपाने, घनश्याम परिश्रमी, *काव्य प्रतीकको प्रयोग,* **गरिमा,** वर्ष ७, अङ्क ११, पूर्णाङ्क ८३, २०३६ कार्तिक, पृ. ७१ ।

लुइटेल, खगेन्द्रप्रसाद, *ध्वनि र आलेख,* **गरिमा,** वर्ष २४, पूर्णाङ्क १५९, २०५२ फागुन, पृ. ८ ।

शर्मा, कपिल अज्ञात, *सरस्वती रिजालको एक झुल्को घाम विश्लेषण र मूल्याङ्कन,* **वागीश्वरी,** वर्ष ८, अङ्क ५, २०५४, पृ. ८ ।